नेपाली राष्ट्रिय दैनिक
# हिमालय टाइम्स
www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times
वर्ष ३१, अंक २५४ काठमाडौं | २०८३ असोज १४ बुधबार | आश्विन कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Wednesday 30 September 2026 | पृष्ठ ८ | मूल्य रु ५।-

# शैक्षिक बोर्डको मान्यतामा प्रश्न उठ्दैमा प्रमाणपत्र नक्कली भन्न नमिल्ने सर्वोच्चको व्याख्या




**यज्ञराज पाण्डे/हिटा**
काठमाडौं, १३ असोज

शैक्षिक बोर्डको मान्यतामाथि प्रश्न उठ्दैमा परीक्षा उत्तीर्ण गरेका व्यक्तिको शैक्षिक योग्यता नक्कली ठहर गर्न नमिल्ने व्याख्या सर्वोच्च अदालतले गरेको छ। कुनै शैक्षिक बोर्डको वा संस्थाको मान्यता, वैधानिकता वा अस्तित्वमाथि पछि प्रश्न उठ्दैमा त्यहाँ अध्ययन गरी परीक्षा उत्तीर्ण गरेका व्यक्तिको शैक्षिक योग्यता स्वतः नक्कली ठहर गर्न नमिल्ने व्याख्या सर्वोच्चले गरेको हो। न्यायाधीशहरू सपना प्रधान मल्ल, शारङ्गा सुवेदी र बालकृष्ण ढकालको पूर्ण इजलासले २०८२ साल फागुन १४ गते गरेको उक्त फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो।

कुनै बोर्डको वैधानिकतामाथि पछि विवाद उठेको वा सम्बन्धित निकायको सूचीमा बोर्डको नाम नभेटिएको मात्र आधारमा त्यहाँबाट प्राप्त प्रमाणपत्रलाई नक्कली ठहर गरी फौजदारी कसुर कायम गर्न नमिल्ने व्याख्या सर्वोच्चले गरेको छ। तर, कुनै व्यक्तिले अध्ययन नै नगरी वा परीक्षा नै नदिई प्रमाणपत्र बनाएको, अथवा वास्तविक प्रमाणपत्रमा अंक, श्रेणी, जन्ममिति, नाम वा अन्य विवरण सच्याएर आफूलाई योग्य देखाएको अवस्थामा भने त्यस्तो प्रमाणपत्र नक्कली मानिने सर्वोच्चले स्पष्ट गरेको छ।

## के थियो विवाद ?

धनुषाको साबिक घोडघाँस गाउँ विकास समिति-५, हाल नगराइन नगरपालिका-५ का इन्द्रेश झा नेपाल खानेपानी संस्थानमा सहायक प्रशासन अधिकृत छैटौं तहमा कार्यरत थिए। उनले भारतको सेन्ट्रल बोर्ड अफ हाई एजुकेसन, नयाँ दिल्लीबाट सन् १९८४ मा म्याट्रिकुलेसन स्ट्याण्डर्ड एक्जामिनेसन उत्तीर्ण गरेको र बिहार इन्टरमिडियट एजुकेसन काउन्सिल, पटनाबाट सन् १९८७ मा आईएस्सी उत्तीर्ण गरेको प्रमाणपत्र पेस गरेका थिए।

उनका शैक्षिक प्रमाणपत्रको छानविन गरी आवश्यक कारबाहीका लागि नेपाल खानेपानी संस्थानले २०६१ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्र पठाएको थियो। म्याट्रिक तहको प्रमाणपत्र प्रमाणीकरणका क्रममा सेन्ट्रल बोर्ड अफ सेकेण्डरी एजुकेसन, भारतले इन्द्रेश झाको रोल नम्बरको प्रमाणपत्र आफ्नो बोर्डसँग सम्बन्धित नभएको जानकारी दिएको थियो। त्यसपछि उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमीबाट भएको पत्राचारमा सेन्ट्रल बोर्ड अफ हाई एजुकेसन, नयाँ दिल्लीलाई 'फेक बोर्ड' भनिएको र राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमीबाट पनि उक्त बोर्ड खोज्दा नभेटिएको विवरण आएको थियो। यही आधारमा अख्तियारले झाविरुद्ध नक्कली तथा झुटा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी सरकारी सेवामा प्रवेश गरेको अभियोग लगाएको थियो।

उक्त अभियोगमा विशेष अदालतले २०७४ साल जेठ

» पृष्ठ २ मा क्रमशः

## 'आपराधिक मनसाय प्रमाणित नभई बोर्डको वैधानिकतालाई आधार नमानिने'

सर्वोच्चले फौजदारी कसुरका लागि आवश्यक आपराधिक मनसाय प्रमाणित नभएको अवस्थामा केवल प्रमाणपत्र जारी गर्ने बोर्डको वैधानिकतामाथि उठेको विवादलाई आधार बनाएर दोषी ठहर गर्न नमिल्ने ठहर गरेको हो। तर, सर्वोच्चले झाको म्याट्रिक तहको प्रमाणपत्रलाई वैध शैक्षिक योग्यताको प्रमाणपत्र भने मानेको छैन।

फैसलाअनुसार उक्त प्रमाणपत्र कानुनबमोजिम मान्यता प्राप्त शैक्षिक बोर्डबाट जारी भएको प्रमाणित हुन नसकेकाले त्यसले वैध शैक्षिक योग्यता कायम गर्न नसक्ने सर्वोच्चले भनेको छ। त्यसलाई 'भ्वाइड अब इनिसियो' अर्थात् सुरुदेखि नै कानुनी मान्यता प्राप्त गर्न नसक्ने अवस्थाको प्रमाणपत्रका रूपमा व्याख्या गरिएको छ। तर, त्यही प्रशासनिक वा कानुनी अमान्यतालाई मात्रै आधार बनाएर झालाई फौजदारी कसुरमा दोषी ठहर गर्न नमिल्ने सर्वोच्चको निष्कर्ष छ। पूर्ण इजलासले यही आधारमा विशेष अदालतले २०७४ जेठ १७ गते गरेको फैसला केही उल्टी गर्दै इन्द्रेश झालाई आरोपित कसुरबाट सफाइ दिएको छ।

प्रमाणपत्र नक्कली हो वा होइन भन्ने निर्धारण गर्दा सम्बन्धित शैक्षिक संस्थाको मान्यता मात्रै नभई प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया, परीक्षा दिएको तथ्य, प्रमाणपत्र जारी गर्ने निकायको आधिकारिकता तथा प्रमाणपत्रधारी व्यक्तिको आचरण र मनसायसमेत हेर्नुपर्ने सर्वोच्चको पूर्ण इजलासको निष्कर्ष छ। त्यस्तो कसुरमा व्यक्तिले प्रमाणपत्र झुटो वा अवैध हो भन्ने जानकारी हुँदाहुँदै जानीजानी प्रयोग गरेको आपराधिक मनसाय पनि प्रमाणित हुनुपर्ने फैसलामा उल्लेख छ।

'हाटा'पछि संसद्मा नयाँ प्रवृत्ति

# नाम टिपाएर सांसद 'टाप' !

**डिबी शर्मा/हिटा**
काठमाडौं, १३ असोज

हाजिर लगाएर भत्ता सुनिश्चित गर्ने र बैठकबाट बाहिरिने दृश्य संसद्मा नयाँ होइन। सांसदहरू सकभर बैठकमै सहभागी नहुने, भइहाले पनि हाजिर गरेर चाँडै निस्कने प्रवृत्ति पुरानै हो। गत भदौको युवा आन्दोलनपछि चुनिएर आएका युवा र नयाँ सांसदहरूको पारा पनि उस्तै छ। संसद्मा महत्त्वपूर्ण विषयमा छलफल हुने कार्यसूची भए पनि सांसदहरू बैठकमै नआउने, आए पनि हाजिर गरेर टाप कस्ने (हाटा) प्रवृत्ति प्रतिनिधिसभा बैठकमा पनि देखिएको छ। पछिल्लो समय संसद्मा अझै नयाँ प्रवृत्ति देखिएको छ। सांसदहरू बोल्न नाम टिपाएर बोल्ने समयमा चाहिँ बेपत्ता हुने गरेका हुन्।

मंगलबारको प्रतिनिधिसभा बैठकमा पनि यस्तै दृश्य देखियो। बैठकको शून्य समयमा सभामुख डोलप्रसाद अर्यालले जगदीश खरेल (दोलखा)लाई बोलाउनुभयो। तर, उहाँ उपस्थित हुनुहुन्थेन। सभामुखले तीन पटकसम्म नाम बोलाउँदा पनि नदेखेपछि अगाडि बढ्नुभयो। केही सांसदले बोलिसकेपछि धर्मराज केसीको पालो आयो। सभामुख अर्यालले नाम बोलाउनुभयो। फेरि उही प्रवृत्ति दोहोरियो। उहाँ सभामा उपस्थित हुनुहुन्थेन। तीन पटक बोलाउँदा पनि नदेखेपछि उहाँ अगाडि बढ्नुभयो। सांसदहरू बोल्दै जाँदा सभामुखले फेरि अर्का सांसदको नाम बोलाउनुभयो। त्यसक्रममा अर्का सांसद पुकार बमको पालो आयो। सभामुखले तीन पटक नाम बोलाउनुभयो। तर, उहाँ सभाकक्षमा भेटिनुभएन। मंगलबारको प्रतिनिधिसभामा शून्य समयमा बोल्ने भनेर नाम टिपाएर सभाकक्षमा अनुपस्थित रहने सांसद खरेल, केसी र बम तीनैजना सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)कै सांसद हुन्।

संसद्मा सभामुखले सांसदलाई बोल्न दिँदा तीन पटकसम्म बोलाउने अभ्यास छ।

» पृष्ठ २ मा क्रमशः


प्रतिनिधिसभा बैठक जारी रहँदा देखिएका खाली कुर्सी।

## अध्यादेशले निष्क्रिय गरेका व्यवस्था जगाउन विधेयक ल्याइएको हो : मन्त्री गौतम



सरकारले एकैपटक ८५ वटा ऐन संशोधन गर्ने विधेयकका सन्दर्भमा उठेका प्रश्नको जवाफ दिएको छ। प्रतिनिधिसभामा सांसदहरूले विगतमा अध्यादेश ल्याएर किन प्रचलित ऐन संशोधन गरियो र किन अहिले साबिककै रूपमा जगाउने भनेर विधेयक ल्याइएको ? भनेर प्रश्न गरेका थिए। जवाफमा सरकारले अध्यादेशले निष्क्रिय गरेका व्यवस्था जगाउन आवश्यक भएकाले विधेयक ल्याइएको बताएको हो। सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३ साल वैशाख १९ गते जारी भएको थियो। यसले ११० वटा प्रचलित ऐनमा संशोधन गरेको थियो र त्यसमार्फत एक हजार ५३४ जना सार्वजनिक पदाधिकारी पदमुक्त भएका थिए।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई

» पृष्ठ २ मा क्रमशः

## विपत्सम्बन्धी संसदीय विशेष समितिको सभापतिमा पराजुली निश्चित

जलवायु परिवर्तन तथा भोटेकोशी-त्रिशूली विपत्सम्बन्धी संसदीय विशेष समितिको सभापतिमा रास्वपा संसदीय दलका नेता गणेश पराजुलीको एकल उम्मेदवारी परेको छ। योसँगै उहाँ विशेष समितिको सभापति बन्ने पक्का भएको हो। संसदीय विशेष समिति सभापतिको लागि आज (बुधबार) दिउँसो २ बजे निर्वाचन हुँदै छ। उहाँलाई प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै दलका सांसदले समर्थन गरेका छन्। प्रस्तावकमा नेपाली कांग्रेसका मोहन आचार्य हुनुहुन्छ भने समर्थकमा नेकपा एमालेका पुष्पराज कँडेल, नेकपाका रमेशकुमार मल्ल, श्रम संस्कृति पार्टीका ध्रुवराज राई,

» पृष्ठ २ मा क्रमशः

हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी

# दुई दिन पछि सऱ्यो कांग्रेसको १५औं महाधिवेशन

## असोज १८ गते खुलामञ्चमा उद्घाटन

**अनिल क्षेत्री/हिटा**
काठमाडौं, १३ असोज

नेपाली कांग्रेसले आफ्नो १५औं महाधिवेशन दुई दिन पर सारेको छ। कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले मंगलबार विज्ञप्ति जारी गरेर देशका विभिन्न स्थानमा अविरल वर्षाका कारण सिर्जना भएको प्रतिकूल परिस्थितिका कारण महाधिवेशन दुई दिन पर सारिएको जानकारी दिनुभएको हो। यसअघि असोज १६ गतेबाट सुरु गर्ने भनिएको कांग्रेस महाधिवेशन अब असोज १८ गते दिउँसो २ बजे काठमाडौंको खुलामञ्चमा हुने भएको छ।

» पृष्ठ २ मा क्रमशः




## उद्घाटनदेखि निर्वाचनसम्मको कार्यतालिका तय

करिब सात हजार महाधिवेशन प्रतिनिधि सहभागी हुने नेपाली कांग्रेसको १५औं महाधिवेशन १८ असोजमा काठमाडौंको खुलामञ्चमा उद्घाटन हुँदै छ। काठमाडौं आउने महाधिवेशन प्रतिनिधिहरूको नाम दर्ता १६ असोजदेखि सुरु हुनेछ। १९ र २० असोजमा बन्दसत्र तथा २१ र २२ असोजमा निर्वाचन गर्नेगरी

» पृष्ठ २ मा क्रमशः

## उम्मेदवारी घोषणा सुरु

पार्टीको महाधिवेशन नजिकिएसँगै नेताहरूले उम्मेदवारी घोषणा गर्न सुरु गरेका छन्। नेता आङ्गेलु शेर्पाले पार्टीको महामन्त्री पदमा उम्मेद्वारी घोषणा गर्नुभएको छ। असोज १८ गतेदेखि सुरु हुने १५औं महाधिवेशनमा उहाँले महामन्त्री पदमा उम्मेदवारी दिने जानकारी दिनुभएको हो। सोलुखुम्बुका शेर्पा हाल केन्द्रीय कार्यसम्पादन समिति सदस्य रहनुभएको छ। सकेसम्म सर्वसहमतिमै कार्यसमिति चयन गरिने जानकारी दिँदै उहाँले भन्नुभयो, 'नेपाली कांग्रेसको कार्यकारिणी अधिकार सभापति र महामन्त्रीमा हुन्छ, त्यसकारण पार्टी नीति निर्माण तहमा महामन्त्रीहरूको प्रमुख भूमिका रहन्छ। नेतृत्व तहमा गएर भूमिका खेल्न चाहेकोले महामन्त्रीको उम्मेदवार हुन लागेको हुँ।' केन्द्रीय सदस्य प्रतिमा गौतमले पनि १५औं महाधिवेशनमा सहमहामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ। कांग्रेसमा संशोधित विधानअनुसार ११ जना सहमहामन्त्री रहने व्यवस्था छ। जसमा आठजना निर्वाचनबाट र बाँकी सभापतिबाट मनोनीत हुने व्यवस्था छ।

- महाधिवेशन प्रतिनिधि राख्न काठमाडौंमा होटल बुक
- प्रदेशसभाका तीन सांसद महाधिवेशन प्रतिनिधिमा पराजित
- ४४ हजार युवाले पाए जिम्मेवारी

## दीपक मनाङे नेपाली कांग्रेसको देउवा समूहमा प्रवेश

गण्डकी प्रदेशका पूर्वसांसद तथा पूर्वमन्त्री दीपक मनाङे (राजीव गुरुङ) नेपाली कांग्रेसको शेरबहादुर देउवा समूहमा प्रवेश गर्नुभएको छ। कांग्रेसका निवर्तमान सभापति देउवा समूहद्वारा गठित महाधिवेशन आयोजक समितिका संयोजक एवं पार्टीका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले मंगलबार गुरुङलाई पार्टीमा प्रवेश गराउनुभएको हो। पार्टी प्रवेशसँगै देउवा समूहले मनाङेलाई महाधिवेशनका लागि मनाङ जिल्लाको महाधिवेशन आयोजक समितिको संयोजकसमेत तोकेको छ।

# पूर्व-प्रधानन्यायाधीशलाई पक्राउ होइन 'रेस्क्यु'

- एसएसपी खड्कासँग मानव अधिकार आयोगको बयान
- मानव अधिकारकर्मीको विरोध

**कृष्ण भुसाल/हिटा**
काठमाडौं, १३ असोज

शिक्षा तथा खेलकुदमन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई पक्राउ नगरिएको बताउनुभएको छ। सुरक्षामा थ्रेट आएपछि निवासबाट रेस्क्यु गरिएको उहाँको दाबी छ। मंगलबार मन्त्रिपरिषद् बैठकपछि पत्रकारसँग बोल्दै पोखरेलले यस्तो बताउनुभएको हो। 'पक्राउ गरिएको होइन। सुरक्षामा प्रश्न आइसकेपछि रेस्क्यु गरेर लगिएको हो।


मंगलबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेल।

उहाँले थप सुरक्षा माग गरेर निवेदन पनि पठाउनुभएको छ। यसले पनि थ्रेट आएको पुष्टि गर्छ', उहाँले भन्नुभयो। 'जेन-जी'बाट थ्रेट आएको भन्ने दाबी भने उहाँले अस्वीकार गर्नुभयो।

'जेन-जी'बाट थ्रेट आएको कुरा सरकारले नभनेको र मिडियामा मात्र आएको उहाँको भनाइ थियो। 'जेन-जीबाट भनिएको छैन। मिडियामा आएको हो। अपरिचित समूहबाट टेक्स्टमार्फत नै थ्रेट आएको हो। प्रहरीले अनुसन्धान गरिरहेको छ', उहाँले भन्नुभयो।

पूर्वप्रधानन्यायाधीश राणा प्रहरीको नियन्त्रणमा रहेका बेला अवस्था बुझ्न नदिएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगले आपत्ति जनाएको थियो। संसद् बैठकमा समेत सरकार र प्रहरीको चर्को आलोचना भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)कै नेताहरूले चोलेन्द्रलाई पक्राउ गरेर छोरी कुटेर बुहारी तर्साएको दाबी गरिरहेका छन्। पार्टीका शीर्ष नेता अमरेशकुमार सिंह र नेत्री रञ्जु दर्शनाले पनि यसको विरोध सार्वजनिक रूपमै गरिसक्नु

» पृष्ठ २ मा क्रमशः

## दुई करोड सात लाख डलर बराबरको अमेरिकी सहायता स्वीकृत

सरकारले स्वास्थ्य क्षेत्रको सुधारका लागि अमेरिकी सरकारबाट प्राप्त हुने २०.७ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गर्दै सरकारका प्रवक्ता पोखरेलले अर्थ मन्त्रालयको प्रस्तावमा उक्त वैदेशिक अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको जानकारी दिनुभएको हो।

बैठकले पूर्वाधार विकास तथा राष्ट्रिय सुरक्षासँग सम्बन्धित संरचना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न दिने

» पृष्ठ २ मा क्रमशः

www.ehimalayatimes.com हिटा हिमालय टाइम्स सत्यको खुराक, तथ्यको पहुँच
CMYK

# शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा ४०औँ कलेजो प्रत्यारोपण सफल

बाबुराम दाहाल/हिटा

भक्तपुर, १३ असोज

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरले कलेजो प्रत्यारोपणमा अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। केन्द्रमा ४०औँ कलेजो प्रत्यारोपण सफलतापूर्वक सम्पन्न भएको छ। केन्द्रमा २०८३ भदौ ३० गते कलेजो प्रत्यारोपण गरिएका धनुषाका ५७ वर्षीय भरोषी ठाकुरलाई प्रत्यारोपणको ११औँ दिन अर्थात् २०८३ असोज १० गते सकुशल डिस्चार्ज गरिएको केन्द्रले जनाएको छ। उहाँका २७ वर्षीय छोरा ऋतिक ठाकुरले बुबालाई आफ्नो आधा कलेजो दान गर्नुभएको थियो। कलेजो दाता ऋतिकलाई भने प्रत्यारोपणको सातौँ दिनमै २०८३ असोज ७ गते डिस्चार्ज गरिएको थियो।

कलेजो प्रत्यारोपण शल्यचिकित्सक डा. रामबाबु साहको नेतृत्वमा प्रत्यारोपण सम्पन्न भएको हो। प्रत्यारोपणमा शल्यचिकित्सा, एनेस्थेसिया तथा क्रिटिकल केयर, रेडियोलोजी, कार्डियोलोजी, प्याथोलोजी, ग्यास्ट्रोइन्टरोलोजी, पल्मोनोलोजी, नर्सिङ, ओटी व्यवस्थापन, फार्मेसी, डाइटिसियन तथा फिजियोथेरापी लगायतका विभिन्न विभागका चिकित्सक तथा स्वास्थ्यकर्मीको टोली सहभागी भएको केन्द्रले जनाएको छ।



एनेस्थेसिया तथा क्रिटिकल केयरतर्फ विभागीय प्रमुख डा. आरती राईसहित डा. निभा श्रेष्ठ, डा. शोभित थापा, रेखा श्रेष्ठ लगायतको टोली सहभागी थियो। रेडियोलोजीतर्फ विभागीय प्रमुख डा. कृष्ण बुढाथोकीसहित डा. जस्मिन जोशी, डा. हितेश रायमाझी, डा. जि एलीन र इन्दु मिमिरे सहभागी हुनुभएको थियो।

त्यस्तै, कार्डियोलोजी विभागका प्रमुख डा. प्रवेश न्यौपाने र डा. सचिन लामिछाने, प्याथोलोजी विभागका प्रमुख डा. सबिना श्रेष्ठ, डा. सुस्मिता मिमिरे तथा ल्याब इन्चार्ज विन्दिरा जोशीसहितको टोली प्रत्यारोपणमा संलग्न थियो।

ग्यास्ट्रोइन्टरोलोजी विभागका प्रमुख डा. कर्णराजवंशी र डा. शेखर पौड्याल तथा पल्मोनोलोजीतर्फ डा. राजेशकिशोर यादव सहभागी हुनुभएको थियो।

निमित्त नर्सिङ निर्देशक सनिषा कार्कीको नेतृत्वमा विभिन्न नर्सिङ टोलीले प्रत्यारोपण तथा उपचार व्यवस्थापनमा भूमिका निर्वाह गरेको केन्द्रले जनाएको छ। ओटी व्यवस्थापनको जिम्मेवारी अमर महर्जन, रामचन्द्र पौडेल, युनिशा खाइतु र गणेशराम कोजुलगायतको टोलीले सम्हालेको थियो। डाइटिसियन वर्षा भट्टराई र फिजियोथेरापिस्ट शोनी शिख्वालको पनि प्रत्यक्ष संलग्नता रहेको थियो। फार्मेसीतर्फ सजन खाइतु र दीपा केसीको टोलीले सहयोग गरेको थियो।

प्रत्यारोपणको व्यवस्थापकीय जिम्मेवारी प्रशासन शाखाले सम्हालेको थियो। डा. निरु शर्मा, डा. बृजेश यादव, तारा साँध, सरु कोजु, चाहाना बोगटी र पूजा खड्का लगायतले प्रत्यारोपणको समन्वय गर्नुभएको थियो।

केन्द्रका कार्यकारी निर्देशक डा. कल्पना कुमारी श्रेष्ठले सीमित स्रोतसाधन र भौतिक पूर्वाधारका बाबजुद केन्द्रले जटिल प्रत्यारोपण सेवा निरन्तर विस्तार गर्दै आएको बताउनुभयो। उहाँका अनुसार केन्द्र स्थापनाको १४ वर्षको अवधिमा एक हजार ६९० जनाको मृगौला र ४० जनाको कलेजो प्रत्यारोपण सम्पन्न भइसकेको छ। 'सीमित स्रोतसाधनका बाबजुद पनि केन्द्रले देशमा हुने कुल प्रत्यारोपण सेवामध्ये दुई तिहाइभन्दा बढी सेवा प्रदान गर्दै आएको छ', उहाँले भन्नुभयो।

सीमित स्रोतसाधन र भौतिक स्थानका बाबजुद केन्द्रले मुलुकमा हुने कुल प्रत्यारोपणमध्ये दुई तिहाइभन्दा बढी प्रत्यारोपण सेवा प्रदान गर्दै आएको केन्द्रले जनाएको छ। ४०औँ कलेजो प्रत्यारोपणको सफलतासँगै केन्द्रले नेपालमा कलेजो प्रत्यारोपण सेवाको विस्तार र विशेषज्ञ स्वास्थ्य सेवामा आफ्नो भूमिकालाई निरन्तरता दिएको जनाएको छ।

# गर्भवतीलाई 'पोसिलो नाङ्लो', सुत्केरीलाई खाद्य सामग्रीको कोसेली

चन्द्रकान्त खनाल/हिटा

बुटवल, १३ असोज

गुल्मीको गुल्मीदरबार गाउँपालिकाका स्वास्थ्य आमा समूहले स्वास्थ्य सचेतनासँगै समुदायमा पोषण सुधारका लागि उदाहरणीय अभियान सञ्चालन गरेका छन्। गाउँपालिकाको वडा नं. ३ मा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका विष्णुमाया खासुको मातहतमा क्रियाशील देविस्थान स्वास्थ्य आमा समूहले आफ्नो कार्यक्षेत्रका गर्भवती र सुत्केरी महिलालाई पोषणयुक्त खाद्य सामग्री उपहार दिने अभियानलाई निरन्तरता दिएको हो।

केही वर्षदेखि सञ्चालन हुँदै आएको अभियानअन्तर्गत समूहले गर्भवती महिलालाई अन्न तथा कन्दमूल, गेडागुडी, हरियो सागपात, फलफूल र पशुजन्य आहारसहितको 'पोसिलो नाङ्लो' घरमै पुगेर प्रदान गर्दै आएको छ। गर्भवतीलाई आवश्यक पोषणका विषयमा जानकारी गराउँदै त्यस्ता खाद्य सामग्रीसमेत उपलब्ध गराउने गरिएको समूहले जनाएको छ।

त्यस्तै, महिला सुत्केरी भएपछि शरीरलाई आवश्यक ऊर्जा तथा स्वास्थ्य रक्षाका लागि एक क्यारेट अण्डा, खाने तेल, चामल, ज्वानो लगायतका खाद्य सामग्री कोसेलीका रूपमा प्रदान गर्ने गरिएको छ।

गुल्मीदरबार गाउँपालिकाका स्वास्थ्य अधिकृत नारायणप्रसाद अर्यालका अनुसार आमा समूहको यस्तो सक्रियताले ग्रामीण क्षेत्रमा 'सुनौलो एक हजार दिन' अवधिका आमा तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन सहयोग पुगेको छ। यस अभियानले समुदायमा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्नसमेत महत्त्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो।



गुल्मीदरबार गाउँपालिकामा हाल ८३ वटा स्वास्थ्य आमा समूह क्रियाशील छन्। अधिकांश समूहले स्वास्थ्य सचेतनाका अतिरिक्त विभिन्न सामाजिक तथा परोपकारी गतिविधिसमेत सञ्चालन गर्दै आएका छन्।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट भएको प्राकृतिक विपत्तिका समयमा समेत यहाँका धेरै स्वास्थ्य आमा समूहले प्रभावित क्षेत्रका लागि स्वतःस्फूर्त आर्थिक सहयोग जुटाएका थिए।

गाउँपालिकाभित्रका सबै स्वास्थ्य आमा समूहको मासिक बैठक प्रत्येक महिनाको १५ देखि २४ गतेसम्म सञ्चालन हुने गरेको छ। बैठकमा स्वास्थ्य सचेतनाका विभिन्न विषयमा छलफलसँगै घरपरिवार र समुदायमा स्वास्थ्यअनुकूल सामाजिक व्यवहार परिवर्तनका लागि आवश्यक गतिविधि अघि बढाउने गरिएको छ।

यस्ता गतिविधिका कारण गाउँपालिका क्षेत्रभित्र विभिन्न सरुवा रोग न्यूनीकरणमा समेत सहयोग पुगेको स्वास्थ्य अधिकृत अर्यालले बताउनुभयो। स्वास्थ्य आमा समूहले स्थानीय स्रोत, साधन र जनसहभागितामार्फत अघि बढाएको यस्तो व्यावहारिक अभियान ग्रामीण स्वास्थ्य र पोषण सुधारको प्रभावकारी उदाहरण बनेको छ।

## पूर्व-प्रधानन्यायाधीशलाई...

« पृष्ठ १ बाट क्रमशः

भएको छ तर रास्वपाका अरू सांसदहरू भने मौन छन्।

प्रहरीले गत शनिबार मध्यरातमा जबरालाई महाराजगञ्जस्थित निवासबाटै उठाएर काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय लगेको थियो। करिब १२ घण्टा नियन्त्रणमा लिएर जबरालाई परिवारको जिम्मा लगाइएको थियो। जबरालाई परिवारको जिम्मा लगाइसकेपछि मात्रै थप सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाइदिनु भन्ने आशयको पत्र सार्वजनिक भएको थियो।

### एसएसपी खड्कासँग मानव अधिकार आयोगको बयान

राष्ट्रिय मानव अधिकार आयोगले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई भेट गर्न नदिएका उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्कासँग बयान लिएको छ। मंगलबार खड्कालाई आयोगको कार्यालयमा बोलाएर बयान लिएको हो। खड्का मंगलबार बिहान करिब साढे ११ बजे आयोगको कार्यालय पुग्नुभएको थियो। उहाँलाई सोमबार मात्र आयोगले बयानका लागि पत्र काटेको थियो।

खड्काले गैरकानुनी रूपमा पक्राउ परेका पूर्वप्रधानन्यायाधीश राणासँग आयोगकको टोलीलाई आइतबार भेट गर्न दिनुभएको थिएन। एक घण्टा अपराध अनुसन्धानको कार्यालय टेकुमा आयोगको टोली बसेर त्यसै फर्किएको थियो। आयोगको टोलीलाई समेत भेट गर्न नदिएपछि सरकारको आलोचना भएको थियो। आयोगले समेत भेट गर्न नदिएको विषयमा गम्भीर आपत्ति प्रकट गर्दै खड्कालाई बयानका लागि कार्यालयमा बोलाएको हो।

### मानव अधिकारकर्मीको विरोध

मानव अधिकारकर्मीहरूले पूर्वप्रधान्यायाधीश चोलेन्द्र शमशेर जबरालाई स्वेच्छाचारी रूपमा पक्राउ गरिएको भन्दै विरोध गरेका छन्। उनीहरूले एक विज्ञप्ति जारी गरी 'सुरक्षा थ्रेट'का नाममा जबरालाई पक्राउ गर्नु गलत हुने बताएका हुन्। जबरा पक्राउ परेपछि अनुगमनका लागि गएको मानव अधिकार आयोगको टोलीलाई समेत प्रहरीले रोकेको भन्दै उनीहरूले त्यसलाई गैरजिम्मेवारपूर्ण भनेका छन्।

उनीहरूले सरकारलाई मानव अधिकारको पालना गर्न र मानव अधिकार आयोगलाई समेत संवैधानिक र कानुनी दायित्व निर्वाह गर्न आग्रह गरेका छन्। विज्ञप्ति जारी गर्नेमा सुशील प्याकुरेल, शोभाकर बुढाथोकी, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायत १४ जना छन्।

## दुई करोड...

« पृष्ठ १ बाट क्रमशः

स्वीकृति प्रदान गरेको छ। जसअन्तर्गत पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको कमला-ढल्केबर-पथलैया सडक खण्ड, गर्जाङ खोला साना जलविद्युत् आयोजना, बलेफी खोला जलविद्युत् आयोजना तथा सशस्त्र प्रहरी बल नेपाललाई तालिम शिक्षालय, गुल्म र सीमा सुरक्षा पोस्ट (बिओपी) निर्माण गर्न राष्ट्रिय वन क्षेत्रको जग्गा उपयोग गर्न दिइने भएको छ।

यसैगरी, कानुन निर्माण प्रक्रियालाई अगाडि बढाउँदै बैठकले विभिन्न तीनवटा महत्त्वपूर्ण विधेयकहरू संघीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरेको छ। मन्त्री पोखरेलका अनुसार संघीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, पशु वधशाला र मासु जाँच ऐन २०५५ लाई संशोधन गर्न बनेको विधेयक तथा अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्मा पेस गर्न स्वीकृति दिइएको हो।

मन्त्रिपरिषद् बैठकले निजामती प्रशासनका दुई सहसचिवलाई राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) पदमा बढुवा गरी पदस्थापनसमेत गरेको छ। नेपाल प्रशासन सेवा समूहीकरणतर्फका सहसचिव आवास श्रेष्ठ कर्णलाई बढुवा गरी गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिव पदमा पदस्थापन गरिएको छ भने नेपाल इञ्जिनियरिङ सेवा समूहीकरणतर्फका डा. जगदीश्वर कर्माचार्यलाई सचिवमा बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव पदमा पदस्थापन गरिएको छ।

निर्णयहरू सार्वजनिक गरेपछि पत्रकारहरूसँग कुराकानी गर्दै प्रवक्ता पोखरेलले खेलकुद क्षेत्रका विषयमा बोल्दै उहाँले लामो समयदेखि घरेलु लिग नहुँदा खेलाडीहरू मारमा परेकाले सरकार घरेलु लिग सञ्चालन गर्ने तयारीमा रहेको र खेल क्षेत्रको जग बलियो बनाउन देशभरका २७ ठाउँमा खेल पूर्वाधार निर्माणको कार्य अघि बढाइएको जानकारीसमेत दिनुभयो।

यस्तै, सरकारका प्रवक्ता मन्त्री पोखरेलले सहकारी ठगी प्रकरणमा मुछिएका जिबी राईबारे प्रहरीले अनुसन्धान गरिरहेको बताउनुभएको छ। मंगलबार मन्त्रिपरिषद्को बैठकपछि सञ्चारकर्मीले जिबी राईबारे गरेको प्रश्नमा उहाँले यस्तो जवाफ दिनुभएको हो। 'उहाँ जुन ठाउँमा हुनुहुन्छ त्यो ठाउँ थाहा भएन तर प्रहरीले उहाँको बारेमा अनुसन्धान गरेकै छ', मन्त्री पोखरेलको भनाइ थियो।

## तपाईंको आज

**आज वि.सं २०८३ असोज १४ गते, बुधबार, ई.स. २०२६ सेप्टेम्बर ३०, तिथि- आश्विन कृष्णपक्ष चतुर्थी, १६:४४ बजेपछि पञ्चमी, नक्षत्र- भरणी, १०:१७ बजेपछि कृत्तिका, योग- हर्षण, ०६:४७ बजेपछि वज्र, २८:०२ बजेउप्रान्त सिद्धि, करण- कौलव, ०३:४२ बजेपछि वालव, १६:४४ बजेउप्रान्त गर, चन्द्रराशि- मेष, सूर्योदय- ०५:५६, सूर्यास्त- १७:५० ।**

**मेष**: आत्मबल र क्रियाशीलता बढ्नुका साथै निर्णय क्षमता सबल हुनेछ। व्यक्तिगत विषयमा स्वतन्त्र विचार कायम हुनेछ। व्यवसाय वा कार्यक्षेत्रमा नयाँ योजनाको थालनीका लागि अनुकूल समय हो।

**वृष**: व्यक्तित्वमा निखार आउनेछ, आत्मविश्वास बढ्नेछ। पारिवारिक क्षेत्रमा ध्यान केन्द्रित हुनेछ। व्यक्तिगत आकर्षण र वाणीको माधुर्यले सामाजिक र पारिवारिक सम्बन्ध सुदृढ बन्नेछन्। स्वास्थ्य सामान्य रहनेछ।

**मिथुन**: खर्च, थकान र भ्रमजन्य स्थिति आउन सक्छ। यात्राको सम्भावना देखिए पनि मन स्थिर राख्नुपर्छ। निर्णयमा धैर्य आवश्यक हुनेछ। गहिरो चिन्तन, ध्यान वा अध्यात्मिक अभ्यासबाट लाभ पाइने दिन हो।

**कर्कट**: आय, मान-सम्मान र शुभकार्यको सम्भावना बलियो देखिन्छ। मित्र र शुभचिन्तकको साथ पाइनेछ। पुराना योजना सफल बन्नेछन्। इच्छाहरू पूरा हुने दिन हो, तर वाणीमा संयमता आवश्यक हुनेछ।

**सिंह**: कार्यक्षेत्रमा प्रतिष्ठा, सम्मान र उत्तरदायित्व बढ्नेछ। नयाँ जिम्मेवारी प्राप्त हुनसक्छ। कामप्रतिको लगाव र परिणामदायी कार्यशैलीले वरिष्ठ व्यक्तित्वको मन जित्न सकिने दिन हो।

**कन्या**: आज भाग्यबल सक्रिय हुने देखिन्छ। उच्च शिक्षा, गुरुजनको आशीर्वाद वा यात्राको अवसर मिल्न सक्छ। आजको दिनमा लिएको एउटा सानो प्रयासले पनि ठूलो परिणाम दिनसक्छ।

**तुला**: अप्रत्याशित घटनाहरूको सम्भावना देखिन्छ। गोप्य विषयमा सावधानी आवश्यक हुनेछ। स्वास्थ्यमा सानो असहजता, विशेषगरी पेट वा स्त्रीरोगसम्बन्धी विषयमा सतर्कता अपनाउनु श्रेयस्कर हुनेछ।

**वृश्चिक**: दाम्पत्य जीवन र साझेदारी विषयमा संवेदनशीलता बढ्नेछ। सहकार्यमा केही मतभेद देखिन सक्छन्, तर संवादद्वारा समाधान सम्भव छ। वैवाहिक जीवनमा समझदारी र धैर्य आवश्यक रहनेछ।

**धनु**: शारीरिक परिश्रम बढ्ने छ। कार्यक्षेत्रमा प्रतिस्पर्धा र दायित्वले दबाब दिन सक्छ, तर विजय सम्भव छ। स्वास्थ्यमा साना समस्याहरू देखिन सक्छन्। ऋण तिर्न वा ऋण पाउन अनुकूल समय हो।

**मकर**: सन्तानप्रति चासो, प्रेमसम्बन्ध र सिर्जनात्मक कार्यमा सफलता देखिन्छ। विद्यार्थीहरूका लागि राम्रो समय हो। प्रेम प्रस्ताव सफल हुन सक्छ। भावनामा स्थिरता ल्याउँदा दिन अझै राम्रो बन्न सक्छ।

**कुम्भ**: पारिवारिक वा मानसिक असन्तुलन देखिन सक्छ। घरको वातावरणमा संवेदनशीलता आवश्यक हुनेछ। मातापिताको स्वास्थ्यप्रति विशेष ध्यान दिनुहोस्। स्थिर सम्पत्ति वा घरसम्बन्धी निर्णय स्थगित गर्नु उचित होला।

**मीन**: आत्मबल, साहस र अभिव्यक्तिको सुधार हुनेछ। दाजुभाइसँग सम्बन्धमा सकारात्मकता आउनेछ। छोटो यात्राबाट लाभ मिल्ने संकेत छ। सञ्चार, लेखन वा प्रस्तुतीकरण कार्यमा सफलता प्राप्त हुनेछ।



ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

## दुई दिन पछि...

« पृष्ठ १ बाट क्रमशः

कार्यवाहक मुख्यसचिव दुलालद्वारा हस्ताक्षरित विज्ञप्तिमा लेखिएको छ, 'नेपाली कांग्रेस १५औँ महाधिवेशनअन्तर्गत वडा, गाउँपालिका र नगरपालिका अधिवेशन सम्पन्न भई प्रदेशसभा क्षेत्रीय अधिवेशन र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न भइरहेका छन्। यसैबीचमा देशमा विभिन्न स्थानमा भारी वर्षाका कारण उत्पन्न असहज परिस्थितिले गर्दा केही निर्वाचन क्षेत्रहरूमा क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया जारी रहेको जानकारी निर्वाचन समिति र पार्टीका तहगत कार्यसमितिबाट प्राप्त भएको छ। यस परिस्थितिलाई मध्येनजर गरी १५औँ महाधिवेशन उद्घाटन समारोह २०८३ असोज १८ गते २ बजे खुलामञ्चमा हुने जानकारी गराइन्छ।'

विज्ञप्तिमा देशका विभिन्न स्थानमा जारी अविरल वर्षाका कारण सिर्जना भएको प्रतिकूल परिस्थितिका कारण केही निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया जारी रहेको जानकारी निर्वाचन समिति तथा पार्टीका तहगत कार्यसमितिहरूबाट प्राप्त भएको उल्लेख छ। महाधिवेशनअन्तर्गत वडा, गाउँपालिका र नगरपालिका अधिवेशन सम्पन्न भइसकेका छन् भने प्रदेशसभा क्षेत्रीय अधिवेशन तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनको प्रक्रिया जारी छ।

## उद्घाटनदेखि निर्वाचनसम्मको...

« पृष्ठ १ बाट क्रमशः

महाधिवेशनको नयाँ कार्यतालिका अघि बढाइने भएको छ। यसअघि १६ असोजबाट महाधिवेशन सुरु गर्ने तयारी भए पनि दुई दिन सारिएको हो। महाधिवेशनको उद्घाटन र बन्दसत्र दुवै खुलामञ्चमै गर्ने तयारी छ। करिब सात हजार प्रतिनिधि सहभागी हुने भएकाले खुलामञ्चमा कम्तीमा तीनवटा 'बक्स' बनाइनेछ। एउटा बक्समा करिब तीन हजार प्रतिनिधि अट्ने गरी संरचना तयार गरिनेछ। केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालका अनुसार १९ र २० असोजमा हुने बन्दसत्रमा सात प्रदेशका छुट्टाछुट्टै समूह बनाएर विभिन्न प्रस्ताव तथा दस्तावेजमाथि छलफल गराउने तयारी छ।

दुई दिनको बन्दसत्रमा राजनीतिक, सांगठनिक, समसामयिक तथा नीतिगत विषयका प्रस्तावमाथि प्रदेशगत समूहमा छलफल हुनेछ। बन्दसत्रपछि २१ र २२ असोजमा निर्वाचन गर्ने कार्यक्रम छ। त्यसका लागि पदाधिकारी तथा केन्द्रीय सदस्यका उम्मेदवारको उम्मेदवारी दर्ता, मतदान र मतगणनासहित निर्वाचन प्रक्रिया अघि बढाइनेछ।

### महाधिवेशन प्रतिनिधि राख्न काठमाडौंमा होटल बुक

कांग्रेसले विशेष महाधिवेशनका बेला गरिएको व्यवस्थालाई आधार मानेर १५औँ महाधिवेशनका प्रतिनिधिहरूका लागि आवासको व्यवस्था मिलाउने भएको छ। महाधिवेशनका लागि गठन गरिएको आवास व्यवस्थापन समितिले विशेष महाधिवेशनका बेला गरिएको व्यवस्थालाई आधार मानेर प्रतिनिधिहरूका लागि आवासको व्यवस्था मिलाउने भएको हो। समितिका सदस्य लेखनाथ पोखेलले महाधिवेशन प्रतिनिधिहरूका लागि काठमाडौंका सुन्धारा, ठमेल, बागबजार, सिनामंगल, गौशाला लगायतका क्षेत्रका होटल बुक गरिने जानकारी दिनुभएको छ। आवश्यकताअनुसार कलंकी र गंगबु क्षेत्रका होटल पनि बुक गरिने बताइएको छ। समितिमा रहेका सदस्यहरू अधिवेशनका लागि गृहजिल्लामा भएका कारण होटलहरू बुक भने भइसकेको छैन। केन्द्रीय सदस्य रमेशप्रसाद धमलाको संयोजकत्वमा आवास व्यवस्थापन समिति गठन गरेको छ।

### प्रदेशसभाका तीन सांसद महाधिवेशन प्रतिनिधिमा पराजित

नेपाली कांग्रेस बाँके-२ मा भएको महाधिवेशन प्रतिनिधिको चुनावमा तीन प्रदेश सांसद पराजित भएका छन्। सोमबार भएको निर्वाचनमा मीना सिद्धिकी, माया पुनमगर र सुशीला वादी प्रतिनिधिमा पराजित भएका हुन्। यस्तै, पूर्वप्रदेश सांसद याकुव अन्सारी पनि महाधिवेशन प्रतिनिधिमा पराजित हुनुभएको छ। पराजित हुने सबै समानुपातिकबाट प्रदेश सांसद भएकाहरू हुन्। नेपालगञ्ज उपमहानगरका मेयर प्रशान्त विष्ट र पूर्वउपमेयर उमा थापामगर प्रतिनिधिमा चयन भए। कांग्रेसका सभापति गगनकुमार थापा काठमाडौं क्षेत्र नम्बर ४ बाट सर्वसम्मत महाधिवेशन प्रतिनिधि चयन हुनुभएको छ। उपसभापति विश्वप्रकाश शर्मा झापा-१ मा मतदानमार्फत निर्वाचित हुनुभएको छ। ज्ञानेन्द्रबहादुर कार्की सुनसरी-४ को क्षेत्रीय अधिवेशनबाट निर्विरोध महाधिवेशन प्रतिनिधि चयन हुनुभएको छ। कार्की महाधिवेशनको पूर्वसन्ध्यामा पूर्वसभापति शेरबहादुर देउवाको समूह छाडेर संस्थापन पक्षमा जानुभएको थियो।

### ४४ हजार युवाले पाए जिम्मेवारी

कांग्रेस १५औँ महाधिवेशनअन्तर्गत भइरहेका अधिवेशनहरूबाट देशभर झण्डै ४४ हजार युवा नेतृत्वमा उदाएका छन्। पार्टीको नयाँ व्यवस्थाअनुसार ३५ वर्षमुनिका झण्डै ४४ हजार युवाले पार्टीको पदीय जिम्मेवारी पाएको विधान मस्यौदा समितिका सदस्य सचिव प्रताप पौडेलले जानकारी दिनुभएको छ। नेपालका कुनै पार्टीमा एकै पटक यति धेरै युवाले पदीय जिम्मेवारी पाएको इतिहासमै पहिलो पटक भएको दाबी गरिएको छ। नयाँ विधानमा हरेक वडाबाट ३५ वर्षमुनिका एक महिलासहित कम्तीमा तीन युवालाई क्षेत्रीय प्रतिनिधि निर्वाचित गराउनुपर्ने व्यवस्था रहेकाले ६ हजार ७४३ वडाबाट कम्तीमा तीन जनाको दरले २० हजार २२९ जना निर्वाचित भएका छन्। तर, हरेक वडामा क्रियाशील सदस्य संख्याका आधारमा कम्तीमा तीन जनादेखि बढीमा सात जनासम्म निर्वाचित हुन सक्ने व्यवस्था छ। त्यसअनुसार औसतमा पाँचजना निर्वाचित हुन्छन् भन्ने मान्दा ३३ हजार ७१५ जना ३५ वर्षमुनिका युवा क्षेत्रीय प्रतिनिधिका रूपमा निर्वाचित भएका छन्। त्यसैगरी, हरेक गाउँपालिकाको वडामा एकजना र नगरपालिकाको वडामा दुई जनाका दरले कार्यसमिति सदस्यमा निर्वाचित हुने व्यवस्था छ। नेपालमा अहिले गाउँपालिकातर्फ तीन हजार २१५ वडा रहेका छन् भने नगरपालिकातर्फ तीन हजार ५२८ वडा रहेका छन्। त्यसैले गाउँपालिकाको वडामा ३ हजार २१५ जना वडा सदस्य निर्वाचित भएका छन् भने नगरपालिका तर्फका वडाहरूमा तीन हजार ५२८ मा दुई जनाको दरले सात हजार ५६ जना युवा वडा सदस्यमा निर्वाचित भएका छन्।

यसरी कुल क्षेत्रीय प्रतिनिधि ३३ हजार ७१५ जना र वडा सदस्य १० हजार २७१ जना गरी कुल ४३ हजार ९८६ जना युवाले पदीय जिम्मेवारी लिएका छन्। ती पदमा निर्वाचित हुन कम्तीमा दोब्बर संख्यामा प्रतिस्पर्धीहरू रहेकाले कांग्रेसको अधिवेशनमा झण्डै एक लाख युवाले प्रतिस्पर्धा गरेको नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव अधिवक्ता राजु कटुवालले जानकारी दिनुभएको छ।

## के थियो विवाद ?...

« पृष्ठ १ बाट क्रमशः

१७ गते फैसला गर्दै झालाई नक्कली एवं झुटा म्याट्रिक तहको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको कसुरमा दोषी ठहर गरेको थियो। विशेष अदालतले उनलाई पाँच सय रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो। तर, आइएस्सी तहको प्रमाणपत्रको हकमा पुनः प्रमाणीकरण गर्दा सम्बन्धित निकायबाट प्रमाणपत्र 'भेरिफाइड' भएको देखिएको थियो। झाको दाबी पनि आफूले सम्बन्धित कलेजमा नियमित अध्ययन गरी परीक्षा दिएको र सोही प्रक्रियाबाट प्रमाणपत्र प्राप्त गरेको भन्ने थियो। त्यसैले विशेष अदालतको फैसलामा चित्त नबुझेर झा सर्वोच्च अदालत पुगे।

मुद्दा सर्वोच्चमा पुगेपछि प्रमाणपत्र जारी गर्ने भनिएको सेन्ट्रल बोर्ड अफ हाई एजुकेसन, नयाँदिल्लीको मान्यता र अस्तित्वमाथि उठेको प्रश्नका आधारमा मात्र झालाई नक्कली प्रमाणपत्र प्रयोग गरेको कसुरमा दोषी ठहर गर्न मिल्ने वा नमिल्ने मुख्य विषय बन्यो। पूर्ण इजलासले यही फरक छुट्याएर मुद्दाको निर्णय गरेको छ। 'कुनै व्यक्तिले सम्बन्धित कलेजमा नियमित अध्ययन गरेको, परीक्षा दिएको, प्रवेशपत्र प्राप्त गरेको र परीक्षा परिणाम प्रकाशित भएको तथ्य प्रमाणित हुन्छ भने पछि गएर उक्त बोर्डको मान्यता वा वैधानिकतामा विवाद उठेको मात्र आधारमा उसले प्राप्त गरेको शैक्षिक योग्यतालाई स्वतः नक्कली भन्न मिल्दैन', सर्वोच्चले गरेको फैसलामा उल्लेख छ, 'फौजदारी दायित्व सिर्जना गर्न प्रमाणपत्र भौतिक रूपमा कृत्रिम वा जालसाजीपूर्ण रहेको र त्यसको असत्यता थाहा हुँदाहुँदै सम्बन्धित व्यक्तिले प्रयोग गरेको तथ्य पनि प्रमाणित हुनुपर्छ।'

फैसलामा 'नक्कली प्रमाणपत्र हुनु र बोर्ड नै फेक हुनु फरक कुरा हो' भन्ने अवधारणालाई स्पष्ट गरिएको छ। इन्द्रेश झाको हकमा उनले सम्बन्धित कलेजमा अध्ययन गरेको, परीक्षा दिएको, प्रवेशपत्र प्राप्त गरेको र परीक्षा परिणाम प्रकाशित भएको तथ्य देखिएको सर्वोच्चले उल्लेख गरेको छ। त्यस्तै, उनले त्यही शैक्षिक योग्यताको आधारमा उच्च तहको आइएस्सी अध्ययन गरेको प्रमाणसमेत फैसलामा उल्लेख छ। आइएस्सी प्रमाणपत्र पुनः प्रमाणीकरण गर्दा सम्बन्धित निकायबाट 'भेरिफाइड' भएको पनि देखिएको थियो। अर्कोतर्फ, अभियोजन पक्षले झाले प्रमाणपत्र आफैँ जालसाजीपूर्वक बनाएको वा प्रमाणपत्रको असत्यताबारे जानकारी हुँदाहुँदै प्रयोग गरेको तथ्य शंकारहित रूपमा प्रमाणित गर्न नसकेको सर्वोच्चको निष्कर्ष छ।

## 'हाटा'पछि संसद्मा...

« पृष्ठ १ बाट क्रमशः

तीन पटकसम्म बोलाउँदा पनि नबोले उक्त समय सकिने छ र सभामुखले अर्को व्यक्तिलाई बोल्न दिएर सदनको कार्यसूची अघि बढाउने संसद् नियमावलीमा उल्लेख छ। संसद्मा यस्तो दृश्य देखिएको यो पहिलो पटक भने होइन। यसअघि पनि सांसदहरू नाम टिपाएर टाप कसेका दृष्टान्त छन्।

प्रतिनिधिसभामा १८२ जना सांसद त रास्वपाकै छन्। सदनको बिजनेसलाई सहज रूपमा अघि बढाउने मुख्य जिम्मेवारी सत्ता पक्षकै हुन्छ। तर, यसअघिकै बैठकमा गणपूरक संख्या नपुगेर बैठक नै स्थगित गर्नुपरेका उदाहरण छन्। यसअघि प्रतिनिधिसभामा खानीसम्बन्धी विधेयक विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेस गर्ने बेलामा प्रतिनिधिसभामा सांसदको गणपूरक संख्या नै पुगेको थिएन। तीन मिनेटसम्म घण्टी बजाउँदा गणपूरक संख्या नपुगेपछि सभामुख डोलप्रसाद अर्यालले बैठक नै स्थगित गर्नुपरेको थियो। सभामुख अर्यालका अनुसार, ६९ जना सांसद हुनुपर्नेमा ६१ ज्ना मात्रै बैठकमा उपस्थित थिए। प्रतिनिधिसभामा रास्वपाको १८२ सांसद (सभामुखसहित) छन् भने कांग्रेसको ३८, एमालेको २५, नेकपाको १७, श्रम संस्कृतिको सात (उपसभामुखसहित), राप्रपाको चार र स्वतन्त सांसद एकजना छन्।

हाजिर गरेर टाप कस्ने प्रवृत्तिलाई निरुत्साहित गर्न रास्वपाले सांसदहरूलाई कडाइ गर्ने नीति नै ल्याएको छ। त्यसका लागि रास्वपाले समूह विभाजन गरी न्यूनतम् संख्यामा उपस्थिति तालिका नै निर्धारण गरिएको छ। समूहमा परेका सांसदहरू बैठकको सुरुदेखि अन्त्यसम्म अनिवार्य रूपमा उपस्थित भई छलफलमा सक्रिय सहभागी हुनुपर्ने नियम छ। यति हुँदा पनि संसद्मा सांसदहरूको उपस्थिति र नाम टिपाएर टाप कस्ने प्रवृत्ति रोकिएको छैन।

## अध्यादेशले निष्क्रिय...

« पृष्ठ १ बाट क्रमशः

सांसदहरूले उठाएका प्रश्नको जवाफ दिनुभएको हो। मन्त्री गौतमले २०८३ साल वैशाख १९ गते नेपालको संविधानको धारा ११४ बमोजिम सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश जारी भएको बताउनुभयो। 'उक्त अध्यादेश निष्क्रिय भएको कारणले गर्दा, अध्यादेश निष्क्रिय भइसकेपछि जुनजुन दफा अध्यादेशले चलाएको थियो, ती दफाहरू रिक्त हुने अवस्थामा पुगे र तिनलाई फेरि कानुनी रूपमा जगाउन आवश्यक भएको कारणले गर्दा यो विधेयक ल्याइएको हो', उहाँले भन्नुभयो। मन्त्रीको जवाफसँगै विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रतिनिधिसभाबाट स्वीकृत भएको छ। योसँगै यो विधेयकमाथि संशोधन दर्ता गर्न सांसदहरूलाई समय खुला भएको छ। सांसदहरूले ७२ घण्टाभित्र संशोधन प्रस्ताव दर्ता गर्न सक्नेछन्।

## विपत्सम्बन्धी संसदीय...

« पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सरस्वती लामा र रास्वपाकी निशा डाँगी रहेका छन्। रसुवामा भदौ १० गते गएको विनाशकारी बाढीपछिको पृष्ठभूमिमा असोज ५ गते संसदीय विशेष समिति गठन भएको थियो। १५ सदस्यीय समितिमा सांसदहरू अच्युतम लामिछाने, अनुष्का श्रेष्ठ, गंगादेवी श्रेष्ठ, गणेश पराजुली, धनन्जय रेग्मी, ध्रुवराज राई, निशा डाँगी, पुष्पाराज कँडेल, मोहन आचार्य, मिङ्माग्याबु शेर्पा, रमेशकुमार मल्ल, रविन्द्र पटेल, सरस्वती लामा, सुजाता तामाङ र सीता थपलिया सदस्य रहेका छन्। समितिको कार्यअवधि तीन महिना तय गरिएको छ। पछि समितिको म्याद थप गर्न सकिने प्रावधान पनि राखिएको छ। समितिको कार्यदेशमा हिमालमा जलवायु परिवर्तनको प्रभावको अध्ययन गर्ने रहेको छ।

# अख्तियारद्वारा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर




**हिमालय टाइम्स**
काठमाडौं, १३ असोज

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले लमजुङको राइनास नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको रकम दुरूपयोग भएको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र अधिकारीसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगका अनुसार आर्थिक वर्ष २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त सशर्त अनुदान रकममध्ये १६ लाख ७२ हजार रुपैयाँ कानुनबमोजिम प्रयोग तथा फिर्ता नगरी हिनामिना गरेको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अधिकारी, तत्कालीन लेखापाल नवीनकुमार बराल, तत्कालीन रोजगार संयोजक शेखरनाथ न्यौपाने तथा विभिन्न वडाका जनप्रतिनिधिविरुद्ध आरोपपत्र दायर गरिएको हो।

आयोगले तत्कालीन रोजगार संयोजक न्यौपानेमाथि नगरपालिकाबाट उपलब्ध गराइएका ल्यापटप, प्रिन्टर र क्यामेरालगायत एक लाख ६७ हजार २५६ रुपैयाँ बराबरका जिन्सी सामग्रीसमेत फिर्ता नगरेको आरोप लगाएको छ। यससमेत गरी न्यौपानेविरुद्ध १८ लाख ३९ हजार २५६ रुपैयाँ बराबरको हानि-नोक्सानी गराएको दाबी आयोगको छ।

आयोगका अनुसार तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अधिकारी र लेखापाल बरालविरुद्ध १६ लाख ७२ हजार रुपैयाँ बराबरको रकम हिनामिना गरेको आरोप छ। त्यस्तै, तत्कालीन वडाध्यक्ष तथा सदस्यहरू र अन्य सम्बन्धित पदाधिकारीमाथि पनि प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम अनियमित ढंगले खर्च तथा उपयोग गरेको आरोपमा छुट्टाछुट्टै बिगो कायम गरी मुद्दा दायर गरिएको छ।

आयोगले राइनास नगरपालिका-१ का तत्कालीन वडाध्यक्ष रमेश न्यौपानेविरुद्ध ८९ हजार १८५ रुपैयाँ, वडा नम्बर ३ का तत्कालीन सदस्य ओजराज पौडेलविरुद्ध दुई लाख ९९ हजार ६६२ रुपैयाँ, वडा नम्बर ४ का तत्कालीन अध्यक्ष जैमान गुरुङविरुद्ध एक लाख २४ हजार ८५९ रुपैयाँ र वडा नम्बर ५ का तत्कालीन अध्यक्ष नन्दबहादुर कुमालविरुद्ध ८२ हजार ५० रुपैयाँ बिगो कायम गरेको जनाएको छ।

त्यसैगरी वडा नम्बर ६ का तत्कालीन अध्यक्ष रुकबहादुर तामाङ गुरुङविरुद्ध दुई लाख ३९ हजार १६ रुपैयाँ, वडा नम्बर ७ का तत्कालीन अध्यक्ष माधवप्रसाद पराजुलीविरुद्ध दुई लाख ५३ हजार २८६ रुपैयाँ र वडा नम्बर ८ का तत्कालीन अध्यक्ष कृष्णप्रसाद लामिछानेविरुद्ध एक लाख २१ हजार २९२ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ। आयोगले प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुर गरेको आरोप लगाउँदै बिगो असुलउपर, जरिवाना तथा कैद सजायको मागदाबी गरेको छ।

# ब्लड डोनर्स अफ अमेरिकाद्वारा विपद् उद्धार कोषमा आठ हजार ५२२ अमेरिकी डलर सहयोग

**हिमालय टाइम्स**
काठमाडौं, १३ असोज




अमेरिकामा सक्रिय नेपाली रक्तदाता संस्था 'ब्लड डोनर्स अफ अमेरिका' (बिडिए) ले नेपालमा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि आठ हजार ५२२ अमेरिकी डलर सहयोग गरेको छ। बिडिएका वरिष्ठ उपाध्यक्ष टीका पौडेलका अनुसार संस्थाले नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आठ हजार ५२२ अमेरिकी डलर सहयोग गरेको हो। 'ब्लड डोनर्स अफ अमेरिका'को नामबाट 'गोएन-प्राइम मिनिस्टर डिजास्टर रिलिफ फण्ड'मा उक्त रकम जम्मा गरिएको हो। एनसिएचएल इलेक्ट्रोनिक पेमेन्ट गेटवे (इपिजी)मार्फत् गरिएको कारोबार सफल भएको रसिदमा उल्लेख छ।

यसैगरी, बिडिएका विभिन्न स्टेट कमिटीहरूले पनि विपद् प्रभावितका लागि छुट्टाछुट्टै सहयोग गरेका छन्। न्युयोर्क स्टेट कमिटीले एक हजार ३००, मेरील्याण्डले एक हजार १०० र फ्लोरिडा स्टेट कमिटीले तीन हजार अमेरिकी डलर सहयोग गरेका छन्। तीनवटै कमिटीबाट गरी पाँच हजार ४०० अमेरिकी डलर सहयोग गरिएको बिडिएले जनाएको छ।

संस्थाका अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा गरिएको सहयोगसहित बिडिए र यसका स्टेट कमिटीमार्फत् हालसम्म करिब १४ हजार अमेरिकी डलर अर्थात् करिब २१ लाख ५० हजार रुपैयाँ बराबरको सहयोग नेपालमा विपद् प्रभावितका लागि परिचालन गरिएको छ।

पछिल्लो समय रसुवा र भोटेकोशी क्षेत्रका बाढीपीडित नागरिकलाई राहत तथा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम उपलब्ध गराइएको संस्थाले जनाएको छ। अमेरिकामा नेपाली समुदायलगायत विभिन्न समुदायबीच रक्तदान अभियान सञ्चालन गर्दै आएको बिडिएले रक्तदानसँगै विपद्का समयमा मानवीय सहयोगलाई पनि आफ्नो गतिविधिको हिस्सा बनाउँदै आएको छ। 'रक्तदानबाट जीवन बचाउने अभियानसँगै विपद्मा परेका नागरिकलाई सहयोग गर्नु पनि हाम्रो मानवीय दायित्व हो', बिडिएका वरिष्ठ उपाध्यक्ष पौडेलले भन्नुभयो।

## पहिरोले सडक भासिएपछि सिद्धार्थ राजमार्गमा रोकिए ठूला सवारीसाधन

**रामचन्द्र रायमाझी/पाल्पा।** सिद्धार्थ राजमार्गको बर्तुङ्ग-राम्दी सडकखण्डमा सुक्खा पहिरो खसेपछि यातायात ठप्पजस्तै बनेको छ। माथागढी गाउँपालिका-१, चिदिपानीको धैरैनीमा वर्षासँगै सडकको तल्लो भाग कटान भएपछि राजमार्गको करिब आधा भाग भासिएको हो।

सडक भासिएसँगै मंगलबार बिहानदेखि राजमार्गमा ठूला सवारीसाधनको आवागमन प्रभावित भएको छ। स्याङ्जा र पोखराबाट बुटवलतर्फ आउँदै गरेका तथा बुटवलबाट पोखरातर्फ जाँदै गरेका ठूला सवारीसाधन बीच बाटोमै रोकिएका छन्। स्थानीयका अनुसार पहिरो खसेपछि सडकको अवस्था जोखिमपूर्ण बनेको छ। मोटरसाइकल र साना सवारीसाधनलाई भने अवस्था हेरेर सावधानीपूर्वक आवतजावत गर्न दिइएको छ। सडकको तल्लो भागबाट जग निकाल्न सक्ने अवस्था नरहेकाले तत्काल माथिल्लो भागसमेत कटान नगरी ठूला सवारीसाधन सञ्चालन गर्न नसकिने सडक डिभिजन पाल्पाका निमित्त प्रमुख पवित्रमणि आचार्यले बताउनुभयो। 'सडकको तल्लो भाग नै कटान भएर भासिएको छ। त्यसलाई आधार बनाएर ठूला सवारी चलाउन सकिने अवस्था छैन', आचार्यले भन्नुभयो।

राजमार्गको क्षतिग्रस्त भाग तत्काल व्यवस्थापन गर्न नसकिए बर्तुङ्ग-राम्दी सडकखण्डमा यातायात समस्या अझ लम्बिन सक्ने देखिएको छ। वर्षा जारी रहे थप क्षतिको जोखिमसमेत रहेको स्थानीयले बताएका छन्।

## वनबाट अवैध रूपमा सालको काठ ओसारपसार गर्ने एक जना पक्राउ

**चञ्चलकुमार झा/रौतहट।** रौतहटमा अवैध रूपमा सालको काठ ओसारपसार गरिरहेको आरोपमा प्रहरीले एक जनालाई काठ र आरासहित नियन्त्रणमा लिएको छ। चन्द्रपुर नगरपालिका वडा नं. ७ रेलवे क्षेत्रमा डिभिजन वन कार्यालय चन्द्रनिगाहपुर र प्रहरी चौकी बनबहुअरी तथा प्रहरी चौकी सन्तपुरबाट खटिएको संयुक्त गस्ती टोलीले काठसहित एक जनालाई नियन्त्रणमा लिन सफल भएको छ। प्रहरीका अनुसार रंगपुर साझेदारी वनबाट साल जातको काठका पाँच थान गोलिया (२५ क्युफिट) तीनवटा साइकलमा लोड गरी ल्याउँदै गरेको अवस्थामा फेला पारेको थियो। बरामद काठको अनुमानित मूल्य करिब एक लाख ३७ हजार रुपैयाँ रहेको बताइएको छ। घटनामा संलग्न रहेको आरोपमा सोही स्थानका करिब ४० वर्षीय अनिल रामलाई एक थान आरासहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। घटनामा संलग्न अन्य दुई जना भने घटनास्थलबाट फरार रहेको र उनीहरूको खोजी भइरहेको छ। नियन्त्रणमा लिइएका अनिल राम तथा बरामद काठ र आरा आवश्यक कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएको प्रहरीले जनाएको छ।

## सडक माथिबाट ढुंगा खस्दा बसमा सवार चार जना घाइते

**कपिलवस्तु।** कपिलवस्तुको शिवराज नगरपालिका-१, चोरखोलामा सडक माथिबाट ढुंगा खस्दा बसमा सवार चार जना घाइते भएका छन्। सोमबार राती करिब साढे १ बजे चितवनबाट बर्दियातर्फ जाँदै गरेको सु.प.प्र. ०१-००१ ख ३७७० नम्बरको बसमाथि अचानक सडक माथिबाट ढुंगा खसेको थियो। ढुंगा खसेपछि बसमा सवार ३० जनामध्ये चार जना सिटले च्यापिएर घाइते भएका थिए। घटनाको जानकारी पाएलगत्तै सशस्त्र प्रहरी बल, नेपाल नं. २९ ज्वालामाई गण दाङबाट सशस्त्र प्रहरी नायब उपरीक्षक बाबुराम थापाको कमाण्डमा खटिएको टोलीले सिटले च्यापिएको अवस्थामा रहेका चार जनाको उद्धार गरेको हो। उद्धार गरिएकामा बर्दियाको गोरुवा गाउँपालिका-२ का ३७ वर्षीय द्वारिकाप्रसाद थारु र ३५ वर्षीय सुरेशलाल थारु, चितवनको भरतपुर महानगरपालिका-११ की २० वर्षीया सलिना सुनार तथा कञ्चनपुरको भीमदत्त नगरपालिका-१० की ४० वर्षीया भगवती कँडेल रहनुभएको छ। उद्धारपछि घाइते चारै जनालाई सशस्त्र प्रहरीले उपचारका लागि दाङको भालुवाङस्थित अस्पताल पुऱ्याएको थियो।

# जुम्लाको पुँजीगत बजेट तीन अर्ब बढी

**विजय रावत/हिटा**
जुम्ला, १३ असोज

जुम्लामा चालु आर्थिक वर्ष २०८३/०८४ का लागि संघीय सरकारले पुँजीगत बजेट तीन अर्ब बढी विनियोजन गरेको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका प्रमुख कोष नियन्त्रक मीनबहादुर घर्तीमगरका अनुसार संघीय सरकार मातहतका ३६ वटा सरकारी कार्यालय र यहाँका आठवटा स्थानीय तह गरी चालु आवका लागि जिल्लामा कुल पुँजीगत बजेट तीन अर्ब नौ करोड ४३ लाख रहेको बताउनुभयो।

यहाँको सबैभन्दा बढी विकासे बजेट सडक डिभिजन कार्यालय र सघन शहरी तथा भवन आयोजनामा आएको छ। सडक डिभिजनमा चालु आवका लागि पुँजीगत बजेट कुल एक अर्ब ८० करोड बजेट प्राप्त भएको छ। यसैगरी सघन शहरी तथा भवन आयोजनामा एक अर्ब ३९ करोड बढी पुँजीगत बजेट विनियोजन भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका प्रमुख कोष नियन्त्रक घर्तीमगरको भनाइ छ।

सडकमा आएको पुँजीगत बजेट कर्णाली राजमार्गलाई थप स्तरोन्नतिदेखि सडक निर्माणमा खर्च गरिनेछ। अहिले ठेक्का आह्वानको काम धमाधम भइरहेको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले बताउनुभयो। सघन शहरी तथा भवन आयोजनाले जुम्लालगायत माथिल्लो कर्णालीका जिल्लामा भौतिक संरचना निर्माणमा बजेट खर्च हुने गरेको जनाएको छ।

### ५१ प्रतिशतमात्र पुँजीगत खर्च

संघीय सरकारले गत आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरेको जुम्लाको कुल विकासे बजेटमध्ये ५१ दशमलब ७२ प्रतिशतमात्र खर्च भएको छ। पुँजीगततर्फ दुई अर्ब आठ करोड २५ लाख रुपैयाँ विनियोजन गरिएकामा एक अर्ब सात करोड ७० लाख रुपैयाँ अर्थात् ५१ दशमलब ७२ प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका प्रमुख कोष नियन्त्रक घर्तीमगरले जानकारी दिनुभयो।

पुँजीगततर्फ करिब एक अर्ब बढी बजेट खर्च हुन नसकेर फिर्ता गएको छ। संघीय सरकारले जिल्लाको विकासका लागि विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी यहाँको सडक डिभिजन कार्यालय र सघन शहरी तथा भवन आयोजनाको बजेट धेरै फ्रिज गएको प्रमुख कोष नियन्त्रक घर्तीमगरको भनाइ छ। सडक डिभिजन कार्यालयलाई विनियोजित पुँजीगत बजेटतर्फ ७९ करोड २५ लाखमध्ये ३३ करोड ८८ लाख अर्थात् ४२ दशमलब ६३ प्रतिशतमात्र खर्च भएको छ। कुल विनियोजित पुँजीगत बजेटको झण्डै ४५ करोड खर्च हुन नसकेर फिर्ता गएको छ।

# लुम्बिनीमा चार दिनमा ७८ विपद्का घटना, ६ जनाको मृत्यु

**चन्द्रकान्त खनाल/हिटा**
बुटवल, १३ असोज

लुम्बिनी प्रदेशमा असोज ८ देखि ११ गतेसम्म चार दिनको अवधिमा ७८ वटा विपद्का घटना भएका छन्। ती घटनामा परी छ जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र (पिइओसी) का अनुसार विपद्का कारण प्रदेशभर एक हजार २८० जना विस्थापित भएका छन्। यस अवधिमा २७ वटा घर पूर्ण रूपमा क्षति भएका छन् भने ५६ वटा घरमा आंशिक क्षति पुगेको छ। १६ वटा घर डुबानमा परेका छन् भने १७० वटा घर जोखिममा रहेका छन्।



केन्द्रका अनुसार सबैभन्दा बढी ३१ वटा पहिरोका घटना भएका छन्। पहिरोमा परी पाँच जनाको मृत्यु र एक जना घाइते भएका छन्। पहिरोका कारण ४८० जना विस्थापित भएका छन्। पहिरोबाट १० वटा घर पूर्ण र आठवटा घर आंशिक रूपमा क्षति भएका छन् भने १०० वटा घर जोखिममा रहेका छन्। त्यस्तै, २६ वटा डुबानका घटनामा ७७८ जनालाई सुरक्षित स्थानमा सारिएको छ। डुबानका कारण नौवटा घर पूर्ण र १३ वटा घर आंशिक रूपमा क्षति भएका छन्। १६ वटा घर डुबानमा परेका छन् भने ७० वटा घर जोखिममा रहेका छन्।

यस अवधिमा हावाहुरीका १३ र बाढीका आठवटा घटना भएका छन्। हावाहुरीका कारण एक जनाको मृत्यु भएको छ भने एउटा घर पूर्ण र ३५ वटा घरमा आंशिक क्षति पुगेको छ। बाढीका कारण २२ जना विस्थापित भएका छन् भने सातवटा घर पूर्ण रूपमा क्षति भएका छन्। जिल्लागत रूपमा अर्घाखाँचीमा सबैभन्दा बढी १५ वटा विपद्का घटना भएका छन्। बाँकेमा १३ र गुल्मीमा १० वटा घटना भएका छन्।

मानवीय क्षतिको हिसाबले पाल्पा सबैभन्दा प्रभावित भएको छ। पाल्पामा पहिरोमा परी पाँच जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। रोल्पामा हावाहुरीका कारण एक जनाको मृत्यु भएको छ। विस्थापनतर्फ नवलपरासीमा सबैभन्दा बढी सात सय जना प्रभावित भएका छन्। गुल्मीमा २९८ र अर्घाखाँचीमा १७१ जनालाई सुरक्षित स्थानमा सारिएको केन्द्रले जनाएको छ।

विपद्का कारण प्रदेशभर अनुमानित ४० लाख १७ हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ। आर्थिक क्षतितर्फ दाङमा सबैभन्दा बढी २२ लाख १० हजार रुपैयाँको क्षति भएको छ। नवलपरासीमा पाँच लाख ६० हजार र बर्दियामा पाँच लाख ५७ हजार रुपैयाँ बराबरको क्षति भएको छ। विपद्का घटनामा घरसँगै अन्य भौतिक संरचनामासमेत क्षति पुगेको छ। छवटा गोठ पूर्ण र चारवटा आंशिक रूपमा क्षति भएका छन् भने ७५ वटा पशुचौपाया क्षति भएका छन्। बाढीका कारण दाङ, गुल्मी र रुकुमपूर्वमा एक-एकवटा पुलमा क्षति पुगेको छ। दाङ, रुकुमपूर्व र रूपन्देहीमा एक-एकवटा विद्यालयमा क्षति पुगेको छ। यस्तै, बाँकेमा दुईवटा तथा नवलपरासी, अर्घाखाँची, रुकुमपूर्व र रूपन्देहीमा एक-एकवटा उद्योगमा क्षति पुगेको छ। अर्घाखाँची, नवलपरासी, दाङ र पाल्पाका सरकारी कार्यालयमा समेत क्षति पुगेको पिइओसीले जनाएको छ। पाल्पामा दुईवटा सवारीसाधनमा पनि क्षति भएको छ।

## दुई थान कटुवा पेस्तोलसहित एक जना नियन्त्रणमा

**बारा।** सशस्त्र प्रहरीले बाराको सिम्रौनगढ नगरपालिका-२, सलेमपुरबाट दुई थान कटुवा पेस्तोल र पाँच राउण्ड गोलीसहित एक जनालाई नियन्त्रणमा लिएको छ। सशस्त्र प्रहरीले सोमबार साँझ सिम्रौनगढ नगरपालिका-२ अमृतगञ्ज निवासी अन्दाजी ५० वर्षीय जयप्रकाश कुसवाहलाई हतियारसहित नियन्त्रणमा लिएको हो। एपिएफ इन्टेलिजेन्स ब्युरोबाट प्राप्त विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट गोलागञ्जबाट सशस्त्र प्रहरी निरीक्षक सुरेन्द्रबहादुर मल्लको कमाण्डमा खटिएको टोलीले सलेमपुरमा जाँच गर्ने क्रममा कुसवाहको साथबाट दुई थान कटुवा पेस्तोल र पाँच राउण्ड गोली बरामद गरेको जनाएको छ। कुसवाहलाई बरामद हतियार तथा गोलीसहित आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

खतर मेस्तरको नाति, देवल मेस्तरको छोरा, धनुषा जिल्ला, जनकपुरधाम उप-म.न.पा. वडा नं. १९ बस्ने, यस बैंकको जनकपुर-भानुचोक शाखा कार्यालयको खातावाला महीन्दर मेस्तरको मिति २०८३/०२/१६ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती पार्वती देवी मेस्तर्नीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**PUBLIC NOTICE**

I, Mohit Khariwal (Indian Passport No. V8764882), son of Mahendar Khariwal and Manju Devi Khariwal, permanent resident of House No. 468, Gali No. 0, Nai Abadi, Abohar, District Fazilka, Punjab, India – 152116, presently residing in Kathmandu, Nepal, hereby declare that I have married Ms. Renu Kumari (Nepali Citizenship No. 343022/178), daughter of Banwari Lal Agarwal and Pushpa Devi, resident of Birgunj, Ward No. 8, District Parsa, Nepal.

The marriage was done on 6th July 2006 at Jain Bhawan, Kamalpokhari, Kathmandu, Nepal, according to Indian traditions. Since then, we have been living together as husband and wife.

This notice is being published for the purpose of registration of our marriage at the Embassy of India in Kathmandu, Nepal.

Any person having any objection to this marriage may contact within 30 days at +977-9841524819 or at the Consular Department, Embassy of India, Kathmandu, Nepal (Email: cons.kathmandu@mea.gov.in)

**वर्गीकृत डिस्प्ले**

**माईग्रेशन सर्टिफिकेट हरायो**

मिति २०८३/०४/१५ गतेको दिन कोटेश्वरबाट बानेश्वर जाँदा मेरो निम्न व्यहोरा भएको NEB बाट जारी गरिएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**Name : Bibek Kumar Pasman**
**Symbol No.: 31700291**
**Serial Number: M0422443**
**NEB Registration No. 751711121**
**Date of Issue: 2077/12/06 B.S.**
**Contact: 9816835155**

वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४५७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौं : ०१-४५७८१७७
विराटनगर : ९८४२०५९११०
गौर, रौतहट : ९८४५१३५२३४
मलंगवा : ९८०४८२३४११

e-mail: hitanewz@gmail.com
Website : ehimalayatimes.com.np

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८३/०६/१४ गते**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा **SMS** मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम : हरीलाल यादव**<br>बाबु : बचवी यादव<br>बाजे : पंची यादव<br>ना.प्र.नं.: १९०, जारी मिति : २०४३/०९/२०,<br>जि.प्र.का.: सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला पश्चिम कुसाहा गा.वि.स. वडा नं. ०१ को परिवर्तित कोशी गा.पा. वडा नं. ०२<br>**कर्जाको प्रकार : कृषि कर्जा** | **ऋणी/व्यक्तिगत जमानिकर्ता : योगेन्द्र प्रसाद यादव**<br>बाबु : हरीलाल यादव<br>बाजे : बचवी यादव<br>ना.प्र.नं.: ०६३०४५/३३९५<br>जारी मिति : २०६३/११/२२, जि.प्र.का.: सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला पश्चीम कुसाहा गा.वि.स. वडा नं. ०१ को परिवर्तित कोशी गा.पा. वडा नं. ०२ |
| **व्यक्तिगत जमानिकर्ता : तुलिया देवी यादव**<br>बाबु : वेरसु यादव<br>पति : हरीलाल यादव<br>ना.प्र.नं.: ७८१३१/७९१३१<br>जारी मिति : २०६०/०२/१५, जि.प्र.का.: सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला पश्चिम कुसाहा गा.वि.स. वडा नं. ०१ को परिवर्तित कोशी गा.पा. वडा नं. ०२ | **व्यक्तिगत जमानिकर्ता : उपेन्द्र प्रसाद यादव**<br>बाबु : हरीलाल यादव<br>बाजे : बचवी यादव<br>ना.प्र.नं.: ०६३०४५/३३९३<br>जारी मिति : २०६३/११/२२, जि.प्र.का.: सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला पश्चीम कुसाहा गा.वि.स. वडा नं. ०१ को परिवर्तित कोशी गा.पा. वडा नं. ०२ |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
**हरीलाल यादवको** नाममा मा.पो.का. इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, पश्चिम कुशाहा गा.वि.स./न.पा. वडा नं. ०१, नक्सा सिट नं. १ख स्थित कि.नं. १०८० र १०८१ को क्षेत्रफल क्रमशः ०-०-११.२५-० (१९०.४६ व.मी.) र ०-१-२.५-० (३८२.७१ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
**मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८३/०६/२१ गते**

## सम्पादकीय

# अतिरिक्त भारको पीडा

यस पटकको दशैँतिहार जस्ता चाडपर्वहरूलाई नेपालीहरूले आनन्ददयी रूपमा मनाउनु सम्भव थिएन। त्यसमा थप भएको महँगीले सबै पर्व निरस हुने भएका छन्। हुन त दशैंभन्दा अगाडि प्रत्येक वर्ष नै ठूलो पानी पर्ने र बाढीपहिरो जाने क्रम प्रायः दोहोरिरहेको छ। २०८१ साल र २०८२ सालको दशैंभन्दा अगाडि पनि यस्तै पीडादायी घटनाहरू भएका थिए। यस वर्ष भने ती विगतका घटनाभन्दा ठूलो प्राकृतिक प्रकोप आएको हुँदा अथाह क्षति हुन पुग्यो। भोटेकोशी र त्रिशूलीका सभ्यता नै नष्ट भएभन्दा पनि हुन्छ। यसको प्रभावका रूपमा त्यहाँका स्थानीय बासिन्दा, त्यहाँ जागिरका सिलसिलामा पुगेका बैंकका कर्मचारी, जलविद्युत्‌का कर्मचारीलगायत अन्य स्थानीय तथा अरू ठाउँबाट गएर होटल लजमा बासबसेका तीर्थयात्री तथा पर्यटकहरू गरी हजारौंको संख्यामा बाढीका प्रकोपमा परेर तिनीहरूको निधनको दृश्य विस्मृतियोग्य हुनसक्दैन।

अरू थप त्यहाँका स्थानीयहरूको त्यो पीडा कहिले निको नहुने घाउ बनेको छ भने त्यस प्राकृतिक प्रकोपमा परेर मृत्युवरण गर्न पुगेकाहरूका आफन्त अन्यत्र जुन ठाउँमा भए पनि उनीहरू पनि छातीभित्र निको नहुने घाउ बोकिरहेका छन्। त्यसो त त्यहाँ कोही आफन्त नपरेका भए पनि समग्र नेपालीहरूकै लागि यो सामूहिक पीडा हो। यसबाट सिंगो नेपाल नै पीडित बन्न पुगेको छ। त्यसो भए तापनि सामुन्ने आएका संस्कृतिक रूपमा वरण गरिएका दशैं-तिहार, छठजस्ता पर्वहरूको उत्सव मनाउने परम्परा रोकिँदैन। यस क्रममा यसपटक नेपाल तिब्बत नाकामा ठूलो प्राकृतिक उथलपुथल भएको कारण चीनका केरुङ, रसुवागढी र तातोपानी नाका बन्द हुनाले चाडपर्व केन्द्रित सामग्री आउने सम्भावना रहेन।

यसले गर्दा एकातिर व्यापारीहरूको व्यापार पनि चौपट्ट भएको छ भने अर्कातिर उपभोक्ताहरूले चाड केन्द्रित गरेर आउने त्यस्ता उपभोग्य वस्तुहरूको प्रयोग गर्न नपाउने भए। यसको मार अझ अरू चौतर्फी रूपमा पर्नजान्छ। ती नाकाबाट चिनियाँ सामान नआउने बित्तिकै अरू ठाउँबाट आएका सामग्री स्वतः नै चर्को मूल्यमा बजारमा बिक्री हुन्छन्। उपभोक्ताहरूले जसरी पनि ती सामानहरूको प्रयोग गर्नैपर्छ। यसो गर्दा त्यो दोब्बर मूल्य तिरेर उपभोक्ताहरू ती सामानको प्रयोग गर्न बाध्य बन्छन्। यस अर्थमा दशैं, तिहार, छठलगायत पर्व यसपटक नेपालीहरूका लागि धेरै महँगा साबित हुनेभएका छन्।

पहिले-पहिलेको जस्तो सहज अवस्था भएको भए सोही रूपमा पर्वकेन्द्रित सामान भित्रिने क्रम यसबेलासम्म सुरु भइसक्थ्यो। त्यसको चहलपहल र मानिसहरूको तयारी बजारमा देख्न सकिने बेला भइसक्यो तर यसपटक बजार सुनसान छ। बाढीमा मानिस र तिनका भौतिक संरचनालगायत घरखेत जग्गा जमिनमात्र बगेनन्। सँगसँगै राष्ट्रको अर्बौंको नगद सम्पत्ति पनि पानीसँगै बगेर विलय भएको छ। यस बाढीसँगै विभिन्न बैंकका डेढ दर्जनभन्दा बढी शाखाहरू पनि भेलमा लपेटिए। वित्तीय संस्थाका दुई दर्जनभन्दा बढी कर्मचारीहरू बेपत्ता भए। बैंकहरूसँग भएको अर्बौंको सम्पत्ति विनाश भयो। नगद तथा बैंकसम्म भएको जिन्सी सामग्री पनि बग्यो। बचतकर्ताको बचत, उनीहरूले ऋण लिँदा धरौटी राखेको सुनलगायतको बहुमूल्य सामग्री, घरजग्गाका धनीपुर्जाहरू, बैंकले दैनिक प्रयोगमा राखिेको नगद, भल्टमा भएको नगद र एटिएमहरूमा राखिएको नगद गर्दा त्यो अर्बौं बराबरको छ।

तिनको परिपूर्ति अब कुनै तरिकाले हुनसक्दैन। स्वदेशी तथा विदेशी दाताहरूले सहयोग गरेको नगद रकम, विभिन्न विद्यालय, कलेज तथा विभिन्न कार्यालयले सहयोग गरेको रकमसमेत जम्मा गर्दा पनि क्षतिको न्यून प्रतिशत मात्र जम्मा हुनपुग्छ। त्यसमाथि पनि प्रधानमन्त्री राहत कोषमा जेजति सहयोग रकम प्राप्त भयो त्यो उद्धारमा प्रयोग भएका हेलिकप्टरहरूको भाडा दिन पनि अपुग हुन्छ भनेर आलोचकहरूले भन्ने गरेका छन्। त्यसरी प्राप्त भएको सहयोगले तत्कालका लागि उद्धार र राहतका लागि भने सहयोग पुग्यो तर भएको क्षतिको पूर्ति भने कहीँ कतैबाट हुनसक्ने सम्भावना देखिँदैन। प्रारम्भिक अनुमान अनुसार त्यसको पुनर्निर्माण गर्नमात्र ७ खर्बभन्दा बढी रकमको आवश्यकता हुन्छ भनिएको छ।

त्यसरी अनुमान गरिएको रकम नेपालको वार्षिक बजेटको एकतिहाइ हो। यो नेपालले मात्र परिपूर्ति गर्ने सम्भावना छैन। उक्त परिमाणको रकम जुटाउन निकै मुस्किल छ। प्रधानमन्त्री बालेन शाहले संयुक्त राष्ट्रसँगको महासभामा सम्बोधन गर्ने क्रममा यसको यथार्थ अवस्थाको चित्रण र नेपालले बेहोर्नु परेको पीडाबारे जानकारी गराउनुभयो। यसका साथै ठूला औद्योगिक मुलुकहरूबाट साना अविकसित अल्पविकसित मुलुकहरूले जुन खालको समस्या बेहोर्नु परिरहेको छ त्यसबापतको क्षतिपूर्ति ती देशहरूबाट प्राप्त हुनुपर्छ भन्ने माग उहाँले गर्नुभयो। तर यसका लागि कसले कति क्षतिपूर्ति दिने त्यसको निर्धारण भने ती देशहरूले गरेका छैनन् र क्षतिपूर्ति दिने वा नदिने सम्बन्धबारे पनि उनीहरूको प्रतिक्रिया आएको छैन।

अब बाढीले उजाड बनाएका नदी तटीय सभ्यताहरूको पुनःस्थापना गर्न वैकल्पिक ठाउँ खोज्नुपर्ने अवस्था छ। बैंकिङ प्रणाली अब कसरी पुनःसञ्चालन गर्ने भन्ने समस्या अर्कोतिर छ। कर्जा असुलीको सम्भावना छैन। कर्जा लिने र धरौटी राखिएको सम्पत्तिसमेतको विनाश भइसकेको छ। त्यसका लागि कस्तो व्यवस्था गर्ने भन्ने पनि अर्को चिन्ताको विषय छ। एकातिर बैंक आफैंले ती शाखाहरू पुनः कसरी सञ्चालन गर्ने भन्ने चिन्ता छ भने अर्कातिर कर्जा असुली पनि चिन्ता छ। ती ठाउँ पर्यटकीय क्षेत्र भएका हुँदा त्यहाँ यसरी बैंकिङ कारोबार ठूलो रकमका साथ सञ्चालन हुने गर्थ्यो। अब त्यसको यथावत रूपमा पुनःसञ्चालनका चुनौती सिर्जना भएका छन्।

यो चुनौतीपूर्ण कार्य हो। यसरी पर्यटन, व्यापार, बैंकिङ प्रणाली सम्पूर्णको एकै साथ विनाश हुँदा त्यसको असर निश्चय बजारमा पर्ने नै भयो। चाडपर्वमा झण्डै दोब्बर मूल्यवृद्धि भएको छ। यसरी यो समस्या विनाशकारी बाढीसँग पनि जोडिन पुग्छ। चाडबाड भन्ने कुरा अर्को सालमा मनाउँदा हुन्छ। पहिलो कुरा पीडितका घाउमा मलम लगाउने र मौकाको फाइदा उठाएर कृत्रिम अभाव सिर्जना र मूल्यवृद्धि गर्ने जस्ता काम कुनै क्षेत्रबाट हुनुहुँदैन। त्यसो गर्नेलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ। यसतर्फ सरकार सचेत बनोस्। नेपालीहरूले एउटा कठोर प्राकृतिक विपत्ति भोग्दाभोग्दै मूल्यवृद्धि लगायत अन्य खालका मारमा पर्नु नपरोस्।

# राजनीतिमा लाज हराएपछि

कृष्णप्रसाद कोइराला र चन्द्र शमशेरदेखि आरम्भ भएको द्वन्द्वले मोहन शमशेरसम्म पनि हारजित हुनसकेन। यो लडाइँ धन र मनको थियो एकातिर भने अर्कातिर मानवीय अहं जनता, देश र तिनका हकअधिकारसम्म पनि फैलिएर गयो। आज नेपाली कांग्रेसमा मच्चिएको द्वन्द्व अहं/अहंको हो तर जनता, देश प्रजातन्त्र, संघसंगठनका विधिनियमको आवरणले ढाकेर दुनियाँ दंग्याउने खेल खेलिरहेको देखिन्छ।



प्राडा.कुलप्रसाद कोइराला

### सर्वस्वार्थं समीहते

पौरस्त्य जगत्का शुक्रतारा ऋषि याज्ञवल्क्यले मन्छेले जेसुकै अभिनय गरोस्, जस्तोसुकै त्याग र तितीक्षाका कुरा गरुन् तिनीहरू सधैं स्वार्थको पिण्डका रूपमा आफ्ना परिचय चिह्न लिएर देखापरेका हुन्छन्। शिक्षक, विद्यार्थी, पतिपत्नी, प्रेमी प्रेयसी, किसान, व्यापारी, उपदेशक, योगी, सन्यासी, वैष्णव शाक्त, सौर्य, गाणपत्यमात्र होइन चोर, डाका लाटालफंगासम्म पनि सबै नै स्वार्थका जालमा आबद्ध हुन्छन् भने। याज्ञवल्क्य जनकपुर निवासी थिए र उनी कमला खुँजका वनमा बसेर शुक्लयजुर्वेद लेख्दैथिए। कमला खुँजका वनमा देखेको एउटा वन्यजीवको उदाहरणबाट समग्र जीवका स्वभावमाथि प्रकाश पारेका छन् उनले।

वानर र उसको बच्चाका बीचको व्यवहारका माध्यमले पौरस्त्य दार्शनिक परम्परामा उनले जमेका पोखरीमा तरंग ल्याउने र सत्य स्थापित गर्ने उद्देश्यले फालेको एउटा दार्शनिक ढुंगो हो बृहदारण्य कोपनिषद्। यस ढुंगाका अनेकौं आयाम छन्। आ-आफ्ना मुण्डानुसार अरूले व्याख्या गरे पनि उनले चाहिँ एउटा साधारण जैविक स्वार्थपूर्ण गतिविधिका माध्यमले दुनियाँलाई जीव निस्वार्थ हुँदैन भन्ने प्रमाणित गराएको देखिन्छ। याज्ञवल्क्यका दुइटी पत्नी थिए यौनको दुर्निवार आवश्यक्ता र वेदनिर्माणका वेलाको स्वार्थका कारणले पनि दुई पत्नी जम्मा गरेका थिए। उनी मिथिलाका थिए। उनका पिता अनिकालका बेला गरिबलाई विनाशुल्क हजारौं मुरी धान बाँड्थे।

वैशम्पायन यिनका मामा र गुरु दुवै थिए। मामासँग सामान्य मतभेद भएपछि मामाको गुरुकुल परित्याग गरेर सूर्यसँग शुक्लयजुर्वेदको शिक्षा लिएका कुराहरू भेटिन्छन्। ठीक यस्तै प्रसंग कांग्रेसको पनि छ। नेपालको तत्कालीन आवश्यक्ताका कारणले बाघ, स्याल, सर्प, बिच्छी र भ्यागुताका मेलमिलापका बलमा नेपाली कांग्रेस पार्टी खुलेको थियो। 'अहिंसा प्रतिष्ठायां तत्सन्नि धौवैरत्यागः' भन्ने पतञ्जलीको योगसूत्रका अनुसार नै विश्वेश्वरप्रसाद कोइरालाको उच्चबौद्धिक क्षमता र निर्लोभी त्याग र मूल्यप्रतिको निष्ठाका अगाडि सबै निष्तर्क भए। कतिपय सिकारमा बाँच्ने र बाँचेर आएका जीव पनि लुरुक्क परेका थिए।

अहिले सबै लोभी स्याल, हुँडार आफैं सिकार गर्न नसक्ने तर बाघ सिंहले गरेका सिकारलाई हुल बाँधेर झम्टा मार्ने र सक पुगे सिंह र बाघलाई झम्टा दिएर भगाई आफैं सिकार लुछेर पेट भर्ने प्रकृतिका जीव यस दलमा भरिएका छन्। शायद यसैलाई हाइना भन्छन् क्यारे (रूपरङ हाइना र हुँडारको)उस्तै देख्छु। अहिले कांग्रेसमा देश जनतालाई सत्ताको 'बालो' दान गर्न नदीकिनारमा बसेको एउटा घाइते बुढो बाघ र अर्को भर्खरै हुर्कँदै गरेको पट्ठो बाघका बीचमा सुनको बालो मेरो/मेरोको घोर तर परिणामदायी युद्ध चलेको देखिन्छ। 'युद्धेषु सर्वं समीचीनं भवति' भन्ने सिद्धान्तका आधारमा कानुनी दाउपेच पनि चलाएकै छन्।

### क्रियाकेबलमुत्तरम्

एकातिर बुढो बाघ जो जीवनभरिका सिकारबाट थकित गलित नखदन्त भएको हुनाले बैंसमा आफूले सिकार गर्दा फेला परेको सुनको बालो दान गर्छु भनेर लोभी बटुवालाई आकर्षण गरेर एकै पटक भए पनि पेट भर्ने योजना अनुसार दानको समय अलिकति फरक पारेर स्नान गरेर बालो दान गर्न तयार देखिन्छ भने अर्कोतिर उम्दो उमेरका बाघले सुनका डल्ला र हीरामणिमाणिक्य मैदानमा फालेर गर्जदैछ। अब मान्छे को कता लाग्ने हुन् अनुमान सजिलो छैन। दुवै बाघ जातिकै हुन्। दुवै वनकै राजा मानिन्छन्। दुवै मांसाहारी नै हुन्। यी दुईमध्ये कुनै एक पनि चान्द्रायणव्रती भएको भए एउटा आधार हुन्थ्यो त्यो छैन। सुनिन्छ दक्षिणी वन र उत्तरी वनबाट बाघ नचाउने बघारी आएका छन् रे। तिनकै इसारामा नाच्तै आएका हुन् पनि भन्ने सुनिन्छ।

उत्तरी बघेरीले आफ्नो बाघ नचाउन नजान्दा वनमा बुढा बाघका अघि सबै नयाँ जति बाघ नभएर चितुवा निक्लेको सबै जन्तुले देख्न पाइसके। अब त्यहाँ बाघका डरले चितुवा ओडार पसे। बुढो बाघले हाई गरेर मुख बाउन थालेको देखिन्छ। महाभारतका पाखाको वन भनेको निगाले चितुवा र वनढाडेको क्रीडास्थलमात्रै हो। चारकोसे झाडी भनेको पाटेबाघ र जगरे सिंहको क्रीडास्थल हो। त्यसैले असोज र मंसिर महिना विशेष रोचक महिना बन्नेवाला छन्। एकातिर ब्राण्डको गर्जन सुनिन्छ भने अर्कातिर नवयौवनवालाको भेलछ भन्ने पनि सुनिन थालेको छ। मुखले र सञ्चारले जति जे भने पनि परिणाम नदेखिएसम्म कसैले कसैका विज्ञापनमा लाग्ने अवस्था देखिएको छैन। आजको कांग्रेस बरमझियाको पेडाका अवस्थामा पुगेको छ।

एकातिर एकथरी ब्राण्ड जम्मा गरिएको छ भने अर्कातिर मूक असली ब्राण्ड प्रदर्शन गरेको देखिन्छ। क्रेता कता लाग्छन् हेर्न बाँकी नै छ। दुवै पसले मुनाफा पनि कमाउने नाम पनि कमाउने भनेर नै पसल खोल्न पुगेका देखिन्छन्। बाघ जुधाउने बघेरीका रूपमा रहेको असली बघेरी न्यायका नौ सिङ प्रदर्शनतिर लाग्नसक्ने सम्भावना पनि रहेको छ भन्छन् अगुल्टाले हिर्काइएकाहरू। बाघबाघ मिल्दाको दुष्परिणाम मेरा मित्र दीपकराज जोशीले जुन प्रकारले भोगेका थिए त्यो अन्यत्र देख्न नपाउने अवस्था हुनसक्छ। त्यस बेलाका महत्त्वाकांक्षी बाघ अहिले मैदानमा नै छन्।

आ-आफ्नो सिकारको खेतीमा पनि लागिरहेकै रहेछन् भन्ने चाहिँ २०८३ असोज ११ गतेको पूर्वप्रधान्यायाधीश पत्र्काउ प्रसंगले प्रजातान्त्रिक विधिनियम कति निरीह र हात्तीको देखाउने दाँत तथा हराम से राम डरे भन्ने दुवै लोकोक्तिको सान्दर्भिकता लाटाले पनि बुझ्ने गरी स्पष्ट्याएको छ। वर्तमान सरकारको नियत र नियतिको उत्तर तिनकै कार्यशैलीले दिएन र ? उमेरको पार्थक्यबाहेक बुढा बाघमध्येका दुई ओली चोलेन्द्र र बालेन्द्रमा फरक के दखियो र ?

> अहिले कांग्रेसमा देश जनतालाई सत्ताको 'बालो' दान गर्न नदीकिनारमा बसेको एउटा घाइते बुढो बाघ र अर्को भर्खरै हुर्कँदै गरेको पट्ठो बाघका बीचमा सुनको बालो मेरो/मेरोको घोर तर परिणामदायी युद्ध चलेको देखिन्छ। 'युद्धेषु सर्वं समीचीनं भवति' भन्ने सिद्धान्तका आधारमा कानुनी दाउपेच पनि चलाएकै छन्।

### येनाहं नामृता स्यां किमहं तेन कुर्याम्

जेले म अमर बन्छु त्यो धन मलाई दिनुहोस्। महर्षि याज्ञवल्क्यका दुईवटी पत्नी थिए। एकदिन उनले आफू तपस्यामा जाने बेला भएपछि भएको धनसम्पत्ति भाग लाएर आफू तपस्याका लागि उत्तरापन्थतिर जाने कुरो गर्दा मैत्रेयीले यो वाक्य भनेकी थिइन्। पतिपत्नीका बीचमा भएको लामो संवादपछि याज्ञवल्क्यका कुरा सुनेर मैत्रेयीले सोधिन् त्यो अथाह वा स्वल्पधनले म अजरअमर बन्छु ? होइन धनले अजरअमर कहिल्यै कोही पनि हुँदैन त्यसका लागि त ब्रह्मचिन्तन र आचरणयुक्त योगको आवश्यक्ता पर्दछ भनेपछि त्यसो भए मलाई त्यस्तो धन दिनुस् जसले म अजरअमर बन्न सकूँ। यो नासवान् धनतिर मलाई आशक्ति छैन भनेपछि बृहदारण्यक उपनिषद् गम्भीर बनेर अघि बढ्छ।

कृष्णप्रसाद कोइराला र चन्द्र शमशेरदेखि आरम्भ भएको द्वन्द्वले मोहन शमशेरसम्म पनि हारजित हुनसकेन। यो लडाइँ धन र मनको थियो एकातिर भने अर्कातिर मानवीय अहं जनता, देश र तिनका हकअधिकारसम्म पनि फैलिएर गयो। आज नेपाली कांग्रेसमा मच्चिएको द्वन्द्व अहं/अहंको हो तर जनता, देश प्रजातन्त्र, संघसंगठनका विधिनियमको आवरणले ढाकेर दुनियाँ दङ्ग्याउने खेल खेलिरहेको देखिन्छ। आजका कांग्रेसमा न याज्ञवल्क्य छन् न त मैत्रेयी नै। आज त आत्मैवप्रियःनान्यत। आफूलाई आफैं प्रिय हुन्छ नकि अर्को/अरू। किनभने 'नवा अरे भवत्यात्मनस्तु कामायपतिः प्रियो भवति। न वा अरे जायायै कामायजायाप्रियाभवत्यात्मनस्तु कामायजायाप्रियाभवति... ।'

मैत्रेयी ! आफ्नै स्वार्थका कारणले तिमीले पतिलाई माया गरेकी हौ। पत्नीका लागि मैले पनि तिमीलाई माया गरेको होइन। मेरै स्वार्थका कारणले तिमी मेरी प्यारी बनेकी हौ। यही लेनदेन एकजना कांग्रेसी नेताले र कम्युनिष्टका नेताले बुझेका हुनाले आज पनि एकअर्कामा प्रिय रहेका छन्। यो प्रियता चाहिँ न कम्युनिष्ट-कम्युनिष्टमा देखियो न त कांग्रेस- कांग्रेसमा नै देखियो। यसबाट के अवगत हुन्छ भने यी मूल्य, दर्शन, संगठन, प्रजातन्त्र भनेर गाइएका गीत छद्म हुन्। इन्द्रले वृत्रलाई मार्न समुद्रका फिँजमा वज्र लुकाएर भ्रममा पारेर मारेजस्तै गरी मान्छेलाई सम्मोहनपूर्ण मूर्ख बनाएर स्वार्थको दुनामा घ्यू पिउने उपक्रम मात्र रहेछन् भनेर दुनियाँले बुझेका दिन न सुल्फानन्द, न भ्युटावरानन्द, न त सत्तानन्द न त गन्नानन्द नै आकर्षक तत्व रहनेछन्।

सबै फुस्साको त्रिभुज हुनेछन्। यसैले त 'बालुवाको फब्बारा उठेर त्रिभुजाकार बनाएर बिलायो'। मानव जीवनका नियतिलाई विप्रले भनेका थिए। आज उनकै मूर्धन्य अनुयायी र सन्तानका क्रियाकलाप, चिन्तन, आचरण तथा व्यवहारले सत्य साबित गरिदिएको छ। शुक्लयजुर्वेद निर्माता याज्ञवल्क्यले ईशापूर्व ६ हजार वर्षदेखि ८ हजार वर्षका बीचमा स्थापित गरेको सर्वस्वार्थवादी चिन्तनमा आज विश्व उभिएको छ। अमेरिकाको डेमोक्र्याटिक, रिपब्लिकन, इरानका शासक र नेपालका कांग्रेस, कम्युनिष्ट, रास्वपा, राजाका धुपौरे, मधेसका जमिनदार, पहाडका श्रमसंस्कृति हुन् कि उज्यालो, अँध्यारो, बोटबुट्यान दल सबैलाई न देश प्रिय रहेछ न जनता न दलीय विधिविधान ? सबैलाई कुर्सी, पैसा र भजनमण्डली नै त चाहिएको देखियो। गरिब तार्ने भनेर आएको बालेनले डोजर चलाएर अथला पार्दा र हिमपहिराले अथला पार्दाको पीडितको पीडामा अन्तर हुन्छ र ?

गोठालाका लागि गाई लडेर मरेको र बाघले खाएको फरक देखिएला तर गोधनीलाई त पीडा एकै न हो किलो रित्तियो। देश गोठ हो जनता गोधनी, बाँकी सबै गोठाला। लेखनाथ पौड्यालको गौथली बोल्यो चिरीबिरी च्वार्र शीर्षक कवितामा '...म पनि भन्छु यै घर मेरो कति कति दल्थे रंग कमेरो ...विधिवश अहिले नाता पर भो...भन्ने वाक्यलाई सम्झेर शान्त, संयत जीवनमा सबै फर्कौं भन्ने सोच्न नसक्ने मानवीय चरित्रभन्दा अलि पर पो पर्छ कि भन्ने ख्याल गर्ने कि ? आधा रातमा सुल्फाका सुरमा सपना देखेर रक्सी नखाई सुतेको प्रहरीलाई आदेश दिएर मान्छे थुन्ने एकादेशका नपाउनेले केरा पाएर बोक्रैसित खाए जस्तो नगर्ने कि नेताजी हो ? यसका लागि एक हुलले चिसै पानीले नुहाउनु पर्ला।

# भोटेकोशी बाढी : त्रिशूली सभ्यताकै सत्यानाश-२

अब सरकारी ऋण र पुनर्निर्माण खर्च बढ्नेछ। पुनर्निर्माणका लागि ठूलो सार्वजनिक स्रोत जुटाउनुपर्नेछ। चार खर्बभन्दा बढी क्षति अनुमान गरिएकामा साढे ७ खर्बभन्दा बढी नेपाली रुपैयाँ पुनर्निर्माणका लागि लाग्ने सरकारको प्रक्षेपण छ। स्थानीय संस्कृतिमा असर भयावह छ। विस्थापन बढेमा स्थानीय भाषा, परम्परा र सामुदायिक संरचना कमजोर हुनसक्छ।



राजन कुइँकेल

### गत बुधबारको अंकबाट क्रमशः

परम्परागत बाढीको शैलीले विगतका वर्षाको तथ्यांकमा आधारित भएर भविष्यको बाढी अनुमान गर्न सक्छ। तर हिमचट्टान स्खलनपछि आउने हिउँ, चट्टान, गेग्रान र पानीको संयुक्त प्रहार कल्पना गरेभन्दा बढी हुँदो रहेछ। यही कारणले इसिमोडले यो घटनापछि नेपालको जलविद्युत् क्षेत्रमा जलवायु परिवर्तनको जोखिमबारे विशेष रूपमा प्रश्न उठाएको छ। अब जलविद्युत् आयोजना बनाउँदा केवल 'कति वर्षको बाढी सहन्छ ?' भन्ने प्रश्न पर्याप्त हुँदैन। अब प्रश्न हुनुपर्छ, यदि माथि हिमनदीको ठूलो भाग खस्यो भने के हुन्छ ? यदि खोलो केही समय थुनिएर अचानक फुट्यो भने के हुन्छ ?यदि गेग्रानसहितको हिमपहिरोले बाँध, इन्टेक, सुरुङ, विद्युतगृह सबैलाई एकैपटक प्रभावित गर्‍यो भने के हुन्छ ? यस्ता खराबस्थितिको आंकलन डिजाइनकै समयमा गरिनुपर्ने देखाएको छ।

त्रिशूली सभ्यताको सबैभन्दा अदृश्य क्षति हो, स्मृति। घर/भवन पुनः बनाउन सकिन्छ। सडक पुनः बनाउन सकिन्छ। पुल पुनः बनाउन सकिन्छ। जलविद्युत् आयोजना पनि फेरि बनाउन सकिन्छ तर एउटा कुरा पुनःनिर्माण गर्न अत्यन्त कठिन हुन्छ त्यो हो, सामूहिक स्मृति। एउटा पुरानो घरमा परिवारको तीन पुस्ताको कथा हुन्छ। एउटा पुरानो पसलमा बुबाको श्रम हुन्छ। एउटा घाटमा हजुरबुबाको सम्झना हुन्छ। एउटा बजारमा स्थानीय मानिसहरूको सामाजिक इतिहास हुन्छ। एउटा विद्यालयमा हजारौं विद्यार्थीको बाल्यकाल हुन्छ। यी कुरा अभिलेखमा नआए बाढीसँगै हराउँछन्। त्यसैले अब पुनर्निर्माणसँगै त्रिशूली क्षेत्रको मौखिक इतिहास, पुराना तस्वीर, नक्शा, व्यापारिक इतिहास, स्थानीय कथा, धार्मिकस्थल, बस्तीको इतिहास र परिवारगत अभिलेख संकलन गर्नुपर्छ। नत्र हामी भौतिक त्रिशूली त बनाउँछौं तर स्मृतिको त्रिशूली हराउँछ।

सभ्यता नष्ट भएको कसरी थाहा पाउने ?अब मूल प्रश्नमा फर्कौं। भदौ १० ले त्रिशूली सभ्यता नष्ट गर्‍यो भन्न मिल्छ ? यसको उत्तर दुई तहमा दिनुपर्छ। पुरातात्विक अर्थमा हामीले त्यस्तो दाबी गर्न पर्याप्त प्रमाण खोज्नुपर्छ तर सामाजिक-आर्थिक अर्थमा–यो घटनाले त्रिशूली नदीसँग जोडिएको मानव-जीवनको निरन्तरतामा गम्भीर विच्छेद ल्याएको छ। यसलाई पाँचवटा प्रश्नले परीक्षण गर्न सकिन्छ। पहिलो, मानिस बाँकी रहे ?धेरै बाँचे, धेरै मरे, धेरै बेपत्ता भए, धेरै विस्थापित भए। दोस्रो, बस्ती बाँकी रह्यो ? कतिपय बस्तीमा ठूलो भौतिक विनाश भयो। तेस्रो, अर्थतन्त्र बाँकी रह्यो ? व्यापार, पर्यटन, जलविद्युत्, कृषि र स्थानीय व्यवसायमा ठूलो चोट पर्‍यो।

चौथो, पूर्वाधार बाँकी रह्यो ? सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था, ऊर्जा र सञ्चार संरचनामा ठूलो क्षति भयो। पाँचौं, सामाजिक निरन्तरता बाँकी रह्यो ? यही प्रश्न सबैभन्दा कठिन छ। किनभने घर गुमाएका मानिसले फेरि घर बनाउन सक्छन् तर पुरानो ठाउँ नै नबचेपछि उनीहरूको सामाजिक भूगोल बदलिन्छ। त्यसैले त्रिशूली सभ्यताको 'भौतिक शरीर'मा गम्भीर चोट पुगेको छ। अब त्यसको 'आत्मा' अर्थात् सामाजिक स्मृति, संस्कृति, सम्बन्ध र निरन्तरता बचाउने काम हाम्रो हो।

दीर्घकालीन प्रभाव : आजभन्दा भोलि ठूलो संकट देखिनेछ। भदौ १० को क्षतिको पूरा परिणाम आज देखिँदैन। यसको वास्तविक प्रभाव पाँच, दश र बीस वर्षपछि देखिनसक्छ। जसमा एक हो, बसाइँसराइ। घर र रोजगारी गुमाएका परिवार सुरक्षित भूगोलतर्फ सर्न सक्छन्। यसले पहाडी तथा हिमाली बस्तीको जनसंख्या घटाउनसक्छ। अर्को, जनसांख्यिक परिवर्तन। युवा बाहिरिए भने स्थानीय अर्थतन्त्र वृद्ध र आश्रित जनसंख्यामा सीमित हुनसक्छ। कृषि संकट, खेतमा गेग्रान थुप्रिएको छ। उत्पादन घट्नेछ। व्यापारिक संरचनाको पुनर्संरचना त्यति सजिलो छैन। रसुवागढी व्यापार पुनः सुरु भए पनि पहिलेको संरचना तुरुन्त फर्कन सक्दैन। पर्यटनमा दीर्घकालीन असर पुगेको छ।

पर्यटकको धारणा 'जोखिमपूर्ण क्षेत्र' बदलिन सक्छ। ऊर्जा लगानीमा जोखिम ह्वात्तै बढेको छ। जलविद्युत् क्षेत्रमा लगानीकर्ताले हिमाली जोखिमको नयाँ मूल्यांकन गर्नुपर्ने हुनेछ। अब सरकारी ऋण र पुनर्निर्माण खर्च बढ्नेछ। पुनर्निर्माणका लागि ठूलो सार्वजनिक स्रोत जुटाउनुपर्नेछ। चार खर्बभन्दा बढी क्षति अनुमान गरिएकामा साढे ७ खर्बभन्दा बढी नेपाली रुपैयाँ पुनर्निर्माणका लागि लाग्ने सरकारको प्रक्षेपण छ। स्थानीय संस्कृतिमा असर भयावह छ। विस्थापन बढेमा स्थानीय भाषा, परम्परा र सामुदायिक संरचना कमजोर हुन सक्छ।

योसँगै भोटेकोशी बाढीले हामीलाई गम्भीर प्रश्न भने तेर्स्याएको छ, के हामीले जोखिमको भूगोलमा विकास गरिरहेका थियौं ? यस घटनापछि दोष प्रकृतिलाई मात्र दिएर उम्किन मिल्दैन। प्रकृति आफ्नो नियमानुसार चल्छ। हिमाल खस्नसक्छ। नदी बढ्नसक्छ। हिमनदी फुट्नसक्छ तर मानिसले कहाँ घर बनाउने। कहाँ सडक बनाउने ? कहाँ जलविद्युत् आयोजना बनाउने ? कति नजिक नदीमा जाने ?कुन ठाउँमा विद्यालय बनाउने ? कस्तो पुल बनाउने ? यी निर्णय मानवले गर्छ। त्यसैले अब विकासको एउटा पुरानो प्रश्न बदल्नुपर्छ। पहिले प्रश्न हुन्थ्यो, 'यहाँ विकास गर्न सकिन्छ?' अब प्रश्न हुनुपर्छ, 'यहाँ विकास गर्दा सय वर्षपछि पनि मानिस सुरक्षित रहन्छन् ?'

### त्रिशूलीलाई कसरी पुनर्निर्माण गर्ने ?

पुनर्निर्माणको अर्थ पुरानो ठाउँमा उस्तै घर बनाउनु होइन। यदि नदीले कुनै ठाउँलाई स्थायी रूपमा आफ्नो बहाव क्षेत्रमा ल्याएको छ भने त्यही ठाउँमा फेरि बस्ती बसाउनु मुर्खता हुनेछ। त्यसैले अब पुनर्निर्माणका कम्तीमा सात आधार हुनुपर्छ। १. नदीको प्राकृतिक क्षेत्र पहिचानः नदीको पुरानो र सम्भावित नयाँ धारको वैज्ञानिक रेखांकन गरिनुपर्दछ। २. जोखिम सूचना प्रणाली विकास : हिमनदीदेखि बस्तीसम्म जोडिएको रियल टाइम पूर्व-जोखिम सूचना प्रणालीको विकास गर्नुपर्दछ। ३. नयाँ जलविद्युत जोखिम मापदण्ड : विद्युत आयोजनाहरूले अब वर्षातृको बाढीमात्र होइन, हिमचट्टान/नदी खसेर आउनसक्ने र त्यसले पार्ने उच्चतम जोखिम अनुमान पनि डिजाइनमा समेट्ने। ४. सुरक्षित पुनर्वासः जोखिमयुक्त क्षेत्रमा "घर बनाइदिने" होइन, सुरक्षित भूगोलमा सम्मानजनक पुनर्वास गर्नुपर्छ। ५. पूर्वाधारको पुनर्कल्पना : सडक र पुल केवल पहिले जहाँ थिए त्यहीँ पुनः बनाउनु हुँदैन। ६. सांस्कृतिक अभिलेख : बाढीले नष्ट गर्नुअघि बाँचेका स्मृति, कथा, तस्बिर, दस्तावेज र मौखिक इतिहास संकलन गर्नुपर्छ। ७. हिमालयका लागि अन्तर्राष्ट्रिय जोखिम प्रणाली : यो नेपालले एक्लै गर्ने र गर्नसक्ने विषय होइन। हिमनदी सीमामा रोकिँदैन। नदी सीमामा रोकिन्न। विपत्ति पनि सीमामा रोकिन्न। त्यसैले नेपाल-चीनबीच रियल टाइम डाटा साझा, संयुक्त अनुगमन र क्रसबोर्डर जनाउ पद्धति विकास गर्नुपर्दछ।

### जलवायु परिवर्तनको प्रश्न :

भदौ १० को घटना 'जलवायु परिवर्तनले नै गराएको हो' भन्ने निष्कर्ष वैज्ञानिक तथ्यहरूले पुष्टि गर्दै लैजालान् तर हिमाली क्षेत्र तीव्र गतिमा बदलिरहेको, हिमनदीहरू पग्लिरहेका र पर्माफ्रोष्ट (चट्टान च्यापेर बसेको हिउँसहितको सतह) कमजोर भइरहेको प्रष्ट छ। हिमाली ढलान अस्थिर हुँदैछन्। नयाँ हिमताल बन्ने जोखिम बढिरहेको छ। यसले ग्लेसियरसम्बन्धित जोखिमको स्वरूप बदलिरहेको छ। नेपालले अब विकास र जलवायु नीतिलाई अलग-अलग हेर्न सक्दैन। हिमालको सुरक्षा नै पूर्वाधारको सुरक्षा हो। हिमनदीको अध्ययन नै जलविद्युतको सुरक्षा अध्ययन हो। नदीको भविष्य बुझ्नु नै बस्तीको भविष्य बुझ्नु हो। भदौ १० को बाढीले नेपाललाई एउटा कठोर पाठ सिकाएको छ। हामीले नदीलाई धेरैपटक केवल स्रोतका रूपमा हेरेका छौं।

पानी, जलविद्युत्, सिँचाइ, पर्यटन, बालुवा तर नदी एउटा जीवित भौगोलिक प्रणाली हो। उसको आफ्नै ठाउँ हुन्छ। उसको आफ्नै शक्ति हुन्छ। उसको आफ्नै स्मृति हुन्छ। उसले पुरानो बाटो सम्झन्छ। कहिलेकाहीं त्यो बाटो दशकौंसम्म शान्त रहन्छ तर असाधारण घटना भयो भने नदीले आफ्नो पुरानो शक्ति पुनः देखाउनसक्छ। त्यसैले विकासको नयाँ दर्शन हुनुपर्छ, नदीलाई जित्ने होइन, नदीसँग सहअस्तित्व गर्ने।

### अब अन्तिम प्रश्न, के त्रिशूली फेरि उस्तै बन्नसक्छ ?

सक्दैन र सायद बन्नु पनि हुँदैन। किनभने जुन घर गयो, त्यो घर उस्तै फर्किंदैन। जुन मानिस गयो, फर्किंदैन। जुन बजारको सामाजिक सम्बन्ध टुट्यो, त्यो उस्तै हुँदैन। जुन खेतमा गेग्रान थुप्रियो, त्यसको इतिहास बदलियो। जुन परिवार विस्थापित भयो, उसको भूगोल बदलियो तर यसको अर्थ त्रिशूलीको भविष्य सकियो भन्ने होइन। बरू यही विनाशबाट नयाँ त्रिशूली निर्माण गर्ने अवसर आएको छ। सुरक्षित त्रिशूली। वैज्ञानिक त्रिशूली। जलवायु-अनुकूल त्रिशूली। मानवकेन्द्रित त्रिशूली। नदीसँग सहअस्तित्व गर्ने त्रिशूली।

निष्कर्ष : भदौ १० केवल बाढीको मिति होइन। भदौ १० लाई हामीले भविष्यमा कुन नामले सम्झिने ? एउटा बाढी ? एउटा प्राकृतिक विपत्ति ? एउटा राष्ट्रिय शोक ? वा एउटा सभ्यताको मोड ? इतिहासले यसको उत्तर पछि दिनेछ तर आज हामीसँग एउटा कुरा स्पष्ट छ। भोटेकोशी-त्रिशूली करिडोरमा नष्ट भएको कुरा केवल हजारौं घरको छाना थिएन। त्यहाँ मानिसको पुस्तौंको श्रम थियो। व्यापार थियो। कृषि थियो। यात्रा थियो। तीर्थ थियो। संस्कृति थियो। विद्यालय थियो। रोजगारी थियो। जलविद्युत् थियो। सीमापार सम्बन्ध थियो र सबैभन्दा ठूलो कुरा, मानिस र नदीबीच बनेको एउटा लामो सम्बन्ध थियो।

त्यसैले भदौ १० को विपत्तिको मूल्य केवल रुपैयाँमा निकाल्न सकिँदैन। रुपैयाँले पुलको मूल्य बताउनसक्छ तर पुलले जोडेको समाजको मूल्य बताउन सक्दैन। रुपैयाँले घरको मूल्य बताउनसक्छ तर त्यो घरभित्र तीन पुस्ताले बोकेको स्मृतिको मूल्य बताउन सक्दैन। रुपैयाँले जलविद्युत् आयोजनाको मूल्य बताउन सक्छ। तर त्यहाँ काम गर्ने मजदुरको जीवनको मूल्य बताउन सक्दैन र रुपैयाँले नदीको पानीको मूल्य बताउनसक्छ तर नदीसँगै जन्मिएको सभ्यताको मूल्य बताउन सक्दैन।

त्यसैले अब हाम्रो काम केवल भग्नावशेष हटाउनु होइन। हामीले निर्णय गर्नुपर्नेछ, अबको त्रिशूली कस्तो बनाउने ? पुरानै जोखिममा पुरानै बस्ती ? पुरानै ढाँचामा पुरानै विकास ? कि भदौ १० बाट सिकेर नयाँ भूगोल, नयाँ विज्ञान, नयाँ पूर्वाधार र नयाँ चेतनासहितको त्रिशूली ? यो निर्णय केवल आजको सरकारको निर्णय होइन। यो आगामी पुस्ताको भविष्यको निर्णय हो। किनकि नदी फेरि बग्नेछ। हिमाल फेरि हल्लिन सक्छ। वर्षा फेरि हुनसक्छ। हिमनदी फेरि परिवर्तन हुनसक्छ तर यदि हामीले यसपटक पनि नबुझे, अर्को भदौ १० ले हामीलाई फेरि यही प्रश्न सोध्नेछ।

त्यसैले भदौ १० को सबैभन्दा ठूलो स्मारक ढुंगाको स्मारक हुनु हुँदैन। त्यो स्मारक हुनुपर्छ, सुरक्षित बस्ती। वैज्ञानिक पूर्वाधार। पूर्वसूचना प्रणाली। नदीको सम्मान। हिमालको अध्ययन र मानिसको जीवनलाई विकासभन्दा माथि राख्ने नयाँ सोच। त्रिशूलीको पानी बगिरहनेछ तर अब प्रश्न यो हो, हामी त्यसको किनारमा कस्तो सभ्यता बनाउँछौं ? समाप्त।

# संयुक्त राष्ट्रसंघको मञ्चमा नेपालको उपस्थिति: सम्बोधनभन्दा परिणामको खोजी

**संयुक्त राष्ट्रसंघको मञ्चमा आफ्नो धारणा राख्नु एउटा पक्ष हो भने त्यसलाई अन्तर्राष्ट्रिय निर्णय प्रक्रिया र सहयोगका कार्यक्रमसँग जोड्नु अर्को महत्त्वपूर्ण पक्ष हो । महासभाको रोस्ट्रमबाट गरिएको भाषणले मात्रै कुनै देशको समस्या समाधान हुँदैन । त्यसका लागि निरन्तर कूटनीतिक संवाद, अन्तर्राष्ट्रिय समर्थन जुटाउने प्रयास र सम्बन्धित निकायसँगको संस्थागत सहकार्य आवश्यक हुन्छ ।**



● डा.डीआर उपाध्याय

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले गरेको सम्बोधनलाई नेपालको कूटनीतिक यात्राको एउटा महत्त्वपूर्ण घटनाका रूपमा लिन सकिन्छ । देशको कार्यकारी प्रमुखका रूपमा उनले अन्तर्राष्ट्रिय मञ्चबाट नेपालको धारणा प्रस्तुत गरेका छन् । विगतका तुलनामा सानो प्रतिनिधिमण्डल, सीमित खर्च र सामान्य शैलीमा सम्पन्न भ्रमणले राज्य सञ्चालनमा मितव्ययिताको सन्देश दिन खोजेको देखिन्छ । तर, कुनै पनि भ्रमणको महत्त्व त्यसको बाहिरी स्वरूपले मात्र निर्धारण गर्दैन । त्यसले देशको राष्ट्रिय हितलाई कति बलियो बनायो, अन्तर्राष्ट्रिय सम्बन्धलाई कति विस्तार गर्‍यो र जनताले भोगिरहेका समस्याको समाधानमा कस्तो योगदान पुर्‍यायो भन्ने आधारमा त्यसको वास्तविक मूल्यांकन हुनुपर्छ । त्यसैले प्रधानमन्त्रीको सम्बोधनको प्रशंसा वा आलोचनामा सीमित नभई त्यसबाट नेपालले हासिल गर्नसक्ने उपलब्धि र गुमाएका अवसरको गम्भीर समीक्षा आवश्यक छ ।

संयुक्त राष्ट्रसंघको सदस्य बनेदेखि नै नेपालले अन्तर्राष्ट्रिय समुदायमाझ आफ्नो उपस्थिति कायम राख्दै आएको छ । सात दशकभन्दा लामो यो यात्रामा नेपालले विभिन्न राजनीतिक व्यवस्था, शासन प्रणाली र विकासका चरण पार गरेको छ । कहिले राष्ट्रप्रमुख त कहिले सरकारप्रमुख वा प्रतिनिधिमार्फत नेपालले विश्व समुदायसमक्ष आफ्ना धारणा राख्दै आएको छ । देशले हरेक पाँच वर्षमा विकास योजनाको समीक्षा गर्छ, दशकौंको यात्रालाई उपलब्धि र कमजोरीका आधारमा मूल्यांकन गर्छ । तर, अन्तर्राष्ट्रिय सम्बन्धको यति लामो यात्रामा संयुक्त राष्ट्रसंघको मञ्चबाट नेपालले के प्राप्त गर्‍यो, के गर्न सक्थ्यो र कहाँ चुकेको छ भन्ने विषयमा त्यत्तिकै गम्भीर समीक्षा हुनुपर्छ । महासभामा नेपालको उपस्थिति औपचारिकमात्र होइन, राष्ट्रिय स्वार्थको संरक्षण र अन्तर्राष्ट्रिय सहयोग जुटाउने अवसर हो ।

नेपाल जलवायु परिवर्तनको प्रत्यक्ष असर, प्राकृतिक विपत्ति, कमजोर अर्थतन्त्र, रोजगारीको अभाव र विकासका अनेकौं चुनौतीसँग जुधिरहेको छ । भोटेकोशी क्षेत्रमा आएको बाढीले पुर्‍याएको क्षतिदेखि देशका विभिन्न भू-भागमा देखिएका प्राकृतिक विपत्तिसम्मले नेपाललाई अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता झन् स्पष्ट पारेका छन् । यस्तो अवस्थामा प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको मञ्चबाट जलवायु न्याय, क्षतिपूर्ति र विकासशील राष्ट्रका समस्यालाई उठाउनु स्वाभाविक र आवश्यक थियो । तर, प्रश्न यतिमै सीमित हुँदैन । नेपालले भोगिरहेको संकटलाई विश्व समुदायको साझा सरोकार बनाउन के कस्ता कूटनीतिक पहल गरिए ? जलवायुजन्य क्षतिको मूल्यांकन, पुनर्निर्माणका लागि आर्थिक स्रोतको परिचालन र दीर्घकालीन सहयोगका विषयमा के कस्ता प्रतिबद्धता प्राप्त भए ? यस्ता प्रश्नको जवाफले नै भ्रमणको सार्थकता स्पष्ट पार्नेछ ।

प्रधानमन्त्रीको भ्रमण टोली सानो हुनु आफैंमा उपलब्धिको पूर्ण मापदण्ड होइन । विगतमा विदेश भ्रमणका क्रममा आवश्यकताभन्दा ठूलो प्रतिनिधिमण्डल जाने र सरकारी खर्च बढ्ने गरेको विषयमा प्रश्न उठ्दै आएको हो । त्यसैले सीमित जनशक्ति र खर्चमा भ्रमण गर्नुले मितव्ययिताको सन्देश दिनसक्छ । तर, सानो टोलीको नाममा आवश्यक विज्ञ, कूटनीतिक अधिकारी र विषयगत प्रतिनिधिको सहभागिता कमजोर बन्यो भने त्यसले भ्रमणको उद्देश्य पूरा गर्न कठिन बनाउँछ । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्दा परराष्ट्र सम्बन्ध, अर्थतन्त्र, जलवायु परिवर्तन, लगानी, श्रम आप्रवासन र विकास सहयोगजस्ता विषयमा काम गर्ने निकायबीच समन्वय आवश्यक हुन्छ । भ्रमणको प्रभावकारिता टोलीको आकारले होइन, त्यसले गर्नसक्ने काम र हासिल गर्ने उपलब्धिले निर्धारण गर्छ ।

संयुक्त राष्ट्रसंघको महासभा विश्वका राष्ट्रप्रमुख, सरकारप्रमुख र उच्चस्तरीय प्रतिनिधिहरू एकै ठाउँमा भेला हुने महत्त्वपूर्ण अवसर हो । यस्तो अवसरलाई केवल सम्बोधन गर्ने र स्वदेश फर्किने औपचारिकतामा सीमित गर्नु नेपालको हितमा हुँदैन । नेपालसँग कूटनीतिक सम्बन्ध भएका मित्रराष्ट्रका प्रतिनिधिसँग भेटघाट, विकास साझेदारसँग संवाद, अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य र विदेशमा रहेका नेपाली समुदायका सरोकार सम्बोधन गर्ने अवसर पनि यही समयमा प्राप्त हुन्छ । तर, प्रधानमन्त्रीको भ्रमणमा यस्ता भेटघाटलाई कति प्राथमिकता दिइयो र तिनबाट के उपलब्धि हासिल भयो भन्ने विषयमा सार्वजनिक रूपमा स्पष्ट जानकारी आउनु आवश्यक छ ।

नेपालले अन्तर्राष्ट्रिय सहयोगका लागि विभिन्न देश र संस्थासँग सम्बन्ध विस्तार गर्दै आएको छ । विकास सहायता, सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र पूर्वाधार निर्माणका क्षेत्रमा सहकार्यको ठूलो सम्भावना छ। संयुक्त राष्ट्रसंघको महासभाका क्रममा विकास साझेदार तथा दातृ निकायका उच्च अधिकारीसँग छलफल गरेर नेपालका प्राथमिकता स्पष्ट पार्न सकिन्थ्यो । बाढीपहिरोबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, जलवायु अनुकूलन, ऊर्जा उत्पादन, कृषि आधुनिकीकरण र रोजगारी सिर्जनाका क्षेत्रमा लगानी तथा सहयोगका ठोस प्रस्ताव अघि सार्न सकिन्थ्यो । यस्ता विषयमा भएका संवाद र त्यसबाट प्राप्त प्रतिबद्धताले भ्रमणको उपलब्धि मापन गर्न सहयोग पुर्‍याउँछन् ।

> **संयुक्त राष्ट्रसंघको मञ्चमा नेपालको उपस्थिति आफैंमा महत्त्वपूर्ण हो । तर, त्यसको वास्तविक सार्थकता सम्बोधनको चर्चा कति भयो भन्नेमा होइन, त्यसले देशका लागि कति अवसर सिर्जना गर्‍योमा निहित हुन्छ । नेपालले विश्व समुदायसँग आफ्नो पीडा र अपेक्षामात्र होइन, सम्भावना, क्षमता र सहकार्यको स्पष्ट प्रस्ताव पनि प्रस्तुत गर्नुपर्छ । अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरिएका प्रतिबद्धतालाई राष्ट्रिय नीतिमा रूपान्तरण गर्दै नागरिकको जीवनमा देखिने परिणाम हासिल गर्न सकेमात्र प्रधानमन्त्रीको भ्रमणले दीर्घकालीन अर्थ प्राप्त गर्नेछ ।**

संयुक्त राष्ट्रसंघको मञ्चमा आफ्नो धारणा राख्नु एउटा पक्ष हो भने त्यसलाई अन्तर्राष्ट्रिय निर्णय प्रक्रिया र सहयोगका कार्यक्रमसँग जोड्नु अर्को महत्त्वपूर्ण पक्ष हो । महासभाको रोस्ट्रमबाट गरिएको भाषणले मात्रै कुनै देशको समस्या समाधान हुँदैन । त्यसका लागि निरन्तर कूटनीतिक संवाद, अन्तर्राष्ट्रिय समर्थन जुटाउने प्रयास र सम्बन्धित निकायसँगको संस्थागत सहकार्य आवश्यक हुन्छ । नेपालले विगतमा पनि अन्तर्राष्ट्रिय मञ्चबाट विभिन्न मुद्दा उठाउँदै आएको छ । तर, ती मुद्दालाई कार्यान्वयनको तहसम्म पुर्‍याउन कति प्रभावकारी पहल भयो भन्ने प्रश्न सधैं महत्त्वपूर्ण रहन्छ । त्यसैले प्रधानमन्त्रीको सम्बोधनपछि त्यसमा उठाइएका विषयलाई अघि बढाउन सरकारले कस्तो कार्ययोजना बनाएको छ भन्ने कुरा सार्वजनिक हुनुपर्छ ।

भ्रमण खर्चका विषयमा पनि बहसलाई केवल रकमको हिसाबकिताबमा सीमित गर्नु उचित हुँदैन । राष्ट्रप्रमुख वा सरकारप्रमुखको विदेश भ्रमणलाई खर्चका रूपमा मात्र नभई राष्ट्रिय हितका लागि गरिने सम्भावित लगानीका रूपमा पनि हेर्नुपर्छ । तर लगानीको औचित्य पुष्टि गर्न त्यसबाट प्राप्त उपलब्धि स्पष्ट हुनुपर्छ । भ्रमणमा कति खर्च भयो भन्ने विवरण पारदर्शी हुनु आवश्यक छ, तर त्यससँगै भ्रमणबाट कति अन्तर्राष्ट्रिय सहयोग जुट्यो, कति नयाँ साझेदारीको आधार तयार भयो र राष्ट्रिय प्राथमिकतामा कस्तो प्रगति भयो भन्ने विवरण उत्तिकै महत्त्वपूर्ण छ । मितव्ययिता र उपलब्धि एकअर्काका विरोधी होइनन् । सीमित स्रोतको अधिकतम सदुपयोग गर्दै परिणाममुखी कूटनीति सञ्चालन गर्नु नै प्रभावकारी राज्य व्यवस्थापनको आधार हो ।

नेपालको आर्थिक विकासका लागि अन्तर्राष्ट्रिय प्रविधि, पुँजी र ज्ञानको उपयोग अर्को महत्त्वपूर्ण विषय हो । विश्वका ठूला प्रविधि कम्पनीसँग सहकार्य, डिजिटल अर्थतन्त्रको विस्तार, प्राकृतिक स्रोतको दिगो उपयोग र उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने विषयमा नेपालले स्पष्ट नीति र कार्ययोजना अघि सार्नुपर्छ । बहुराष्ट्रिय कम्पनीलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने, प्रविधि हस्तान्तरणको वातावरण बनाउने र अन्तर्राष्ट्रिय बजारसँग नेपाली उत्पादनको पहुँच विस्तार गर्ने विषयमा उच्चस्तरीय कूटनीतिक पहल आवश्यक छ । प्राकृतिक स्रोतको उपयोग गर्दा राष्ट्रिय हित, वातावरणीय संरक्षण र स्थानीय समुदायको अधिकारलाई पनि सुनिश्चित गर्नुपर्छ । यस्ता विषयमा अन्तर्राष्ट्रिय साझेदारीका सम्भावना पहिचान गर्नु महासभाजस्ता मञ्चको महत्त्वपूर्ण उपयोग हुनसक्छ ।

प्रधानमन्त्रीको सम्बोधनको विषयवस्तुलाई यही व्यापक परिप्रेक्ष्यमा बुझ्नुपर्छ । उनले नेपालका समस्या, विश्वव्यापी चुनौती र नेपालको दृष्टिकोण प्रस्तुत गरेका छन् । तर, अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गर्दा देशका समस्या उल्लेख गर्नु मात्र पर्याप्त हुँदैन । नेपालको ऐतिहासिक अनुभव, राजनीतिक परिवर्तन, शान्ति प्रक्रिया, लोकतान्त्रिक अभ्यास र सामाजिक विविधताबाट विश्वले सिक्न सक्ने पक्षलाई प्रभावकारी ढंगले प्रस्तुत गर्न सकिन्छ । नेपालले लामो समयदेखि विभिन्न राजनीतिक संघर्ष र संक्रमण पार गर्दै आएको छ । पछिल्लो जेन-जी आन्दोलनले पनि देशको राजनीतिक तथा सामाजिक जीवनमा महत्त्वपूर्ण परिवर्तन ल्याएको छ । यस आन्दोलनले उठाएका सुशासन, जवाफदेहिता र सार्वजनिक उत्तरदायित्वका विषयलाई नेपालको लोकतान्त्रिक यात्राको सन्दर्भमा अन्तर्राष्ट्रिय समुदायसमक्ष स्पष्ट रूपमा राख्न सकिन्थ्यो ।

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक अधिकार, समावेशिता, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यलाई पनि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको पहिचानका रूपमा प्रस्तुत गर्न सकिन्छ । विश्वका विभिन्न देश द्वन्द्व, असमानता र राजनीतिक अस्थिरताका चुनौतीसँग जुधिरहेका बेला नेपालको शान्ति प्रक्रिया र विविधताबीच सहअस्तित्वको अनुभव अन्तर्राष्ट्रिय संवादका लागि उपयोगी हुनसक्छ । नेपालले आफ्नो मौलिक इतिहास र अनुभवलाई आत्मविश्वासका साथ प्रस्तुत गर्दै विश्वशान्ति, मानवअधिकार र अन्तर्राष्ट्रिय सहकार्यमा योगदान पुर्‍याउने अवसर खोज्नुपर्छ ।

नेपालको पहिचान हिमाल, प्रकृति र सांस्कृतिक सम्पदासँग पनि जोडिएको छ । सगरमाथा, गौतम बुद्धको जन्मस्थल लुम्बिनी र नेपालको प्राकृतिक तथा सांस्कृतिक विविधता अन्तर्राष्ट्रिय पर्यटनका महत्त्वपूर्ण आधार हुन् । यी विषयलाई केवल गौरवका प्रतीकका रूपमा प्रस्तुत गर्नुको सट्टा पर्यटन, अर्थतन्त्र र अन्तर्राष्ट्रिय सहकार्यसँग जोड्न सकिन्छ । नेपालले शान्ति, प्रकृति संरक्षण, आध्यात्मिक पर्यटन र दिगो विकासका क्षेत्रमा अन्तर्राष्ट्रिय साझेदारी विस्तार गर्न सक्छ । यसका लागि भाषणसँगै पर्यटन प्रवर्द्धन, लगानी आकर्षण र सांस्कृतिक आदानप्रदानका ठोस कार्यक्रम आवश्यक हुन्छन् ।

तर, अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गरिने सन्देश र देशभित्रको वास्तविक अवस्थाबीच सामञ्जस्य हुनु उत्तिकै आवश्यक छ । कुनै पनि देशको विश्वसनीयता उसले बोल्ने शब्दबाट मात्र होइन, आफ्ना नागरिकप्रति गर्ने व्यवहारबाट पनि मापन हुन्छ । मानवअधिकार, सामाजिक न्याय, सुशासन र नागरिक स्वतन्त्रताका विषयमा अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता व्यक्त गर्दा देशभित्र तिनको कार्यान्वयन कस्तो छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । सुकुमबासी बस्ती व्यवस्थापन, नागरिकको आवास अधिकार, सार्वजनिक सेवा प्रवाह र राज्यका निकायले नागरिकसँग गर्ने व्यवहारजस्ता विषयले सरकारको प्रतिबद्धताको परीक्षण गर्छन् ।

भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनर्निर्माणदेखि महँगी, रोजगारी र दैनिक उपभोग्य वस्तुको सहज आपूर्तिसम्मका विषय सरकारको कार्यक्षमतासँग जोडिएका छन् । नागरिकले आधारभूत सेवा प्राप्त गर्न कठिनाइ भोगिरहेका बेला अन्तर्राष्ट्रिय मञ्चबाट व्यक्त गरिएका प्रतिबद्धतालाई व्यवहारमा उतार्नु सरकारको दायित्व हो । राज्यका निकायको कार्यशैली, नागरिकका आवाजप्रतिको व्यवहार र कानुनी प्रक्रियाको पालना पनि सरकारको अन्तर्राष्ट्रिय छविसँग सम्बन्धित हुन्छन् । त्यसैले विदेशमा प्रस्तुत गरिने आदर्श र देशभित्रको शासन व्यवहारबीच दूरी बढ्न नदिनु आवश्यक छ ।

प्रधानमन्त्रीको सम्बोधनमा प्रयोग भएको भाषा, शैली, हाउभाउ र प्रस्तुतीकरणले सार्वजनिक बहसमा स्थान पाउनु स्वाभाविक हो । तर, राष्ट्रप्रमुख वा सरकारप्रमुखको अन्तर्राष्ट्रिय भ्रमणलाई व्यक्तित्व प्रदर्शन वा लोकप्रियताको प्रतिस्पर्धाका रूपमा मात्र बुझ्नु हुँदैन । प्रधानमन्त्रीको जिम्मेवारी कुनै एउटा राजनीतिक समूह वा समर्थकको अपेक्षा पूरा गर्नुमा सीमित हुँदैन । उनी सम्पूर्ण देशको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय समुदायसमक्ष उपस्थित हुन्छन् । त्यसैले सम्बोधनको मूल्यांकन गर्दा त्यसले राष्ट्रिय हितको संरक्षण, अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार र नागरिकको जीवनमा सुधार ल्याउन कस्तो भूमिका खेल्छ भन्ने विषयलाई केन्द्रमा राख्नुपर्छ ।

नेपालको वर्तमान राजनीतिक परिस्थितिले प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमाथि विशेष अपेक्षा सिर्जना गरेको छ । जेनजी आन्दोलनपछि बनेको राजनीतिक परिवेश र त्यसपछि सम्पन्न निर्वाचनले नयाँ नेतृत्वप्रति जनताको आशा र अपेक्षा बढाएको छ । यस्तो अवस्थामा सरकारको हरेक निर्णय र गतिविधिलाई नागरिकले नजिकबाट नियालिरहेका छन् । राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सुशासन र आर्थिक समृद्धिका विषयमा सरकारले स्पष्ट दृष्टिकोण प्रस्तुत गर्नुपर्ने आवश्यकता छ । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आवाज प्रभावकारी बनाउनु र देशभित्र नागरिकको विश्वास कायम राख्नु एकअर्कासँग जोडिएका जिम्मेवारी हुन् ।

अन्ततः संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्रीको सम्बोधनलाई सफल वा असफल भनेर तत्काल निष्कर्ष निकाल्नुभन्दा त्यसको परिणामलाई समयक्रममा मूल्यांक गर्नु उचित हुन्छ । जलवायु न्यायका विषयमा नेपालले कस्तो सहयोग प्राप्त गर्छ, विपद्पछिको पुनर्निर्माणमा अन्तर्राष्ट्रिय साझेदारी कति विस्तार हुन्छ, विकासका प्राथमिकतामा कस्तो प्रगति हुन्छ र नेपालको कूटनीतिक सम्बन्ध कति प्रभावकारी बन्छ भन्ने प्रश्नको जवाफ महत्त्वपूर्ण हुनेछ । सरकारले भ्रमणका उपलब्धि, भएका भेटघाट, प्राप्त प्रतिबद्धता र आगामी कार्ययोजनाबारे पारदर्शी रूपमा जानकारी दिनुपर्छ ।

संयुक्त राष्ट्रसंघको मञ्चमा नेपालको उपस्थिति आफैंमा महत्त्वपूर्ण हो । तर, त्यसको वास्तविक सार्थकता सम्बोधनको चर्चा कति भयो भन्नेमा होइन, त्यसले देशका लागि कति अवसर सिर्जना गर्‍यो भन्नेमा निहित हुन्छ । नेपालले विश्व समुदायसँग आफ्नो पीडा र अपेक्षामात्र होइन, सम्भावना, क्षमता र सहकार्यको स्पष्ट प्रस्ताव पनि प्रस्तुत गर्नुपर्छ । अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरिएका प्रतिबद्धतालाई राष्ट्रिय नीतिमा रूपान्तरण गर्दै नागरिकको जीवनमा देखिने परिणाम हासिल गर्न सकेमात्र प्रधानमन्त्रीको भ्रमणले दीर्घकालीन अर्थ प्राप्त गर्नेछ ।

**(लेखक डा.उपाध्याय १५३ विश्वकीर्तिमानी व्यक्तित्व हुनुहुन्छ ।)**

## मेरिल्याण्डमा नेपाल सडक महोत्सव, नेपाली कला-संस्कृतिको प्रवर्द्धन

**मेरिल्याण्ड (अमेरिका)** । नेपाली कला, संस्कृति, परम्परा तथा सम्पदाको प्रवर्द्धन गर्ने उद्देश्यले अमेरिकाको मेरिल्याण्ड राज्यमा 'नेपाल सडक महोत्सव-२०२६' आयोजना गरिएको छ । नेपाली समुदायको साझा संस्था बाल्टिमोर एसोसिएसन अफ नेपालीज इन अमेरिका (बाना)को अगुवाइमा आयोजित महोत्सवमा मेरिल्याण्डसहित आसपासका विभिन्न राज्यमा बसोवास गर्ने नेपाली समुदायको उल्लेख्य सहभागिता रहेको थियो ।




'हाम्रो संस्कृति, सम्पदा र समुदायको उत्सव' भन्ने मूल नाराका साथ आयोजित महोत्सवमा नेपाली समुदायका विभिन्न जातीय तथा क्षेत्रीय संघसंस्थाले आ-आफ्ना ब्यानरसहित सहभागिता जनाएका थिए । सहभागी संस्थाले आफ्ना मौलिक संस्कृति, परम्परा र पहिचान झल्काउने विभिन्न झाँकीसमेत प्रस्तुत गरेका थिए ।

महोत्सवमा नेपाली कला, संस्कृति, परम्परा, संगीत, नृत्य तथा हस्तकलाका साथै विभिन्न नेपाली खानाका परिकार प्रदर्शन गरिएको थियो । कार्यक्रममा नेपालका ख्यातिप्राप्त कलाकारले सांस्कृतिक प्रस्तुति दिएका थिए ।

नेपालको कला, संस्कृति, परम्परा तथा सम्पदालाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन र प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बानाका वरिष्ठ उपाध्यक्ष जनकबहादुर थापाले बताउनुभयो । बानाले विगत सात वर्षदेखि प्रत्येक वर्ष नेपाल सडक महोत्सव आयोजना गर्दै आएको छ । यस वर्षको महोत्सव यसको आठौं संस्करण हो ।

नेपालको कला, संस्कृति, प्राकृतिक तथा पर्यटकीय सम्पदाको प्रचारप्रसार गर्दै विदेशी पर्यटकलाई नेपाल भ्रमणका लागि आकर्षित गर्नु महोत्सवको प्रमुख उद्देश्य रहेको आयोजकले जनाएको छ । नेपाली कला तथा संस्कृतिलाई अमेरिकी समुदायमाझ परिचित गराउँदै नेपाल र अमेरिकाबीचको सांस्कृतिक सम्बन्ध थप सुदृढ बनाउन महोत्सवले योगदान पुर्‍याउने आयोजकको विश्वास छ ।

यसैबीच, हालै भोटेकोशी क्षेत्रमा आएको बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि सहयोग जुटाउनसमेत महोत्सवका माध्यमबाट आह्वान गरिएको थियो । महोत्सव नेपाली दूतावास, वासिङ्टन डीसी, गैरआवासीय नेपाली संघ (एनआरएनए) अमेरिका तथा नेपाल पर्यटन बोर्डलगायतका संस्थासँगको सहकार्यमा आयोजना गरिएको आयोजकले जनाएको छ ।


# बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बेलडाँडी, कञ्चनपुर**
**सुदूरपश्चिमप्रदेश , नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०८३/०६/१४)**

यस कार्यालयबाट मिति २०८३/०४/१४ गते PPMO मा प्रकाशित इ-बिड मार्फत बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोलि प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा सफल भएका तपसिलका बोलपत्रदाताहरुको बोलपत्रको आर्थिक प्रस्ताव २०८३/०६/२० गतेको बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले, सार्वजनिक खरिद नियमावलिको नियम ३१ ९ङ० को उपनियम ९५० र ९६० को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| S.N | Contract ID | Description of Works | Technical Proposal Successful Bidder |
|---|---|---|---|
| 1 | BRM/ 2083/84/ Works/ NCB-01 | Black top road construction work of Beldandi ring road from Beldandi ward two Gaudi to ward 5,4,3 and 1 connecting Beldandi gaupalika office,Beldandi Rural municipality, Kanchanpur. | 1. Mohan Construction & Concern/Riddhi Siddhi Traders & Suppliers,Dhangadhi kailali.<br>2. Bhauneli Nirman Sewa, Bedkot municipality ward no.08 Kanchanpur.<br>3. Nepal Aadarsh/Api/ascent J.V., Beldandi RM ward no.2 Kanchanpur<br>4. New Joshi Construction,Bheemdatt municipality ward no.02 Kanchanpur.<br>5. Swami Kedarnath Nirman Sewa Pvt.Ltd.,Bheemdatta 04 Kanchanpur.<br>6. S.A.N.-Kanchanpur J.V.,Dhangadhi Kailali. |

**प्रमुख प्रशासकिय अधिकृत**



# आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१४)**

बेनीघाट रोराङ गाउँपालिका, वडा न २ तल्ती, धादिङ जिल्ला स्थित निर्माण हुन गईरहको सीमेन्ट उद्योगको लागि निम्न संख्यामा प्राबिधिक तथा दक्ष कामदारको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उल्लेखित ठेगानामा आवदेन दिनुहुने अनुरोध छ ।

| क्र.स | पद | संख्या | योग्यता | अनुभव |
|---|---|---|---|---|
| 1 | IT and Automation Engineer | 1 | BE | १) कम्तीमा सम्बन्धित काममा ६ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 2 | Mechanical Maintenance Engineer | 1 | BE | १) कम्तीमा सम्बन्धित काममा ६ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 3 | GM Assistant (Production Technology) | 1 | Bachelor Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 4 | Assistant Technology & Production Department | 1 | Diploma | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 5 | Electrical Technician | 2 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 6 | Process Engineer | 1 | BE | १) कम्तीमा सम्बन्धित काममा ६ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 7 | Head of Central Control Room | 1 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 8 | Mechanical Technician | 1 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ४ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 9 | Quality Dispatcher | 1 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 10 | Lathe & Bench Worker | 1 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 11 | Head of Sales Department | 1 | Bachelor Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 12 | Kiln Operator | 2 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 13 | Shift Leader | 2 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 14 | Raw Mill Operator | 1 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ६ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 15 | Head of Raw Material Workshop | 1 | Bachelor Degree | १) कम्तीमा सम्बन्धित काममा ६ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 16 | Mechanical Maintenance Management | 1 | Bachelor Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 17 | Mechanician | 3 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 18 | Safety Management & Field Work | 1 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 19 | Electrician | 1 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ७ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 20 | Kiln Inspector | 2 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ८ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 21 | Kiln Operator (CCR) | 2 | College Degree | १) कम्तीमा सम्बन्धित काममा ७ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 22 | Director of the Laboratory | 1 | Intermediate Level | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 23 | Quality Controller | 1 | Intermediate Level | १) कम्तीमा सम्बन्धित काममा ६ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 24 | Chef | 1 | Normal Education | १) कम्तीमा सम्बन्धित काममा ५ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 25 | Electrical Director | 1 | Intermediate Level | १) कम्तीमा सम्बन्धित काममा ६ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |
| 26 | Administrative Officer | 1 | Bachelor Degree | १) कम्तीमा सम्बन्धित काममा ४ बर्षको अनुभाव भऐको ।<br>२) चिनिया तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको । |

Note : Knowledge of Chinese Language is highly preferable.

**काम गर्नुपर्ने क्षेत्र तथा स्थान** : उद्योग निर्माण स्थल
**कार्यरत रहने अवधि** : १ वर्ष
**तलव स्केल** : आपसी सहमतिमा
**संलग्न कागजातहरु** : सम्बन्धित कागजातहरु

**सम्पर्क ठेगाना :**

**Huaxin Cement Narayani Pvt. Ltd.**
**Woda No. 3 Kathmandu, Nepal**
**Woda No. 2, Benighat Rorang Gaupalika, Talati, Dhading**
**Email Address: hncement@gmail.com**

# बडादशैँमा नेपाली चलचित्रको महाभिडन्त

**गीता अधिकारी/हिटा**

काठमाडौं, १३ असोज



हरेक वर्षको बढा दशैं नेपाली चलचित्रका लागि 'प्राइम टाइम' बन्दै गएको छ। लामो बिदा, दर्शकको फुर्सद र दशैंका बेला हलमा बढ्ने चापलाई लक्षित गर्दै निर्माताहरूले आफ्ना चलचित्र प्रदर्शनका लागि यही समय रोज्दै आएका छन्। विगतका वर्षमा दशैंमा प्रदर्शन भएका चलचित्रको व्यापार र प्रदर्शन मिति कब्जा गर्न हुने होडबाजीले पनि यसको पुष्टि गर्छ। यस वर्षको बडादशैंको अवसरमा पनि आधा दर्जन हाराहारी नेपाली चलचित्र प्रदर्शनमा आउने तयारीमा छन्। विशेषगरी फूलपातीको आसपास नेपाली चलचित्रबीचको प्रतिस्पर्धा रोचक बन्ने देखिएको छ। फूलपातीको अवसरमा मात्रै तीन ठूला तथा प्रतीक्षित चलचित्र प्रदर्शनमा आउँदैछन्। संयोगले ती तीनै चलचित्र अघिल्ला सफल फिल्मका सिक्वेल हुन्।

असोज ३० गते विराज भट्ट निर्देशित तथा विराज भट्ट र समीर भट्ट अभिनीत चलचित्र '१२ गाउँ २' र चन्द्र पन्त निर्देशित पल शाह, मलिका महतलगायत अभिनीत 'आबाट आमा २' प्रदर्शनमा आउने तयारीमा छन्। त्यसको भोलिपल्ट अर्थात् असोज ३१ गतेदेखि दीपेन्द्र लामाको निर्देशनमा दीपकराज गिरी र दीपाश्री निरौलाको टिमले निर्माण गरेको 'छ माया छपक्कै-२' प्रदर्शनमा आउनेछ।

तीनै चलचित्रप्रति दर्शकको चासो सुरुदेखि नै देखिँदै आएको छ। '१२ गाउँ- २' र 'आबाट आमा-२' को टिजर सार्वजनिक भइसकेको छ भने 'छ माया छपक्कै-२'ले शीर्ष गीत सार्वजनिक गरिसकेको छ। रिलिज मिति नजिकिँदै जाँदा तीनवटै चलचित्रका निर्माण टिम प्रचारप्रसारमा थप सक्रिय भएका छन्।

बडादशैंको चलचित्र भिडन्त फूलपातीमै सीमित भने छैन। कात्तिक ६ गते अर्थात् दशैंको टीकापछि चर्चित चलचित्र शृंखला 'कबड्डी-५' प्रदर्शनमा आउँदैछ। रामबाबु गुरुङ निर्देशित यस चलचित्रमा दयाहाङ राई, विजय बराल, विपिन कार्कीलगायत कलाकारको अभिनय छ। यसको टिजरसमेत सार्वजनिक भइसकेको छ।

यसअघि दशैंमा प्रदर्शन हुने भनिएको अनमोल केसी र प्रिन्सी खतिवडा अभिनीत चलचित्र 'बाटुलो जून' भनेपछि सरेको छ। भुवन केसी निर्देशित उक्त चलचित्र अब कात्तिक २६ गते, अर्थात् भाइटीकाको भोलिपल्टदेखि प्रदर्शनमा आउने निर्माण पक्षले घोषणा गरेको छ।

दशैंको मुख्य भिडन्तअघि पनि नेपाली चलचित्रको लाइनअप बाक्लो छ। असोज १६ गते 'चमेलीको पोइ' र 'चंगुल' प्रदर्शनमा आउँदैछन्। एभरेष्ट सूर्य बोहराको निर्देशनमा बनेको 'चमेलीको पोइ'मा सुरक्षा पन्त, मुकुन भुसाल, नारायण त्रिपाठी, विल्सनविक्रम राईलगायत कलाकार हुनुहुन्छ। राम गौतम निर्देशित 'चंगुल'मा रवि कार्की, लय संग्रौला, लक्ष्मीनाथ तिमिल्सिना, राम गौतमलगायत कलाकारको अभिनय छ।

त्यसैगरी असोज २३ गते 'टनेल २६' र 'अक्षरा' प्रदर्शनमा आउने तयारीमा छन्। नेपाल, भुटान र भारतको सहकार्यमा बनेको डिजास्टर-हरर चलचित्र 'टनेल २६'लाई डिडी किन्लेले निर्देशन गर्नुभएको हो। चलचित्रमा संगे छेल्ट्रिम, अनुपविक्रम शाही, आना शर्मा, निदुप दोर्जी, डेकी लामो, फुन्टशोक धोन्डेन, रोशनी दादालगायत कलाकार हुनुहुन्छ। विनयराज पौडेल निर्देशित 'अक्षरा' मा सुशील सिटौला, न्यान्सी खड्का, सुशील पोखरेल, पुष्कर राउत, रिस्ता बस्नेतलगायत कलाकारको अभिनय छ।

**यस वर्षको बडादशैँमा स्थापित कलाकार, लोकप्रिय फ्रेन्चाइज र नयाँ चलचित्रको मिश्रण देखिएको छ। अब यी चलचित्रमध्ये दर्शकले कुनलाई कति साथ दिन्छन् र दशैँको बक्स अफिसमा कुन चलचित्रले कस्तो व्यापार गर्छ भन्ने कुरा प्रदर्शनपछि मात्रै स्पष्ट हुनेछ।**

### सिक्वेलको दबदबा

यस वर्षको बडादशैं रिलिजको एउटा उल्लेखनीय पक्ष सफल चलचित्रका सिक्वेलको बाहुल्य हो। '१२ गाउँ-२', 'आबाट आमा २' र 'छ माया छपक्कै २' का साथै 'कबड्डी ५' पनि स्थापित चलचित्र शृंखलाको नयाँ भाग हो। यसले दशैंको बक्स अफिसमा स्थापित नाम, पात्र र ब्राण्डको प्रभाव कति देखिन्छ भन्ने चासोलाई थप बढाएको छ।

निर्माता, कलाकार तथा लेखक दीपकराज गिरीका लागि बडादशैंमा चलचित्र ल्याउनु नयाँ कुरा होइन। 'छक्का पञ्जा' शृंखलाका अधिकांश चलचित्र दशैंको अवसरमा प्रदर्शन भएका थिए। यसपटक भने उहाँले 'छक्का पञ्जा' भन्दा फरक, केही समयअघि प्रदर्शनमा आएको 'छ माया छपक्कै' को दोस्रो भाग दर्शकमाझ ल्याउँदै हुनुहुन्छ। गिरीका अनुसार दुई वर्षपछि दशैंमा चलचित्र लिएर आउन लागेकाले यसपटक थप जिम्मेवारी महसुस भएको छ।

'हामी दुई वर्षपछि आउँदै छौं, त्यसैले जिम्मेवारी पनि छ। दर्शकसँग हाम्रो मनोरञ्जनको एकदमै गहिरो सम्बन्ध छ। दीपक-दीपाको चलचित्र भनेपछि दर्शकले जुन स्वाद पाउनुहुन्छ, त्यसैले हामी निकै उत्साहित भएर लागिरहेका छौं,' उहाँले भन्नुभयो।

बडादशैंसँग दीपक-दीपाको चलचित्रको सम्बन्ध स्थापित भइसकेको उहाँको भनाइ छ। उहाँका अनुसार एक समय काठमाडौंमा दशैंका बेला चलचित्र नचल्ने मान्यता भए पनि त्यसलाई तोड्ने प्रयास आफूहरूले गरेको हो। 'पहिला काठमाडौंमा दशैंको बेला चलचित्र चल्दैन भन्ने मान्यता थियो। त्यो मान्यता हामीले नै तोडेका हौं। हामी प्रायः दशैंमै आउँछौं, जसले दशैंमा दीपक-दीपाको फिल्म आउनु एउटा ट्रेडमार्कजस्तै भइसकेको छ,' गिरीले भन्नुभो।

### 'आफ्नै फिल्मसँग प्रतिस्पर्धा'

'आबाट आमा-२' का निर्देशक चन्द्र पन्त पनि दशैंको रिलिजलाई लिएर उत्साहित हुनुहुन्छ। उहाँको भनाइमा चलचित्रले अरू कुनै फिल्मसँग प्रतिस्पर्धा गर्नका लागि प्रदर्शन मिति रोजेको होइन। दशैंलाई नै केन्द्रमा राखेर कथा तयार भएकाले दशैंबाहेक अर्को समय रोज्न कठिन भएको उहाँको तर्क छ। 'सबभन्दा पहिले त कसैको चलचित्रहरूसँग जुध्न आएको होइन। हाम्रो कम्पिटिसन भनेको हाम्रै पहिलो पार्टसँग हो। योभन्दा पहिले आमाले कस्तो बिजनेस गरेको थियो, त्योभन्दा बढी गर्नुपर्छ भन्ने हाम्रै कम्पिटिसन हो,' पन्तले भन्नुभयो। चलचित्रको कथा नै दशैंमा आधारित रहेकाले पनि यही समयमा प्रदर्शन गर्नुपरेको उहाँले बताउनुभयो।



'पहिला काठमाडौंमा दशैंको बेला चलचित्र चल्दैन भन्ने मान्यता थियो। त्यो मान्यता हामीले नै तोडेका हौं। हामी प्रायः दशैंमै आउँछौं, जसले दशैंमा दीपक-दीपाको फिल्म आउनु एउटा ट्रेडमार्कजस्तै भइसकेको छ।'



'दशैंमा बिदा धेरै छ, दशैं सबैको भएकाले सबैजना आउन पाउनुपर्छ। जुनसुकै आए पनि नेपाली चलचित्र नै आउने हो, हाम्रै चलचित्र आउने हो। त्यसैले प्रतिस्पर्धाभन्दा पनि दशैंलाई एउटा उत्सव बनाएर जाँदा राम्रो हुन्छ।'

दशैंमा धेरै चलचित्र प्रदर्शन हुँदा एकअर्कासँग जुधेको आरोप लाग्ने गरे पनि पन्तले यसलाई नेपाली चलचित्रको उत्सवका रूपमा लिनुपर्ने धारणा राख्नुभयो। 'दशैंमा बिदा धेरै छ, दशैं सबैको भएकाले सबैजना आउन पाउनुपर्छ। जुनसुकै आए पनि नेपाली चलचित्र नै आउने हो, हाम्रै चलचित्र आउने हो। त्यसैले प्रतिस्पर्धाभन्दा पनि दशैंलाई एउटा उत्सव बनाएर जाँदा राम्रो हुन्छ,' उहाँले भन्नुभयो।

### व्यापारमा कस्तो असर ?

चाडपर्वमा दर्शकको चाप बढ्ने भएकाले धेरै चलचित्रले एकै समयमा प्रदर्शनको अवसर पाउँछन्। तर, एउटै अवधिमा धेरै चलचित्र प्रदर्शन हुँदा दर्शक संख्या र शो बाँडिन सक्ने भएकाले सबै चलचित्रको व्यापारमा यसको प्रत्यक्ष प्रभाव पर्नसक्छ। विशेषगरी फूलपातीदेखि दशैंको बिदासम्म छोटो अन्तरालमा ठूला चलचित्र प्रदर्शनमा आउँदा हल सञ्चालकले शो व्यवस्थापन गर्नुपर्ने हुन्छ भने दर्शकले पनि आफ्नो रुचिअनुसार चलचित्र छनोट गर्नुपर्ने अवस्था आउँछ।

यद्यपि, धेरै चलचित्र प्रदर्शन हुनु नेपाली चलचित्र उद्योगका लागि अवसर पनि हो। फरक स्वाद र विधाका चलचित्र दर्शकमाझ पुग्ने भएकाले दशैंको लामो बिदाले समग्र नेपाली फिल्मको व्यापारलाई चलायमान बनाउनसक्ने अपेक्षा गरिएको छ।

यस वर्षको दशैंमा स्थापित कलाकार, लोकप्रिय फ्रेन्चाइज र नयाँ चलचित्रको मिश्रण देखिएको छ। अब यी चलचित्रमध्ये दर्शकले कुनलाई कति साथ दिन्छन् र दशैंको बक्स अफिसमा कुन चलचित्रले कस्तो व्यापार गर्छ भन्ने कुरा प्रदर्शनपछि मात्रै स्पष्ट हुनेछ।

# माघ १५ मा 'जिरो डिग्री'




**हिमालय टाइम्स**

काठमाडौं, १३ असोज

मेघौली फिल्म्सको ब्यानरमा निर्मित डार्क कमेडी चलचित्र 'जिरो डिग्री' आगामी माघ १५ गतेदेखि प्रदर्शनमा आउने भएको छ। निर्माण पक्षले अभिनेता विजय बरालको नयाँ लुक्स सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो।

सार्वजनिक पोष्टरमा बराललाई 'पुन्य चौलागाईं'को भूमिकामा ढाका टोपी, बाक्लो जुँगा र परम्परागत पहिरनमा घोडामाथि सवार देखाइएको छ। पोस्टरमा देखाइएको व्यंग्यात्मक शैलीले चलचित्रको कमेडी पक्षलाई संकेत गरेको छ।

सजन काफ्ले र आकाश बरालको निर्देशन तथा पटकथा रहेको यस चलचित्रमा विकट गाउँमा आमाबुवाको निधनपछि विदेशमा रहेका सन्तान नफर्किएसम्म शव सुरक्षित राख्न 'डिप फ्रिज' बोकेर गाउँ पुग्दा उत्पन्न हुने परिस्थितिलाई कथाको आधार बनाइएको छ।

'बेहुली फ्रम मेघौली'पछि काफ्ले र बरालको यो दोस्रो सहकार्य हो। कास्कीका धिताल गाउँ, अर्मलाकोट, घार्मी र बगरलगायत स्थानमा छायांकन गरिएको चलचित्रमा विजय बरालसँगै सनिशा भट्टराई, राजन भुसाल, वसुन्धरा भुसाल, रमेश बुढाथोकी, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, सुवर्ण थापालगायतको अभिनय छ। मोती कार्की कार्यकारी निर्माता रहेको यस चलचित्रको छायांकन निशाल पौडेलले गर्नुभएको हो। यसअघि यो चलचित्र तिहारमा प्रदर्शन हुने भनिएको थियो।

# सिक्किममा नेपथ्य कन्सर्ट, सञ्जित खरेल चिफ पेट्रोन




**काठमाडौं/हिटा।** आगामी अक्टोबर ३१ मा सिक्किमको गान्तोकस्थित पाल्जोर स्टेडियममा आयोजना हुने 'नेपथ्य लाइभ इन सिक्किम : लेट्स गेट लाउड-सेलिब्रेट सिक्किम' मा सञ्जित खरेल चिफ पेट्रोनका रूपमा रहने हुनुभएको छ। सिक्किममा नेपथ्यले पहिलोपटक प्रस्तुति दिन लागेको हो। कार्यक्रमका लागि पीभीई नेटवर्कका संस्थापक निर्देशक तथा इभेन्ट प्रमुख विकेश कायस्थ र खरेलबीच भएको भेटपछि उहाँलाई चिफ पेट्रोन बनाउने सहमति भएको हो।

भेटमा कन्सर्टसँगै सांस्कृतिक पर्यटन, रचनात्मक अर्थतन्त्र तथा सिक्किमलाई ठूला सांगीतिक र सांस्कृतिक कार्यक्रमको गन्तव्यका रूपमा विकास गर्ने सम्भावनाबारे छलफल भएको आयोजकले जनाएको छ। पीभीई नेटवर्कले गतवर्ष १५ नोभेम्बरमा सिक्किममा 'लेट्स गेट लाउड फिचरिङ सज्जन राज वैध' आयोजना गरेको थियो। उक्त कार्यक्रममा दुई हजारभन्दा बढी दर्शक सहभागी भएको र तीन करोड भारतीय रुपैयाँभन्दा बढीको स्थानीय आर्थिक गतिविधि भएको आयोजकको दाबी छ। आयोजकका अनुसार आगामी नेपथ्य कन्सर्टमा दार्जिलिङ, कालिम्पोङ, खरसाङ, सिलिगुडी, उत्तरपूर्वी भारत, नेपाललगायत क्षेत्रबाट दर्शकको सहभागिता हुने अपेक्षा गरिएको छ।

# रेखाको 'छत्तीसको आँकडा' मंसिर २७ मा

**हिमालय टाइम्स**

काठमाडौं, १३ असोज



अभिनेत्री रेखा थापा र निर्देशक सवीर श्रेष्ठको सहकार्यमा बनेको चलचित्र 'छत्तीसको आँकडा' आगामी मंसिर २७ गतेदेखि प्रदर्शनमा आउने भएको छ।

अभिनेत्री निरुता सिंहको जन्मदिनको अवसरमा रेखाको 'बीआर क्याफे'मा आयोजित कार्यक्रममा चलचित्रको प्रदर्शन मिति घोषणा गरिएको हो।

रेखा फिल्मस् र काइट्स इन्टरटेन्मेन्टको सहकार्यमा निर्मित चलचित्रलाई सवीर श्रेष्ठले निर्देशन गर्नुभएको हो। चलचित्रमा रेखा थापासहित पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का र निरुता सिंहको मुख्य अभिनय छ।

चलचित्रमा रेखा र महेश तथा पूजा र पुष्पको जोडी देखिनेछ।

रेखा र निर्देशक श्रेष्ठले यसअघि 'रामप्यारी', 'तथास्तु', 'काली', 'इशारा' र 'कसले चोर्‍यो मेरो मन'लगायत चलचित्रमा सहकार्य गर्नुभएको थियो। रेखा र पूजा 'उपहार'पछि पुनः एकसाथ देखिन लाग्नुभएको हो। चलचित्रको नेपाल वितरणको जिम्मा आरआर फिल्मस्‌ले लिएको छ।



| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Chamber Maids | 0 | 3 | काममा दक्ष | 650 | १,१३,४६५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Cook A. | 2 | 0 | | 1262 | २,२०,३००।- | | | | | | | |
| ३. | Cook B | 3 | 0 | | 1018 | १,७७,७०५।- | | | | | | | |
| ४. | Domestic Worker | 0 | 1 | | 400 | ६९,८२५।- | | | | | | | |
| ५. | Waiter/Waitress | 2 | 2 | | 700 | १,२२,२००।- | | | | | | | |
| ६. | Welder | 2 | 0 | | 800 | १,३९,६५०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु.६५,०००।- |

**अन्तरवार्ता २०८३ असोज २१ गते (7 Oct., 2026) यस प्रा. लि. कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम इजाजत नं.: ५४३/०६१/०६२

बसुन्धारा-०५, काठमाडौं, फोनः ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१

देबी प्रसाद अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com

" Real Happiness Lies in Making Other Happy"


# 'हाम्रो सानो घर'मा पूर्णिका सिजापति

**काठमाडौं/हिटा।** अभिनेत्री पूर्णिका सिजापति चलचित्र 'हाम्रो सानो घर'मा अनुबन्धित हुनुभएको छ। सुमन गजमेरको लेखन तथा निर्देशनमा बन्न लागेको यस चलचित्रमा पूर्णिका मुख्य कलाकारका रूपमा जोडिनुभएको हो।

मोडलिङबाट अभिनयमा प्रवेश गर्नुभएकी पूर्णिकाले 'फेस अफ टिन २०२१' र 'फेस अफ क्लासिक डायमण्ड २०२४'को उपाधि विजेता हुनुहुन्छ। उहाँले हाल प्रदर्शनरत चलचित्र 'आचार्य'बाट सिनेमा क्षेत्रमा डेब्यु गर्नुभएको हो। रे अफ आर्ट प्रालिको ब्यानरमा निर्माण हुने चलचित्र 'हाम्रो सानो घर'मा जेन-जी पुस्ताको प्रेम, सम्बन्ध, सपना, सामाजिक सोच र जीवनशैलीलाई कथाको आधार बनाइएको निर्माणपक्षले जनाएको छ। प्रेमकथामार्फत जातीय तथा वर्गीय विभेद, बदलिँदो सामाजिक सोच र नयाँ पुस्ताका आकांक्षालाई समेत प्रस्तुत गरिने बताइएको छ।

चलचित्रका अन्य कलाकार तथा प्राविधिक टोली छनोटको काम अन्तिम चरणमा पुगेको छ। मुख्य पुरुष कलाकारको नाम भने केही समयपछि सार्वजनिक गरिने जनाइएको छ। चलचित्रको छायांकन बडादशैंपछि सुरु गर्ने तयारी छ।

'हाम्रो सानो घर' गजमेरको पहिलो फिचर निर्देशकीय चलचित्र हो। उहाँले यसअघि 'रंगी', 'एक्का तीन : च्याप्टर १' र 'शेर्वा' लगायतका चलचित्रमा लेखक तथा 'कठपुतली', 'बाबरी', 'महापुरुष' र 'बलिदान' लगायतमा सहायक निर्देशकका रूपमा काम गरिसक्नुभएको छ। उहाँको लेखन तथा निर्देशनको लघु चलचित्र 'बत्तीको पुतली' विभिन्न अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा प्रदर्शन भइसकेको छ।




**Golanjor Rural Municipality**

**Office of the Rural Municipal Executive**

Gwaltar-3, Sindhuli

Bagamati Province, Nepal

**Invitation for Sealed Quotation**

**First Date of Publication: 14th Ashoj 2083**

1. The **Golanjor Rural Municipality** invites sealed quotations from registered Suppliers for the following goods under **Sealed Quotation (SQ)** procedure:

| Contract ID No. | Description | Estimated Amount NRs. (Excluding Vats) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/GOODS/SQ/01/083/084 | Supply and Delivery of Medicine | 4673348.92 | 1,00,000.00 | 1000 |

2. Eligible Suppliers may obtain further information and inspect the bidding documents at the office within office hours.

**Chief Administrative Officer**

# वर्षाले रोक्यो एसियन गेम्सको क्वाटरफाइनल

## चार टोली खेल्दै नखेली सेमिफाइनलमा

**हिमालय टाइम्स**
काठमाडौं, १३ असोज



२०औँ एसियन गेम्सअन्तर्गत पुरुष क्रिकेटको क्वाटरफाइनलका सबै खेल वर्षाका कारण प्रभावित भएका छन् । क्वाटरफाइनलका चारवटै खेल वर्षाका कारण हुन नसकेपछि आइसिसी वरीयताका आधारमा सिधै क्वाटरफाइनलमा प्रवेश पाएका चार टोली खेल्दै नखेली सेमिफाइनलमा पुगेका छन् । क्वाटरफाइनलका दुवै दिन लगातार वर्षा भएपछि समूह चरण पार गरेर क्वाटरफाइनलमा पुगेका कुनै पनि टोलीले खेल खेल्ने अवसर पाएनन् ।

सोमबार भएको पहिलो क्वाटरफाइनलमा हङकङ र पाकिस्तानबीचको खेल वर्षाका कारण हुन सकेन । निर्धारित समयमा खेल सुरु हुन नसकेपछि आइसिसी वरीयताका आधारमा पाकिस्तान सेमिफाइनलमा पुगेको हो । सोही दिन भारत र अफगानिस्तानबीचको दोस्रो क्वाटरफाइनल पनि वर्षाका कारण रद्द भयो । वरीयताका आधारमा भारतले सेमिफाइनलमा स्थान बनायो ।

मंगलबार नेपाल र श्रीलंकाबीचको क्वाटरफाइनल पनि वर्षाका कारण हुन सकेन । खेल रद्द भएपछि वरीयतामा अगाडि रहेको श्रीलंका सेमिफाइनलमा प्रवेश गरेको छ । नेपालले भने क्वाटरफाइनल खेल्नै नपाई प्रतियोगिताबाट बाहिरिनुपरेको छ । अन्तिम क्वाटरफाइनलमा मलेसिया र बंगलादेशबीच पनि खेल हुन सकेन । वर्षाका कारण खेल रद्द भएपछि बंगलादेश वरीयताका आधारमा सेमिफाइनलमा पुगेको हो ।

यससँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । पहिलो सेमिफाइनलमा पाकिस्तानले बंगलादेशको सामना गर्नेछ भने दोस्रो सेमिफाइनलमा भारत र श्रीलंकाबीच प्रतिस्पर्धा हुनेछ । यसरी एसियन गेम्सको पुरुष क्रिकेटमा क्वाटरफाइनलका चारवटै खेल वर्षाका कारण प्रभावित हुँदा समूह चरणबाट आएका टोलीले नकआउट चरणमा मैदान उत्रने अवसरसमेत पाएनन् ।

**नेपालको यात्रामा वर्षा बाधक, खेल्नै नपाई बाहिरियो**

जापानमा जारी २०औँ एसियन गेम्सअन्तर्गत पुरुष क्रिकेटमा नेपाल र श्रीलंकाबीचको तेस्रो क्वाटरफाइनल खेल वर्षाका कारण रद्द भएको छ । श्रीलंका र नेपालबीच मंगलबार बिहान पौने ६ बजेदेखि हुने तय भएको खेल लगातारको वर्षाले रद्द भएको हो । खेल रद्द भएसँगै वरीयताका आधारमा श्रीलंका सेमिफाइनलमा पुगेको छ । नेपालको यात्रा भने क्वाटरफाइनलबाटै सकिएको छ । टी-ट्वान्टी अन्तर्राष्ट्रिय वरीयतामा श्रीलंका नवौँ तथा नेपाल १४औँ स्थानमा छ । आइसिसीको नियमानुसार खेल रद्द भएमा वरीयता उच्च भएको टोली अगाडि बढ्छ । यसअघि सन् २०१०, २०१४ र २०२२ को एसियन गेम्समा पनि क्वाटरफाइनलबाटै बाहिरिएको नेपाल यसपटक पनि त्यहाँबाट अगाडि बढ्न सकेन । यसअघि हङकङ र पाकिस्तान तथा भारत र अफगानिस्तानबीचको खेल पनि वर्षाले रद्द हुँदा पाकिस्तान र भारत अगाडि बढेका थिए ।

नेपालले समूह चरणमा अफगानिस्तानलाई हराएको थियो भने वर्षाकै कारण जापानसँगको खेल नतिजाविहीन भएको थियो । जापानसँगको खेल नजिताविहीन भए पनि नेपाल समूह विजेताका रूपमा क्वाटरफाइनलमा स्थान बनाएको थियो । जापानसँगको खेलमा नेपालले १५ ओभरमा ४ विकेट गुमाउँदै १४९ रन बनाएको थियो । तर, वर्षाका कारण खेल हुन नसकेपछि दुवै टोलीले एक-एक अंक पाएका थिए । श्रीलंकासँगको खेल रद्द भएको यो पहिलोपटक भने होइन । सन् २०२४ को टी-ट्वान्टी विश्वकप अमेरिका र वेष्ट इण्डिजमा हुँदा एउटै समूहमा रहेका नेपाल र श्रीलंकाबीच अमेरिकाको फ्लोरिडामा हुने तय थियो । तर, वर्षाकै कारण त्यो खेल रद्द भएको थियो ।

पछिल्लो समय टी-२० ढाँचाको क्रिकेटमा नेपालले आइसिसीबाट टेष्ट मान्यताप्राप्त राष्ट्रविरुद्ध पनि उत्कृष्ट प्रदर्शन गर्दै आएको थियो । एसियाडमै पनि नेपालले अफगानिस्तानलाई हराएर आफ्नो क्षमताको परिचय दिइसकेको थियो । एक वर्षअघि त नेपालले बलियो टेष्ट राष्ट्र वेष्ट इण्डिजलाई समेत स्तब्ध पारेको थियो । सन् २०२६ को सेप्टेम्बरमा नेपालले वेष्ट इण्डिजसँग सारजहामा तीन खेलको टी-२० शृंखला खेलेको थियो । उक्त शृंखलाको पहिलो खेलमै नेपालले क्यारेबियन टोलीलाई १९ रनले हराएको थियो । नेपालले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा आइसिसीको कुनै पनि पूर्णकालीन सदस्यलाई हराएको त्यो नै पहिलोपटक थियो । त्यो शृंखला नेपालले २-१ ले जितेको थियो । वेष्ट इण्डिज सन् २०१२ र सन् २०१६ को टी-२० विश्वकप विजेता हो ।

यसैगरी, सन् २०२६ को टी-२० विश्वकपमा पनि नेपाली टोलीले इंग्ल्याण्डजस्तो बलियो टोलीलाई आच्छु-आच्छु पारेको थियो । यसैगरी, बलिया टेष्ट राष्ट्र दक्षिण अफ्रिका र बंगलादेशविरुद्ध पनि नेपाली टोलीले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा गजबको प्रदर्शन गरिसकेको छ । यसैगरी, नेपालले तीनपटकको टी-२० विश्वकप विजेता भारतसँग पनि यो ढाँचाको क्रिकेटमा भिडन्त गरिसकेको छ । यसका अतिरिक्त नेपालले भारतसँग एकदिवसीय अन्तर्राष्ट्रिय पनि खेलेको छ । सन् २०२२ को एसियाली खेलकुदको क्वाटरफाइनलमा नेपाल र भारतबीच खेल भएको थियो ।

### एसोसिएट टोलीलाई सधैं निराशा

एसियन गेम्सको क्रिकेटमा वर्षाका कारण खेल रद्द हुँदा वरीयताका आधारमा विजेता घोषणा गर्ने नियमले एसोसिएट राष्ट्रलाई लगातार मारमा पार्दै आएको छ । जापानमा जारी एसियन गेम्समा पनि यही नियमका कारण नेपालले श्रीलंकाविरुद्ध मैदानमा उत्रने अवसर नै पाएन । एसियन गेम्सको क्रिकेट प्लेइङ कन्डिसनको नियम १६.१०.२(बी) मा नकआउट खेल वर्षाका कारण पूर्ण रूपमा रद्द भएर कुनै नतिजा आउन नसके उच्च वरीयतामा रहेको टोलीलाई विजेता मानिने व्यवस्था छ । यही व्यवस्थाका कारण मैदानमा खेल हुन नसक्दा अघिल्लो चरणको प्रदर्शनभन्दा वरीयता निर्णायक बन्ने गरेको छ ।

यसअघि सन् २०२३ को हाङझाउ एसियन गेम्समा पनि यस्तै अवस्था देखिएको थियो । पुरुष क्रिकेटको फाइनलमा भारत र अफगानिस्तानबीचको खेल वर्षाका कारण पूरा हुन नसकेपछि वरीयताका आधारमा भारतलाई स्वर्ण र अफगानिस्तानलाई रजत प्रदान गरिएको थियो । महिला क्रिकेटमा पनि भारत-मलेसिया तथा पाकिस्तान-इण्डोनेसिया र बंगलादेश-हङकङका क्वाटरफाइनल वर्षाका कारण प्रभावित हुँदा उच्च वरीयताका टोली अघि बढेका थिए ।

एसियन गेम्सको क्रिकेट सञ्चालनमा ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए) को नियम लागू हुन्छ । आइसिसी टी-२० आई वरीयतालाई आधार बनाइएको भए पनि यस्तो व्यवस्था आइसिसीकै सल्लाहमा राखिएको हो भन्ने स्पष्ट आधिकारिक प्रमाण सार्वजनिक रूपमा देखिँदैन । प्रतियोगिताको छोटो खेल तालिका र अतिरिक्त दिनको सीमितताका कारण वर्षाले खेल रद्द हुँदा अर्को चरणको टोली छनोट गर्न पूर्वनिर्धारित मापदण्ड आवश्यक पर्ने आयोजकको संरचना देखिन्छ । तर, यस्तो व्यवस्थाले एसोसिएट राष्ट्रलाई मैदानमा आफ्नो क्षमता प्रदर्शन गर्ने अवसरबाट वञ्चित गराउने प्रश्न उठेको छ । प्रारम्भिक चरणदेखि खेल्दै क्वाटरफाइनलसम्म पुगेका टोलीले वर्षाका कारण खेल नै खेल्न नपाउँदा उच्च वरीयताका टोली भने प्रत्यक्ष लाभान्वित भइरहेका छन् ।

जापानमा पर्याप्त ड्रेनेज तथा मैदान ढाक्ने पूर्वाधारको अभावले पनि वर्षाका कारण खेल प्रभावित हुने जोखिम बढाएको देखिन्छ । त्यसैले एसियन गेम्सको क्रिकेटमा वर्षाका कारण खेल रद्द हुँदा वरीयतालाई आधार बनाउने नियमसँगै मैदान तथा पूर्वाधारको अवस्थाबारे पनि प्रश्न उठेको छ ।

# विश्व मुटु दिवसमा कलाकार र चिकित्सकबीच मैत्रीपूर्ण फुटसल

**हिमालय टाइम्स**
काठमाडौं, १३ असोज



विश्व मुटु दिवसका अवसरमा 'स्वस्थ मुटु, स्वस्थ जीवन' भन्ने सन्देश प्रवाह गर्ने उद्देश्यले नेपाल चलचित्र कलाकार संघ र कार्डियाक सोसाइटी अफ नेपालबीच मैत्रीपूर्ण फुटसल खेल आयोजना गरिएको छ । काठमाडौंको हात्तीगौंडास्थित मैदान फुटसलमा आयोजित कार्यक्रममा कलाकार तथा चिकित्सकहरूबीच मैत्रीपूर्ण खेलसँगै मुटु स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रमसमेत गरिएको थियो ।

कलाकार संघका तर्फबाट टिम कप्तान धिरेन शाक्यसहित आकाश श्रेष्ठ, डि.बी. आले, डम्बर नेपाली, बद्री पंगेनी, पवन गुरुङ, रामशरण जंगम, रविन्द्र खड्का, उत्तम केसी, शिवहरि नेपाल 'बैरागी', दिनेश डिसी, दिनेश कार्की, सुनिल कटुवाल, जीवन थापा, इन्द्रबहादुर लामा 'खम्बे', गोपाल ढकाल 'छन्दे', पूजना प्रधान गुरुङ, चन्द्रकला राई, श्रीदेव भट्टराई, नारायण प्रधान, धर्मेन्द्र आचार्य, नवराज दूरा वैद्यलगायतका सहभागी हुनुभएको थियो ।

त्यस्तै, कार्डियाक सोसाइटी अफ नेपालका तर्फबाट टिम कप्तान डा. रिजु मानन्धरसहित डा. चन्द्रमणि अधिकारी, डा. कुन्साङ शेर्पा, डा. चन्द्रमणि पौडेल, डा. राममणि गजुरेल, डा. अमृत बोगटी, डा. निरल तिमल्सिना, डा. पारस कोइराला, डा. प्रवेश राजथला, डा. आनन्द खनाल, डा. निशेष बस्नेत, डा. रणजित बराल, डा. सफल राजभण्डारी, डा. अञ्जन आचार्य, डा. श्रीधर भट्टराई, डा. सोवित खड्का, डा. शिल्पा अर्याल, डा. अञ्जन विष्ट, डा. रवि शर्मालगायतको सहभागिता थियो ।

कार्यक्रममा मुटुलाई स्वस्थ राख्न नियमित शारीरिक व्यायाम, सक्रिय जीवनशैली तथा स्वस्थ खानपानमा ध्यान दिनुपर्नेमा चिकित्सकहरूले जोड दिएका थिए । डा. चन्द्रमणि अधिकारी र डा. रिजु मानन्धरले मुटु स्वास्थ्यका लागि अपनाउनुपर्ने उपाय तथा नियमित व्यायामको महत्त्वबारे जानकारी गराउनुभएको थियो ।

पूर्व चलचित्र विकास बोर्ड अध्यक्ष दिनेश डिसी, कार्यक्रम संयोजक तथा कलाकार संघका पूर्वअध्यक्ष एवं सल्लाहकार रविन्द्र खड्का र कलाकार धिरेन शाक्यले पनि नियमित खेलकुद तथा व्यायामले मुटुलाई स्वस्थ राख्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । कार्यक्रमको संयोजन कलाकार संघका पूर्वअध्यक्ष तथा सल्लाहकार रविन्द्र खड्काले गर्नुभएको थियो भने सहजीकरण संघका सचिव गोपाल ढकालले गर्नुभएको थियो । कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति नेपाल चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसीले धन्यवाद व्यक्त गर्नुभयो । हात्तीगौंडास्थित मैदान फुटसलले कार्यक्रमका लागि मैदान निःशुल्क उपलब्ध गराएको थियो । विश्व मुटु दिवस प्रत्येक वर्ष सेप्टेम्बर २९ मा मनाइन्छ ।

# सिटी वित्तीय अनियमितता प्रकरणले फुटबल जगत्मा हलचल

**कोपेनहेगन/एजेन्सी ।** इंग्लिस प्रिमियर लिग फुटबलको इतिहासमै सबैभन्दा विवादास्पद र जटिल मानिएको 'म्यानचेस्टर सिटी वित्तीय अनियमितता प्रकरण' नयाँ मोडमा पुगेको छ । क्लबले प्रिमियर लिगका आर्थिक नियमहरू उल्लंघन गरेको अधिकांश अभियोगमा दोषी पाइएको समाचार बाहिरिएसँगै फुटबल जगत्मा हलचल मच्चिएको हो । स्वतन्त्र सुनुवाइ सुरु भएको दुई वर्षभन्दा बढी समयपछि आएको फैसलाले म्यानचेस्टर सिटीमात्र होइन, सिंगो प्रिमियर लिगलाई नै अन्योलतर्फ धकेलेको छ । म्यानचेस्टर सिटीले आफूमाथि लागेका आरोपहरू अस्वीकार गर्दै आएको छ भने प्रिमियर लिगले आधिकारिक रूपमा मौनता साँधेको छ ।

म्यानचेस्टर सिटीका मुख्य कार्यकारी अधिकारी (सिइओ) फेरान सोरियानोले कोपेनहेगनमा भएको युरोपियन फुटबल क्लबहरूको बोर्ड बैठकमा अन्य टोलीका अधिकारीहरूलाई सम्बोधन गर्दै क्लब प्रिमियर लिगका अधिकांश आरोपहरूमा दोषी ठहरिए तापनि कानुनी लडाइँ जारी राख्ने सन्देश दिनुभएको छ । प्रेस एसोसिएसनका अनुसार सोरियानोले सन् २०१८ मा प्रिमियर लिगको अनुसन्धान सुरु भएको स्मरण गराउँदै अन्य क्लबका कार्यकारीहरूलाई यहाँसम्म आइपुग्न आठ वर्ष लागेको र यसमा अझै धेरै समय लाग्ने बताउनुभयो । बैठकमा म्यानचेस्टर युनाइटेडका अन्तर्राष्ट्रिय फुटबल सम्बन्ध प्रमुख जीन-क्लाउड ब्लैंक र रोमाका मालिकका रूपमा उपस्थित एभर्टनका मालिक डैन फ्रिडकिनलगायतको उपस्थिति रहेको थियो । म्यानचेस्टर सिटीमाथि सम्बद्ध कम्पनीहरूबाट प्रायोजन आम्दानी बढाएको र वित्तीय नियमहरू छल्न अन्य अफ द बुक्स भुक्तानीहरू गरेको जस्ता विभिन्न नियम उल्लंघनका आरोपहरू लगाइएका छन् ।

# स्तर सुधारियो, पदक आएन : विश्वस्तरीय प्रतिस्पर्धामा नेपाली आर्चरीलाई अझै चुनौती



**हिमालय टाइम्स**
काठमाडौं, १३ असोज

२०औँ एसियाली खेलकुदमा सहभागिता जनाएको नेपाली आर्चरी टोलीले व्यक्तिगत प्रदर्शनमा सुधार गरे पनि पदकविहीन हुँदै आफ्नो चुनौती समाप्त गरेको छ । टोलीका प्रशिक्षक तथा खेलाडीहरूले आफ्नो प्रदर्शन विगतको तुलनामा सुधारिएको बताए पनि अन्तर्राष्ट्रियस्तरमा बढ्दै गएको प्रतिस्पर्धा, आधुनिक प्रविधिको अभाव र पर्याप्त अन्तर्राष्ट्रिय एक्सपोजर नहुँदा अपेक्षित नतिजा हासिल गर्न नसकेको बताएका छन् ।

नेपाली आर्चरी टोलीका प्रशिक्षक प्रेमप्रसाद पुनले टोलीले आफ्नो औसत स्कोर कायम राख्न सफल भए पनि विश्वस्तरीय तीव्र प्रतिस्पर्धासँग जुध्न अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो । 'हामीले ओलम्पिक वाइल्ड कार्डका लागि आवश्यक स्कोर प्राप्त गरेका छौँ, यो सकारात्मक पक्ष हो । तर, अन्य राष्ट्रका खेलाडीहरू युवा पुस्ता र आधुनिक प्रविधिसँगै धेरै माथि उक्लिसकेका छन्', उहाँले भन्नुभयो, 'हामीले आफ्नो स्तर त सुधारेका छौँ तर विश्वस्तरसँगको खाडल अझै फराकिलो छ ।'

खेलाडी तिलक पुन मगरले व्यक्तिगत स्पर्धामा आफ्नो प्रदर्शनमा सुधार आए पनि अन्तिम नतिजा अपेक्षाअनुसार हुन नसकेको बताउनुभयो । आफ्नो लक्ष्य ओलम्पिक क्वालिफाइङ स्कोर पूरा गर्नु रहेको र त्यसमा सफल भएको उहाँले बताउनुभयो । 'मेरो लक्ष्य ओलम्पिक क्वालिफाइङ स्कोर पुऱ्याउनु थियो, जुन पूरा भयो । तर, अन्य प्रतिस्पर्धीहरूको स्तर यति धेरै माथि पुग्ला भन्ने सोचेको थिइनँ', उहाँले भन्नुभयो, 'विगतमा यही स्कोरले टप ३० मा स्थान बनाउन सकिन्थ्यो तर अहिले स्तर निकै बढेको छ । त्यसैले र्याङ्किङ खस्कियो । कतारका खेलाडीसँगको हारले निकै दुःखी तुल्याएको छ ।'

अर्की खेलाडी ज्ञानु अवालेले प्रतिकूल मौसम र अनुभवको कमी नेपाली टोलीको मुख्य कमजोरी बनेको बताउनुभयो । प्रतियोगिताका क्रममा लगातार वर्षा हुँदा त्यसअनुकूल खेल्ने अभ्यासको कमीले प्रदर्शन प्रभावित भएको उहाँको भनाइ छ । 'नेपालमा पानी पर्दा खेल्ने हाम्रो अभ्यास नै थिएन, जबकि यहाँ सुरुदेखि नै वर्षा भइरह्यो । पानीमा कसरी खेल्ने भन्ने अनुभव नहुँदा स्कोरिङमा समस्या भयो', उहाँले भन्नुभयो ।

अवालेले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्न नेपाली खेलाडीलाई नियमित विदेशी एक्सपोजर र विशेष तालिमको तत्काल आवश्यकता रहेको बताउनुभयो । नेपाली टोलीले यसपटक पदक जित्न नसके पनि खेलाडीहरूले व्यक्तिगत प्रदर्शनमा सुधार गर्दै ओलम्पिक क्वालिफाइङका लागि आवश्यक स्कोर हासिल गर्नु सकारात्मक पक्षका रूपमा लिएका छन् । तर, एसियाली तथा विश्वस्तरीय प्रतिस्पर्धामा अगाडि बढ्न आधुनिक प्रविधि, नियमित अन्तर्राष्ट्रिय सहभागिता, मौसम अनुकूल अभ्यास र विशेष प्रशिक्षणमा लगानी बढाउनुपर्ने देखिएको छ ।

# सद्भावको एसियाली खेलकुद यात्रा रोकियो

**काठमाडौं/हिटा ।** नेपाली एमेच्योर गल्फर सद्भाव आचार्यले जापानमा जारी आइची-नागोया एसियाली खेलकुदमा प्रतिस्पर्धा नगर्ने हुनुभएको छ । स्वास्थ्यमा समस्या देखिएपछि सद्भावले गल्फ प्रतियोगितामा सहभागिता जनाउन नपाउने हुनुभएको हो ।

आइची-नागोया एसियाली खेलकुदअन्तर्गत गल्फका खेलहरू आज (बुधबार) देखि सुरु हुँदैछन् । अमेरिकामा प्रशिक्षण गर्दै आउनुभएका सद्भाव प्रतियोगिताका लागि जापानको नागोया पुगिसक्नुभएको थियो । तर, प्रतियोगिता सुरु हुनुअघि नै उहाँको स्वास्थ्यमा समस्या देखिएपछि चिकित्सकले खेल्न अनुमति नदिएका हुन् । सद्भावलाई अहिले ज्वरो आउनुका साथै ढाडमा समेत समस्या देखिएको नेपाली टोलीका मुख्य प्रशिक्षक दीपक थापामगरले जानकारी दिनुभयो । 'गल्फ बुधबारबाट सुरु हुँदैछ । तर, सद्भावलाई अहिले ज्वरो आएको छ । ढाड पनि सड्किएको जस्तो भएको छ', थापामगरले भन्नुभयो, 'डाक्टरहरूले सद्भावलाई खेल्ने अनुमति दिएनन् ।'

स्वास्थ्यमा सुधार नआएपछि सद्भावलाई प्रतियोगिताबाट अलग गर्ने निर्णय गरिएको हो । एसियाली खेलकुदमा नेपाली टोलीबाट गल्फमा सद्भावबाट अपेक्षा गरिएको थियो । अमेरिकामा प्रशिक्षण गरिरहनुभएका उहाँ प्रतियोगिताका लागि तयारीसहित जापान पुग्नुभएको थियो । तर, प्रतियोगिताको पूर्वसन्ध्यामा स्वास्थ्यमा समस्या देखिएपछि उहाँको एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्ने योजना प्रभावित भएको छ । चिकित्सकको सल्लाहअनुसार अहिले उहाँको स्वास्थ्य अवस्थालाई प्राथमिकतामा राखिएको टोलीले जनाएको छ ।



सद्भाव पछिल्लो समय नेपाली गल्फमा अन्तर्राष्ट्रियस्तरमा आशा गरिएका युवा खेलाडीमध्ये एक हुनुहुन्छ । अमेरिकामा रहेर प्रशिक्षण र प्रतियोगितामा सहभागी हुँदै आउनुभएका उहाँले अन्तर्राष्ट्रिय अनुभवसमेत बटुल्दै आउनुभएको छ ।


भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश

**हार्डकपी मार्फत सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३।०६।१४)**

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व.२०८३।८४ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजना ठेक्का प्रकृयावाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीवाट रीतपूर्वकको (सिलबन्दी दरभाउपत्र) आह्वान गरीएको छ ।

तपसील:

| क्र.सं. | ठे.नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर वाहेक र पी एस समेत) | धरौटी रकम | दरभाउपत्र पेश गर्ने प्रकृया | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | BNRM/CS/SQ/ WORKS/BUILD- 05/2083/084 | वडा न.०७ मा जितिया मन्दिर निर्माण गर्न र जनता मा.वि. स्तरउन्ती भोक्राहा नरसिंह -०७, वडा नम्बर ०७ मा राजाजी थानको घेराबेरा वा अन्य स्तरउनतीको काम गर्ने | रु.१७,२८,९१५।३५ | रु.४४,०००।०० | सिलबन्दी दरभाउपत्र | रु.१०००।०० |
| २ | BNRM/CS/SQ/ WORKS/BUILD- 04/2083/084 | मदरसा दारुल फुरकानको अधुरो भवन मर्मत सम्भार | रु.१७,२९,५०२।३१ | रु.४४,०००।०० | सिलबन्दी दरभाउपत्र | रु.१०००।०० |

शर्तहरु

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिबाट ८औँ दिन १२:०० वजे भित्र hand/courier मार्फत भोक्राहा नरसिंह गाउ पालिकाको कार्यालय चिरौली सुनसरीमा सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । दरभाउपत्र दस्तुर वापतको रकम भोक्राहा नरसिंह गा.पा.को भोक्राहा स्थित लक्ष्मी सनराईज वैंक लि. मा रहेको आन्तरीक राजस्व खाता नं. ०७९०३००००३४ मा जम्मा गरेको भौचर समेत पेश गर्नुपर्नेछ ।

२) सिलबन्दी दरभाउपत्र को साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्वर, मु.अ.कर दर्ता नम्वर, आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाणपत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको लक्ष्मी सनराईज वैंक लि. भोक्राहा सुनसरी स्थित धरौटी खाता नम्वर ०७९०३०००१६८ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त 'क' श्रेणीको वैंकवाट जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको विडवण्ड (दरभाउपत्र जमानत) पेश गर्नु पर्नेछ ।

३) दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार भोक्राहा नरसिंह गाउँकार्यपालिकाको कार्यालय, चिरौली, सुनसरीमा निहित रहनेछ ।

४) थप जानकारी लिन चाहेमा कार्यालय समय भित्र भोक्राहा नरसिंह गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ ।

५) अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## एपेनद्वारा बाढीपीडितका लागि ११ लाख बढी सहयोग



**काठमाडौं ।** एसोसिएसन अफ प्रिस्कुल एजुकेटर्स इन नेपाल(एपेन)ले नेपालभरिका विभिन्न पूर्वप्राथमिक विद्यालयहरूबाट संकलित ११ लाख ११ हजार एक सय ११ रुपैयाँ रसुवा बाढी प्रभावितको सहयोगका लागि योगदान गरेको छ । मंगलबार एपेनले शिक्षामन्त्री सस्मित पोखरेललाई उक्त सहयोग रकम औपचारिक रूपमा हस्तान्तरण गरेको हो । एपेनका अनुसार उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ । उक्त पहलले प्राकृतिक विपत्तिबाट प्रभावित समुदायप्रति एपेनको सामाजिक उत्तरदायित्व, मानवीय भावना तथा ऐक्यबद्धतालाई प्रतिबिम्बित गर्छ । राहत अभियानमा सहयोग गर्ने सम्पूर्ण पूर्वप्राथमिक विद्यालयहरू, शिक्षक-शिक्षिका तथा सहयोगीहरूप्रति एपेनले हार्दिक आभार व्यक्त गरेको छ ।

## हिमालयको काठमाडौं–सांघाई उडान पुनः सुरु

**काठमाडौं ।** हिमालय एयरलाइन्सले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा काठमाडौं र सांघाई पुडोङ अन्तर्राष्ट्रिय विमानस्थल सांघाईबीच सोमबार, सेप्टेम्बर २८, २०२६ देखि नियमित सिधा उडान सेवा पुनः सुरु गरेको छ । हिमालय एयरलाइन्सको उडान नम्बर एच ९ ७८० त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सेप्टेम्बर २८ मा साँझ ७:२१ बजे सांघाईका लागि प्रस्थान गरेको थियो । उक्त उडान सेप्टेम्बर २९ बिहान चिनियाँ समयअनुसार २:३६ बजे सांघाई पुडोङ अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गऱ्यो । त्यसैगरी, उडान नम्बर एच ९ ७८१ सांघाई पुडोङ अन्तर्राष्ट्रिय विमानस्थलबाट काठमाडौंका लागि सेप्टेम्बर २९ मा चिनियाँ समयअनुसार बिहान ४:३६ मा प्रस्थान गरी सोही दिन नेपाली समयअनुसार बिहान ८:१३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो । उडान सेवा पुनः सुरु भएसँगै हिमालय एयरलाइन्स काठमाडौं-सांघाई-काठमाडौं मार्गमा नियमित सिधा उडान सञ्चालन गर्ने एकमात्र वायुसेवा कम्पनी बनेको छ ।

उडानले दुई देशबीचको प्रमुख विश्वव्यापी महानगरमध्ये एक सांघाईबीचको रणनीतिक रूपमा महत्त्वपूर्ण हवाई सम्पर्क पुनःस्थापित भएको हिमालय एयरलाइन्सले जनाएको छ । हिमालय एयरलाइन्सले प्रारम्भिक चरणमा उक्त रुटमा साप्ताहिक दुई उडान सञ्चालन गर्दैछ । काठमाडौं-सांघाईतर्फका उडानहरू हरेक सोमबार र शुक्रबार प्रस्थान गर्नेछन् भने सांघाई-काठमाडौं फर्कने उडानहरू हरेक मंगलबार र शनिबार सञ्चालन हुनेछन् । एयरलाइन्सले यात्रुको माग तथा उडानको यात्रु भारका आधारमा आगामी दिनमा उडान संख्या थप गरिने जनाएको छ । नेपालको मुख्य पर्यटन सिजन सुरुवातसँगै हवाई सेवा पुनः सञ्चालन हुनुले उक्त रुटको रणनीतिक महत्त्व थप बढाउने बताइएको छ । उक्त रुटले चीनबाट नेपाल आउने पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि ल्याउनुका साथै समग्र आतिथ्य तथा पर्यटन क्षेत्रलाई समेत सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## नेसनल लाइफको कर्मचारी सीप अभिवृद्धि कार्यक्रम




**काठमाडौं ।** नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले कर्मचारीको क्षमता, कार्यदक्षता र व्यावसायिक सीप अभिवृद्धि गर्ने उद्देश्यले नेपालगञ्जस्थित होटल सिद्धार्थमा चारदिने 'इम्प्लोई स्किल इन्हान्समेन्ट वर्कसप' सम्पन्न गरेको छ । कम्पनी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन टोली, विभागीय प्रमुख तथा प्रशासनिक कर्मचारी गरी तीन सयभन्दा बढीको सहभागिता थियो । अध्यक्ष सिंहले बदलिँदो परिवेशमा कर्मचारीलाई प्राविधिक रूपमा सक्षम बनाउन आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायत डिजिटल कनेक्टिभिटीसम्बन्धी तालिमलाई प्राथमिकता दिने र कर्मचारीको क्षमता अभिवृद्धिमा कम्पनीले यथाशक्य लगानी गर्ने बताउनुभयो । सो अवसरमा कार्यसम्पादनका आधारमा 'बेस्ट इम्प्लोई अवार्ड-२०८३' छनोट हुने कर्मचारी शिवेश ठाकुर (इटहरी), गीताकुमारी थिङ (बर्दिबास), रुक्मिणीकुमारी शर्मा (काठमाडौं), अनिल श्रेष्ठ (बिरौटा), सुवासमणि पोखरेल (नेपालगञ्ज), प्रमिला मल्ल (नेपालगञ्ज) र विष्णुजंग शाही (जाजरकोट) लाई अध्यक्षले नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले ग्राहक नै व्यवसायको मुख्य स्रोत भएको उल्लेख गर्दै ग्राहकलाई सरल, छिटो र सम्मानजनक सेवा प्रदान गर्नुपर्ने, संस्थाका नीति, नियमको पालना तथा कामप्रतिको जवाफदेहितालाई संस्थागत संस्कारका रूपमा विकास गर्नुपर्ने र 'समस्या जहाँ भए पनि त्यो संस्थाकै समस्या हो' भन्ने भावनाका साथ समाधान खोज्ने जिम्मेवार प्रयासले कम्पनीप्रति ग्राहकको विश्वास अझ बलियो बनाउने बताउनुभएको थियो ।

# भोटेकोशी बाढीबाट भएको भौतिक क्षतिमा २१ अर्बको दाबी

**लेखनाथ पोखरेल**

काठमाडौं, १३ असोज



गत भदौमा भोटेकोशीमा आएको विनाशकारी बाढीबाट भएको भौतिक क्षतिमा निर्जीवन बीमा कम्पनीहरूमा करिब २१ अर्ब रुपैयाँ बराबरको बीमा दाबी परेको छ । नेपाल बीमा प्राधिकरणका अनुसार १८ बीमा कम्पनीमा २० अर्ब ९८ करोड ८७ लाख रुपैयाँको दाबी दुई हजार एक सय ८० जना बीमितले गरेका हुन् । सबैभन्दा बढी दाबी हिमालयन एभरेष्ट इन्स्योरेन्समा छ अर्ब २७ करोड ५१ लाख रुपैयाँको एक सय ५९ वटा बीमा दाबी परेको छ । त्यस्तै सानिमा जिआइसी इन्स्योरेन्समा तीन अर्ब ५० करोड ७९ लाखको दुई सय ४२, शिखर इन्स्योरेन्समा दुई अर्ब ९९ करोड ५४ लाखको चार सय एक, सगरमाथा लुम्बिनीमा एक अर्ब ९३ करोड ६८ लाखको दुई सय सात, सिद्धार्थ प्रिमियरमा एक अर्ब १२ करोड ३१ लाखको दुई सय पाँचवटा दाबी परेको छ ।

त्यसैगरी नेकोमा एक अर्ब एक करोड ३६ लाखको दुई सय ४०, आइजिआई प्रुडेन्सियलमा ८३ करोड ५० लाखको दुई सय २२, युनाइटेड अजोडमा ८२ करोड ६२ लाखको ७५, दि ओरियन्टलमा ८२ करोड ३२ लाखको ११, नेपाल इन्स्योरेन्समा ५६ करोड ११ लाखको एक सय ३१, प्रभु इन्स्योरेन्समा ५० करोड ३२ लाखको एक सय १४, एनएलजीमा ४६ करोड ११ लाख रुपैयाँको एक सय १०, स्टार माइक्रो इन्स्योरेन्समा छ करोड ४७ लाखको २२, ट्रस्ट माइक्रो इन्स्योरेन्समा दुई करोड ७९ लाखको २२, राष्ट्रिय बीमा कम्पनीमा एक करोड ५७ लाखको सात, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्समा ८८ लाखको चार, नेसनल इन्स्योरेन्समा ५३ लाखको दुई र नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीमा ३७ लाख रुपैयाँको छवटा बीमा दाबी परेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार सम्पत्ति बीमातर्फ नौ अर्ब ४१ करोड ५८ लाख, इन्जिनियरिङ तथा ठेक्कातर्फ चार अर्ब ४१ करोड ४५ लाख, मोटर बीमातर्फ तीन अर्ब सात करोड ९३ लाख, परिवहनतर्फ दुई अर्ब ४८ करोड ५१ लाख, अन्य बीमातर्फ एक अर्ब ३६ करोड ८५ लाख र स्वास्थ्य बीमातर्फ २२ करोड ५२ लाख रुपैयाँको दाबी परेको छ । हालसम्म बीमा कम्पनीहरूले ६८ लाख ४८ हजार रुपैयाँ दाबी भुक्तानी गरेका छन् । शिखरले २६ लाख ६२ हजार, आइजिआईले २२ हजार, युनाइटेड अजोडले ३३ लाख १४ हजार र एनएलजीले सात लाख ५० हजार रुपैयाँ दाबी भुक्तानी गरेका हुन् । उल्लेखित तथ्यांक असोज १२ गतेसम्मको हो ।

### बीमा दाबी र भुक्तानीमा सहजीकरण

विनाशकारी बाढीपीडित बीमितहरूले झन्झटरहित छिटो बीमा दाबी भुक्तानी पाउने भएका छन् । रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लामा बीमित सम्पत्ति, सवारीसाधन, जलविद्युत् आयोजना, व्यापारिक मौज्दात तथा मानवीय क्षति बेहोरेका नागरिकलाई लक्षित गर्दै नेपाल बीमा प्राधिकरणले 'रसुवा बाढी दाबी भुक्तानी सम्बन्धी संक्षिप्त कार्यविधि, २०८१' जारी गरी दाबी प्रक्रियामा सहजीकरण गरेको हो । नयाँ कार्यविधिअनुसार सरल प्रकृतिका तथा कुनै प्राविधिक जटिलता नभएका पाँच लाख रुपैयाँसम्मको दाबी फछ्र्योटका लागि बीमा कम्पनीहरूले बाह्य सर्भेयर खटाउनुपर्ने छैन । त्यस्तो दाबी कम्पनीहरूले आफ्नै कर्मचारीमार्फत् तत्काल स्थलगत निरीक्षण गराएर सिधै भुक्तानी गर्न सक्नेछन् । त्यसैगरी, बाढीबाट ठूलो क्षति बेहोरेका बीमितलाई आर्थिक संकट टार्न सर्भेयरको प्रारम्भिक मूल्यांकन वा उपलब्ध प्रमाणका आधारमा अनुमानित दायित्वको ५० प्रतिशतसम्म रकम तत्कालै अग्रिम (पेस्की) दाबी भुक्तानी दिनुपर्नेछ । उक्त व्यवस्था बाढीले बगाएर पूर्णरूपमा क्षति भएका सवारीसाधनको हकमा समेत लागू हुनेछ । सवारीसाधनको हकमा तत्कालै प्रचलित बजार मूल्य वा बीमांक रकमको ५० प्रतिशतसम्म अग्रिम भुक्तानी दिएर बाँकी रकम दर्ता खारेजीको प्रमाणपत्र पेश गरेको सात दिनभित्र भुक्तानी गर्नुपर्नेछ ।

प्राकृतिक विपत्तिका कारण कागजात हराएका वा नष्ट भएका बीमितलाई ध्यानमा राख्दै प्राधिकरणले कागजी प्रक्रियामा अभूतपूर्व लचकता अपनाइएको जनाएको छ । बाढीमा परी बेपत्ता भएका व्यक्तिका हकमा घटनामा मृत्यु भएको पुष्टि हुने आधिकारिक निकायको सिफारिसका आधारमा नजिकका हकवालालाई दाबी रकम उपलब्ध गराइनेछ भने मृतक विदेशी नागरिक भएमा सम्बन्धित देशको दूतावासमार्फत् नेपाली रुपैयाँमै क्षतिपूर्ति भुक्तानी दिइनेछ । पुनर्बीमा कम्पनीहरूले समेत प्रारम्भिक प्रतिवेदनका आधारमा अनुमानित दायित्वको ५० प्रतिशत अग्रिम शोधभर्ना बीमा कम्पनीहरूलाई तत्काल दिनुपर्ने व्यवस्था गरिएको छ । तर, कसैले झुटो दाबी वा नक्कली विवरण पेश गरेको पाइएमा भने कानुनबमोजिम कडा कारबाही गरिने र भुक्तानी भइसकेको रकम क्षतिपूर्ति असुली अधिकारमार्फत् फिर्ता लिइने प्राधिकरणले जनाएको छ ।

## विराट एग्रीले सेयर जारी गर्ने




**काठमाडौं ।** एनआइसी एसिया क्यापिटल लिमिटेड र विराट एग्री लिमिटेडबीच सर्वसाधारणका लागि प्राथमिक सेयर निष्कासनका लागि सम्झौता भएको छ । सम्झौताअनुसार एनआइसी एसिया क्यापिटलले विराट एग्रीलाई भविष्यमा प्रचलित कानुनबमोजिम सर्वसाधारणमा प्राथमिक सेयर निष्कासन गर्न आवश्यक पर्ने संस्थागत परामर्शसहितका सम्पूर्ण सेवा उपलब्ध गराउनेछ । एनआइसी एसिया क्यापिटलले आफ्नो 'विचारदेखि प्राथमिक सेयर निष्कासनसम्म' सेवाअन्तर्गत विभिन्न क्षेत्रका कम्पनीलाई स्थापनाकालदेखि प्राथमिक सेयर निष्कासन चरणसम्म आवश्यक पर्ने सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउँदै आएकोमा सोही सेवाअन्तर्गत इटहरी-१३, सुनसरीमा कारोबार कार्यालय रहेको विराट एग्रीसँग उक्त सम्झौता गरिएको कम्पनीले जनाएको छ ।

नेपालको कृषि तथा जलचर पालन क्षेत्रलाई व्यावसायिक, आधुनिक तथा दिगो ढाँचामा विकास गर्ने उद्देश्यले स्थापना भएको विराट एग्रीले मोरङ र सुनसरी जिल्लामा एक सय हेक्टरभन्दा बढी जलाशय क्षेत्रमा करिब एक सय ५० वटा पोखरीमार्फत् व्यावसायिक एकीकृत कृषि तथा मत्स्यपालन गर्दै आएको छ । त्यस्तै कम्पनीले इटहरी-१३, खनार औद्योगिक क्षेत्रमा दैनिक २५ टन उत्पादन क्षमताको आधुनिक माछाको दाना कारखाना सञ्चालन गर्दै आएको छ । विराट एग्रीले आधुनिक प्रविधिबाट पाङ्गास माछा प्रशोधन गरी फिलेट तथा अन्य मूल्य अभिवृद्धि भएका माछाजन्य उत्पादनको उत्पादन, प्याकेजिङ तथा बजारीकरण गर्ने प्रशोधन कारखाना स्थापना गर्ने योजना अघि बढाएको छ । साथै, हाल सञ्चालनमा रहेको तैरिने माछाको दाना कारखानाका अतिरिक्त माछा तथा पशुपन्छीका लागि आवश्यक पोषणयुक्त दाना उत्पादन गर्न दैनिक १० टन क्षमताको आधुनिक दाना कारखाना स्थापना गर्ने लक्ष्य लिएको छ ।

## ताम्राकार मोबाइल व्यापार संघमा नयाँ नेतृत्व

**काठमाडौं ।** ताम्राकार मोबाइल व्यापार संघको अध्यक्षमा अनिल ढकाल निर्वाचित हुनुभएको छ । यसअघि उहाँ संघको वरिष्ठ उपाध्यक्ष हुनुहुन्थ्यो । १३ सदस्यीय कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा भुवनरत्न तुलाधर र उपाध्यक्षमा निर्जसजंग कार्की, सचिवमा रमण पराजुली, सहसचिव र कोषाध्यक्षमा मोती कोइराला चयन हुनुभएको छ । कार्यसमिति सदस्यमा अली आलम मियाँ, योगेश डाँगी, बलराम कार्की, रञ्जित पूर्वछाने, कल्पना तिवारी, सुनिता कार्की र सुरज शाक्य रहनुभएको भने संघको प्रमुख सल्लाहकारमा संस्थापक अध्यक्ष जगत् साउद हुनुहुन्छ । न्युरोडस्थित ताम्राकार मोबाइल कम्प्लेक्समा रहेका व्यवसायीहरूको संघमा ८५ बढी व्यवसायी आबद्ध छन् ।

## आइप्यानको स्पष्टोक्ति

**हिमालय टाइम्स**

काठमाडौं, १३ असोज




इन्टरनेसनल एजुकेसन प्रोभाइडर्स एसोसिएसन अफ नेपाल (आइप्यान) ले नेपालमा विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएर सञ्चालित शैक्षिक कार्यक्रमबारे सार्वजनिक बहस तथ्य, कानुन र प्रमाणमा आधारित हुनुपर्ने भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । आइप्यानले मंगलबार पत्रकार सम्मेलन गर्दै यस्तो ध्यानाकर्षण गराएको हो । आइप्यान अध्यक्ष लक्ष्मण केसीले शिक्षा मन्त्रालयको अनुमतिमा सञ्चालन भइरहेका कार्यक्रम कुनै पनि बेला कानुनी आधारबिना बन्द हुन सक्ने भन्ने दाबी गलत भएको बताउनुभयो ।

शिक्षा ऐन, २०२८ को दफा १९ अन्तर्गत जारी 'विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३' ले यस्ता कार्यक्रमको सञ्चालन र नियमनको व्यवस्था गरेको उहाँको भनाइ थियो । केसीका अनुसार नेपालमा सात देशका ३५ विदेशी विश्वविद्यालयसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा छन् भने यस्ता कार्यक्रम सञ्चालन गर्न अनुमति पाएका ५८ संस्थामा ३७ हजार दुई सय आठ विद्यार्थी अध्ययनरत छन् । सो क्षेत्रबाट करिब पाँच हजार प्रत्यक्ष र १५ हजार अप्रत्यक्ष रोजगारी सिर्जना भएको तथा करिब २५ अर्ब रुपैयाँ लगानी भएको दाबी गरिएको छ । वार्षिक करिब ५० करोड रुपैयाँ प्रत्यक्ष र एक अर्ब रुपैयाँभन्दा बढी अप्रत्यक्ष राजस्व योगदान हुने तथा १५ देखि २० अर्ब रुपैयाँ बराबरको आर्थिक गतिविधि सिर्जना हुने आइप्यानले जनाएको छ । नेपालमै अन्तर्राष्ट्रिय डिग्री अध्ययन गर्न पाउँदा विद्यार्थी परिवारसँग रहन सक्ने र विदेशको बसोबास तथा दैनिक खर्च जोगिने आइप्यानको भनाइ छ । कतिपय कार्यक्रममा विदेश गएर पढ्दाको कुल खर्चभन्दा नेपालमा अध्ययनको खर्च करिब १५ गुणासम्म कम हुन सक्ने भएकाले वार्षिक करिब ५० देखि ६० अर्ब रुपैयाँको सम्भावित विदेशी मुद्रा बहिर्गमन घटाउन सहयोग गर्ने दाबी गरिएको छ ।

आइआइडिएसको अध्ययनअनुसार सन् २०२२ मा नेपालबाट करिब पाँच सय १५ मिलियन अमेरिकी डलर अर्थात् करिब ६८ अर्ब रुपैयाँ बराबरको आइटी सेवा निर्यात भएको थियो भने सन् २०२५ सम्म करिब एक अर्ब अमेरिकी डलर अर्थात् करिब एक खर्ब ४५ अर्ब रुपैयाँ नजिक पुगेको थियो । आइप्यानका अनुसार वैदेशिक अध्ययनतर्फको आकर्षण उल्लेख रूपमा बढिरहेको छ । आर्थिक वर्ष २०८०/८१ मा एक लाख १२ हजार पाँच सय ९३ र २०८१/८२ मा एक लाख २३ हजार पाँच सय ८९ जनाले अध्ययन अनुमतिपत्र लिएका छन् ।

उल्लेखित वर्षहरूमा शिक्षा प्रयोजनका लागि क्रमशः एक खर्ब २४ अर्ब ९५ करोड र एक खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ बाहिरिएको थियो । युवा विद्यार्थी विदेश पलायन रोक्न स्वदेशमै गुणस्तरीय, प्रतिस्पर्धी र अन्तर्राष्ट्रियस्तरको उच्च शिक्षा उपलब्ध गराउँदै युवाका लागि रोजगारी र उद्यमको वातावरण पनि बलियो बनाउनुपर्नेमा पनि आइप्यानले जोड दिएको छ । सम्बन्धन दिने विश्वविद्यालयले पाठ्यक्रम र शैक्षिक मापदण्ड निर्धारण गर्नुका साथै साझेदार कलेजको अनुगमन गर्ने पनि आइप्यानले जनाएको छ । नयाँ नियमावलीले सम्बन्धन प्राप्त संस्थालाई तीन वर्षभित्र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) प्रक्रिया सुरु गर्नुपर्ने व्यवस्था गरेको छ । विदेशी विश्वविद्यालयलाई बुझाउनुपर्ने शुल्क मन्त्रालयको स्वीकृति र सिफारिसका आधारमा बैंकिङ प्रणालीमार्फत् भुक्तानी हुने र त्यसको विवरण मन्त्रालयमा पेश गरिने भएकाले कुनै संस्थाले अनियमितता गरेको प्रमाण भए नियामक निकायबाट छानबिन गराउन सकिने आइप्यानको भनाइ छ ।

## एआइआइबीको उपाध्यक्षमा नेपाल चयन

**काठमाडौं ।** नेपाल एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी)को उपाध्यक्षमा चयन भएको छ । कतारको राजधानी दोहामा भएको बैंकको गभर्नर परिषद्को ११ औँ वार्षिक बैठकका अवसरमा नेपाललाई आगामी वर्षका लागि गैरक्षेत्रीय सदस्य मुलुकतर्फको उपाध्यक्ष पदमा चयन गरिएको हो । एआइआइबीको संगठनात्मक संरचनाअनुसार एक जना अध्यक्ष तथा क्षेत्रीय र गैरक्षेत्रीय सदस्य मुलुकबाट एक/एक जना उपाध्यक्ष रहने प्रावधान छ । यसपटक गैरक्षेत्रीय सदस्य समूहबाट नेपालसँगै आयरल्याण्ड पनि उपाध्यक्षका रूपमा चयन भएको छ । वार्षिक बैठकका अवसरमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उक्त जिम्मेवारी औपचारिक रूपमा ग्रहण गरेको उहाँको सचिवालयले जनाएको छ । बैठकको दोस्रो दिन आयोजित गभर्नर्स बिजनेस राउण्ड टेबललाई अर्थमन्त्री डा. वाग्लेले सम्बोधन गर्दै सडक, विद्युत्, सञ्चार तथा सूचना प्रविधिजस्ता उत्पादनका प्रमुख साधनमा लगानी विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । नेपालजस्ता विकासशील मुलुकको आवश्यकतासँग मेल खाने गरी बैंकको लगानीलाई अधिकतम सहुलियतपूर्ण बनाउनुपर्ने उहाँको भनाइ थियो ।




## दराजको १०.१० दशैं धमाका

**काठमाडौं ।** अनलाइन सपिङ गन्तव्य दराज नेपालले बडादशैंका अवसरमा बहुप्रतीक्षित '१०.१० दशैं धमाकाः बडादशैं, धमाकेदार डिल्स' सार्वजनिक गरेको छ । अक्टोबर १ को राती ८ बजेदेखि अक्टोबर १२ सम्म सञ्चालन हुने मेलामा विभिन्न श्रेणीका उत्पादनमा ६५ लाख रुपैयाँसम्मका भाउचर, निःशुल्क डेलिभरी र ७५ प्रतिशतसम्मको भारी छुट उपलब्ध हुने बताइएको छ । दशैंको तयारी र किनमेल थप लाभदायी बनाउन दराजले अग्रणी ब्राण्डहरूसँग सहकार्य गर्दै विभिन्न छुट योजना अघि सारेको छ । दराजका प्ल्याटिनम पार्टनर ब्राण्डबाट ६७ प्रतिशत, गोल्ड पार्टनरबाट ७० प्रतिशत र सिल्भर पार्टनरबाट ६५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सकिने बताइएको छ । त्यसबाहेक असोज १५ देखि २६ सम्म सीमित समयका लागि ब्राण्ड रस आवर, क्रेजी प्राइस ड्रप तथा विभिन्न बारअनुसारका विशेष श्रेणीगत अफर समावेश गरिएका छन् । उपभोक्ताले छनोट गरिएका बिक्रेताबाट तीन हजार रुपैयाँसम्मका दशैं दक्षिणा भाउचरसमेत प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।




नगदरहित कारोबार प्रोत्साहन गर्न दराजले पाँचवटा अग्रणी बैंकहरूसँग सहकार्य गरी विशेष प्रि-पेमेन्ट अफर ल्याएको छ । हिमालयन बैंक, नबिल बैंक, लक्ष्मी सनराइज बैंक, ज्योति विकास बैंक र महालक्ष्मी बैंकका क्रेडिट कार्ड प्रयोगकर्ताले १५ प्रतिशत अर्थात् १५ सय रुपैयाँ र डेबिट कार्ड प्रयोगकर्ताले १० प्रतिशत अर्थात् एक हजार रुपैयाँसम्म छुट पाउनेछन् । इसेवा र खल्ती प्रयोगकर्ताका लागि पनि एक हजार रुपैयाँसम्मको छुट रहेको छ । किनमेलसँगै दराजले आकर्षक उपहारसमेत व्यवस्था गरेको छ । न्यूनतम दुई हजार रुपैयाँको खरिद गर्नेमध्ये एक भाग्यशाली ग्राहकले सुजुकी एक्सेस एफआई १२५ सिसी विशेष एडिसन स्कुटर जित्न सक्नेछन् । साथै थाइल्याण्ड भ्रमण, ३१ हजार रुपैयाँको कम्बो गिफ्ट सेट, ६५ हजार रुपैयाँको एक्सप्रेस स्टाइलर, एक लाख पाँच हजार रुपैयाँको वासिङ मेसिन र दैनिक गिभअवेमार्फत् विभिन्न ब्राण्डका उत्पादनहरू जित्ने अवसर पाउने बताइएको छ ।

## आज विश्व स्कुल दूध दिवस

**काठमाडौं ।** बलियो हड्डी, बलियो शरीर, खेलकुद र विकासका लागि दूध अमूल्य आधार भन्ने नाराका साथ यस वर्ष पनि विभिन्न कार्यक्रम गरी विश्व स्कुल दूध दिवस २०८३ मनाइने भएको छ । नेपाल डेरी एसोसिएसन केन्द्रीय समिति तथा नेपाल डेरी एसोसिएसन बागमती प्रदेशको संयुक्त आयोजना एवं नेपाल कृषि तथा पशुपन्छी व्यवसायी संघ र अप्टिमिस्ट क्लब डेरी इन्टरप्रेनर्सको सहकार्यमा ललितपुर महानगरपालिका-११ स्थित कुम्भेश्वर आधारभूत विद्यालयमा सचेतनामूलक कार्यक्रम हुने बताइएको छ । हरेक वर्ष सेप्टेम्बर महिनाको अन्तिम बुधबार मनाइने विश्व स्कुल दूध दिवस यस वर्ष सेप्टेम्बर ३०, २०२६ अर्थात् २०८३ असोज १४ गते बुधबार मनाइँदैछ । जसको सुरुवात सन् २००० मा भएको हो । विद्यालयमा दूधको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्ने तथा विद्यालय दूध कार्यक्रम प्रवर्द्धन गर्ने उद्देश्यले दिवस विभिन्न देशमा विभिन्न कार्यक्रमसहित मनाइँदै आएको छ ।

बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि सन्तुलित आहार र पर्याप्त पोषण आवश्यक हुन्छ । दूध तथा दुग्धजन्य पदार्थ प्रोटिन, क्याल्सियम, भिटामिन बी-१२ लगायतका पोषक तत्त्वका स्रोत भएकाले सन्तुलित आहारको महत्त्वपूर्ण हिस्सा बन्न सक्छन् । त्यसैले विद्यालय तहदेखि नै दूध तथा दुग्धजन्य पदार्थको पौष्टिक महत्त्व, स्वच्छ तथा सुरक्षित दूधको सेवन र स्वस्थ खानपानका सम्बन्धमा बालबालिका तथा अभिभावकमा सचेतना अभिवृद्धि गर्नु आवश्यक रहेको नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रह्लाद दाहाल बताउनुहुन्छ । उहाँका अनुसार विश्व स्कुल दूध दिवस केवल विद्यार्थीलाई दूध सेवन गराउने कार्यक्रममात्र नभई पोषण शिक्षा, स्वस्थ खानपानको बानी र विद्यालय तथा समुदायमा पोषणसम्बन्धी चेतना अभिवृद्धि गर्ने अवसर पनि हो । विश्वका विभिन्न देशमा सो अवसरमा विद्यालयमा दूध वितरण, पोषण शिक्षा, वक्तृत्व तथा चित्रकला प्रतियोगिता, किसान तथा विद्यार्थीबीच अन्तरक्रिया र डेरी उद्योग अवलोकनजस्ता कार्यक्रम आयोजना हुँदै आएका छन् ।

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल
CMYK